# निर्यात प्रवर्द्धन आयात प्रतिस्थापन र अन्तरप्रदेश व्यापार सम्भावना भएका वस्तु तथा सेवाहरुको

# प्रोफाइल

## सुदूरपश्चिम प्रदेश



२०७६

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र

पुल्चोक, ललितपुर

# कार्यकारी साराँश

सुदुर पश्चिम प्रदेश हिमाल पहाड तराई तीनवटै भूगोलयुक्त विविधतायुक्त प्रदेशका रुपमा रहेको छ । यो प्रदेश कृषि, वन, खनिजश्रोत, जलश्रोत र प्राकृतिक सुन्दरताको भण्डारका रुपमा रहेको छ । यसै गरी यो प्रदेशमा ऐतिहासिक, सास्कृतिक, धार्मिक र पुरातात्विक महत्वका स्थलहरु रहेका छन् जहाँ विश्व भरका सम्वन्धित धर्मावलम्वीहरुका लागि सदैव आस्थाका केन्द्र रहि आएको छन् । भारतकै प्रमुख आर्थिक करिडोरका रुपमा विकसित हुँदै गरेको केन्द्रका रुपमा रहेको भारतको राजधानी नयाँ दिल्ली लगायत उत्तरप्रदेश, उत्तराखण्ड र हिमाञ्चल प्रदेशको प्रवेशद्वारका रुपमा पनि सुदूरपश्चिम प्रदेश रहिआएको छ । यसै गरी विश्वका हिन्दू र बौद्ध, बोन धर्मावलम्वीहरुको आस्थाका केन्द्रका रुपमा रहेको चीनको मानसरोबर जाने सबैभन्दा छोटो प्रवेशमार्ग पनि सुदूरपश्चिम प्रदेश रहेको छ । बझाङ हुँदै मानसरोबर जाने बाटो भारतीय र नेपाली तीर्थयात्रीहरुका लागि सबैभन्दा सुगम र छोटो बाटोको रुपमा रहेको छ । हालकै केही वर्ष यता सुदूरपश्चिम प्रदेश औद्योगिकीकरणको दिशामा पनि अग्रसर भई रहेको छ । यही पृष्ठभूमिमा प्रदेशमा आयात प्रतिस्थापन, निर्यात सम्भाव्य र अन्तरप्रदेश व्यापार सम्भावना भएका केही प्रतिनिधिमुलुक वस्तुहरुको प्रोफाइल तयारः गरिएको छ ।

यस प्रतिवेदनमा ***धान चामल, गहुँ, मकै, उखु, आलु, जैविक तरकारीः जैतुनको तेल, जडीबुटी, टर्पेन्टाइन तेल, रोजिन एण्ड रेजिन एसिड, ऊन, फलफुल, दुग्धजन्य पदार्थ, जलविद्युत, भौगोलिक संकेतका आधारमा निर्यात गर्न सकिने वस्तु तथा सेवाहरु (*** *बिजयसालका भाँडाकुँडाहरु,* ***राउटेका काठका उत्पादनहरु, अछामी नौमुड्के गाईको दुग्ध परिकार,जोरायलको बासमती, ढकिया, मह, हिलस्टेशन पर्यटन, दृष्यावलोकन पर्यटन, धार्मिक पर्यटन नेत्र चिकित्सा***को प्रोफाइल तयार गरिएको छ ।

यसका अतिरिक्त स्थानीय व्यवसायी, वुद्धिजीवीहरु, नेपालको आयात निर्यात व्यापार, दस्तावेजहरुको अध्ययन, प्रदेश सरकारसँग सम्पन्न अन्तरक्रिया र छलफल, विभिन्न सरकारी निकायहरुबाट प्रकाशित दस्तावेज तथ्याँकको अध्ययन र विश्लेषण पश्चत् यस प्रदेशमा देहायका वस्त तथा सेवाहरुको आयात प्रतिस्थापन, निर्यात संभावना तथा अन्तरप्रदेश व्यापारको सम्भावना देखिएको छ ।

## सुदूरपश्चिम प्रदेशस्तरबाट आयातप्रतिस्थापन गर्न सकिने वस्तु तथा सेवाहरु

| वर्गीकरण | **विवरण** |
|---|---|
| | वस्तु |
| जीवित जीवजन्तु र तिनका उत्पादन | बाखा, माछा, मासु, दुग्धजन्य पदार्थ, अण्डा, मह |
| वनस्पति उत्पादन | (१) पुष्पजन्यः फुलहरु तथा विरुवाहरु,<br>(२)तरकारीजन्यः ताजा हरियो तरकारी, आलु, प्याज, केराऊको कोसा, तरकारीको विऊ,काक्रा, कटहर,<br>३) दलहनः केराऊ, मुँग, मास, मसुरो, बोडी, सिमी ), पानको पात, खुर्सानी<br>(४) फलफुलः केरा, आँप, सुन्तला, अनार, अँगुर, तरबुजा, मेवा, भुईकटहर<br>(५) मसलाजन्यः कफी, दालचिनी, धनिया, मेथी, तयारी मसला, ज्वानो, बेसार, तिल<br>(६) खाद्यान्नः गहुँ, मकै, मसिनो र बासमति चामल, कोदो, जौ, मैदा<br>(७) तेलहनः तोरी, रायो, सर्स्यु, सूर्यमुखी, तिल, ममफली(बदाम), भटमास र खानेतेल |

| | |
|---|---|
| तयारी खाद्य पदार्थ | (१) मिष्ठान्नजन्य: चिनी, चकलेट, मिठाई, चुइगम, पेठा<br>(२) तयारी खाद्य परिकारः चाऊचाऊ, चिप्स, विस्कुट, केक, पाउरोटी, जुस, अचार, कुरमुरे, पापड, भुजिया, दालमोठ<br>(३) अन्यः स्पिरिट, मदिरा, पशु आहार, सूर्ती तथा चूरोट |
| खनिज उत्पादन | सिमेन्ट क्लिन्कर, सिमेन्ट, पेट्रालियम पदार्थ ( जलविद्युतको प्रयोगबाट विस्थापित हुने) |
| उर्जा | जलविद्युत, वायुउर्जा ( पेट्रालियम पदार्थ ( जलविद्युतको प्रयोगबाट विस्थापित हुने) |
| रँगरोगन | मसी र सबैप्रकार पेन्टहरु, सिंदूर |
| श्रृंगार र सरसफाईका सामानहरु | लिपिष्टिक, क्रिम, पाउडर नेल पोलिस, अत्तर, सेम्फू, साबुन, कपालको तेल, दन्तमञ्जन,कपडा धुने पाउडर |
| प्लाष्टिकजन्य | प्लाष्टिकका भाडाकुँडा, ब्रस, बोतल, क्रेट, पाइप र फर्निचर |
| छालाजन्य | छालाका जुत्ता, चप्पल, पेटी, पर्स, सुटकेश र झोला |
| काठजन्य | काठ, फर्निचर, प्लाइऊ, कागज, खाम, प्याकिङका सामानहरु |
| रेशाजन्य | ऊन, भुईमा ओछ्याउने साधन, तयारी पोशाक, बोरा, छाता,पञ्जा |
| पत्थरादि वस्तुहरु | (१) सेरामिक्सका उत्पादहरुः बेसिन, कमोड, कप प्लेट<br>(२) सौभाग्यका सामानहरुः टीका, चुरा पोते, बहुमुल्य पथ्थर |
| अन्य घरायशी उत्पादनहरु | ताल्चा, साँचो, सलाई, लाइटर, धातुका फर्निचर, खेलौना, पेन्सिल, कटर, रबर, कलम, डड्पेन, रबर, इरेजर, ज्यामिती बक्स र सोका सामानहरु, टेप, फित्ता काइँयो, ब्रस, सेनिटरी न्याप्किन र प्याड, दाँत कोट्याउने सिन्का, बेतबाँस, निगालाका फर्निचरहरु |
| सेवा | (१) स्वास्थ्य<br>(२) शिक्षा<br>(३) पर्यटन |

## सुदूरपश्चिम प्रदेशबाट निर्यात गर्न सकिने सम्भाव्य वस्तु तथा सेवाहरु

| वर्गीकरण | **विवरण** |
|---|---|
| | वस्तु |
| जीवित जीवजन्तु र तिनका उत्पादन | (१) दुग्धजन्यः भैसींको दूध, घ्यु, चीज र मह |
| वनस्पति उत्पादन | (१) पुष्पजन्यः फुल<br>(२) तरकारीजन्यः पहाडी र हिमाली क्षेत्रका अर्गानिक तरकारीहरु, लौका, परवल, भिण्डी, बन्दा, काउली, कुरिलो, कुपिण्डो,<br>(३) दलहनः पहाडी र हिमाली भेगमा उत्पादन हुने रैथाने जातका दाल र मसुरो<br>(४) फलफुलजन्यः ओखर, केरा, स्याऊ, सुन्तला, कागती, कालो चुक,<br>(५) मसलाजन्यः तेजपत्ता, अदुवा, अलैंची, चिया, कफी, बेसार धनिया, मेथी, टिमुर<br>(६) उच्च लेकाली र हिमाली भागमा उत्पादन गरिएका रैथाने चामल, फापर, जौं, आदि<br>(७) तरकारीको विऊ, जडीबुटी र सारतेल, पहाडी अमला, काफल, चुत्रा, घँघारु<br>(८ तोरी र जैतुनको तेल<br>(९) अम्रिसोको कुँचो, रिठा, रुद्राक्ष, बाबियो, भिमलका डोरीहरु |
| तयारी खाद्य तथा पेयपदार्थ | चिप्स, चाऊचाऊ, जुस, पानी, मदिरा, वाइन |
| श्रृंगार र सरसफाईका सामानहरु | आयुर्वेदिक साबनु, सेम्फु, टुथपेष्ट, कपालको तेल, रिठाको पाउडर |
| रसायन | रोजिन र रेजिन एसिड, टर्पेन्टाइनको तेल, कत्था, कच्छ, |

| | |
|---|---|
| छालाजन्य | छालाका पर्स, पेटी, जुत्ता, चप्पल |
| काठजन्य | (१) काठका मुर्तिहरु, बिजयसालका उत्पादन, राउटेले बनाएका काठका सामानहरु<br>(२) नेपाली हातेकागज र सोका उत्पादनहरु |
| रेशाजन्य | अल्लो, भाँग्रो र भिमल, मालु( भोर्ला) का उत्पादनहरु, हिमाली भेगमा ऊनबाट बनेका सामानहरु ( काम्लो, राडी, पाखी,ल्यू, गलबन्दी, टोपी, पञ्जा, ऊनी गलैंचा, तयारी पोशाक |
| अन्य | हस्तकलाका सामानहरु, झ्याऊको अगरबत्ती, ढकीय, बेतका सामानहरु |
| सेवा | |
| स्वास्थ्य | नेत्र चिकित्सा |
| पर्यटन सेवाः | (१ ) आमोदप्रमोद पर्यटनः<br>भारतका पर्यटक लक्षित हिलस्टेशन पर्यटन जलयात्रा, स्की, बञ्जी, माउण्टेन रेस, प्याराग्लाईड, सेमिनार, मनोरञ्जन( क्यासिनो), खेलकुद ( क्रिकेट, भलिबल), जँगल सफारी, पदयात्रा, दृष्यावलोकन, माउण्टेन फ्लाई धनगढी देखि अपि सैपाल हिमाल दृष्यावलोकन), अनुसन्धान पर्यटन, चरा अवलोकन पर्यटन, जीवजन्तु अवलोकन पर्यटन, वनस्पति अध्ययन र अवलोकन, पर्यापर्यटन, कृषि पर्यटन<br>(१) धार्मिक पर्यटनः<br>(क) मानसरोबर यात्रा<br>(ख) भाकल पर्यटन ( देवीका सात बहिनीका धामहरु, केदार) |

## अन्तरप्रदेश व्यापार (अन्य प्रदेशमा आपूर्ति गर्न सकिने) सम्भावना भएको वस्तुहरु तथा सेवाहरु

| वर्गीकरण | विवरण |
|---|---|
| वस्तु | |
| जीवित जीवजन्तु र तिनका उत्पादन | (१) दुग्धजन्यः भैसींको दूध, घ्यु र मह, अछामी नौमड्के गाई र घ्यु |
| वनस्पतिको उत्पादनहरु | (१) तरकारीजन्यः पहाडी र हिमाली क्षेत्रका अर्गानिक तरकारीहरु, लौका, परवल, भिण्डी, बन्दा, काउली, कुरिलो, कुपिण्डो<br>(३) दलहनः पहाडी र हिमाली भेगमा उत्पादन हुने रैथाने जातका दाल र मसुरो<br>(४) फलफुलजन्यः ओखर, केरा, कागती, कालो चुक,<br>(५) उच्च लेकाली र हिमाली भागमा उत्पादन गरिएका रैथाने चामल, मकै, गहूँ, जोरायलको बासमती, , फापर, जौं<br>(७) तरकारीको विऊ, जडीबुटी र सारतेल, पहाडी अमला, काफल, चुत्रा, घँघारु, डोटी र डडेलधुराको रैथाने भटमास<br>(८ तोरी र जैतुनको तेल<br>(९) कुँचो, रिठा, रुद्राक्ष, बाबियो, भिमलका डोरीहरु |
| तयारी खाद्य तथा पेय परिकार | विस्कुट, मदिरा र स्पिरीट, वाइन(चुत्रो, ऐसेलु,) बेलको रस |
| काष्ठजन्य | गोलिया काठ, बिजयसालका सामानहरु, राउटे निर्मित काठका सामानहरु |
| रेशाजन्य | भिमल र मालु( भोर्ला) का उत्पादनहरु डोरीहरु, हिमाली भेगमा ऊनबाट बनेका सामानहरु ( काम्लो, राडी, पाखी,ल्यू, गलबन्दी, टोपी, पञ्जा, ऊनी गलैंचा, तयारी पोशाक |
| हस्तकलाजन्य | ढकीया, सुल्पा ( चिलम), हुक्का, नली, वेतबाँसका फर्निचरहरु |
| | |
| सेवा | |

| | |
|---|---|
| पर्यटन सेवा | (१ ) आमोदप्रमोद पर्यटनः<br>हिलस्टेशन पर्यटन जलयात्रा, स्की, सेमिनार, खेलकुद (क्रिकेट, भलिबल), जँगल सफारी, पदयात्रा, दृष्यावलोकन, माउण्टेन फ्लाईट (धनगढी देखि अपि सैपाल हिमाल दृष्यावलोकन), अनुसन्धान पर्यटन, चरा तथा जीवजन्तु अवलोकन पर्यटन, वनस्पति अध्ययन र अवलोकन, पर्यापर्यटन, कृषि पर्यटन<br>(२) धार्मिक पर्यटन<br>(क) देवी थान<br>(ख) मष्टोबण्डाली<br>(ग) ऐतिहासिक स्थल<br>(घ) पुरातात्विक महत्वका स्थलहरु<br>(ङ) मन्दिर, देवल, धारा, पाटीपौवा, दोभान, त्रिवेणी<br>(च) साँस्कृतिक जात्रा<br>(छ) थरगोत्र उत्पत्तिस्थल |

# विषय सूची


| शीर्षक | पृष्ठसंख्या |
|---|---|
| कार्यकारी साराँश | |
| पृष्ठभूमि | १ |
| प्रदेशको सामान्य परिचयः | २ |
| आर्थिक परिदृष्य | ३ |
| नेपालको वैदेशिक व्यापार | ५ |
| नेपालले विगतमा निर्यात गरिरहेका तर वर्तमानमा आयात गरिरहेको वस्तुहरु | ६ |
| सुदूरपश्चिम प्रदेशस्थित भन्सार कार्यालयहरु माफर्त वैदेशिक व्यापार | ६ |
| अध्ययनको उद्देश्य र अपेक्षित उपलब्धी | १० |
| अध्ययनको विधिः | ११ |
| अध्ययनका सीमाहरु | ११ |
| व्यापारमा दृष्टिबाट सुदूरपश्चिम प्रदेश SWOT विश्लेषण | १२ |
| सुदूरपश्चिम प्रदेशका केही प्रमुख कृषिजन्य वस्तुहरुको उत्पादन स्थिति | १३ |
| प्रमुख उद्योगहरुको विवरण | १७ |
| खनिज र खनिजका उत्पादनहरु | १८ |
| सेवा व्यापार | २१ |
| सुदूरपश्चिम प्रदेशमा उत्पादन हुने, निर्यात सम्भावना भएका, आयात प्रतिस्थापन गर्न सकिने तथा अन्तरप्रदेश व्यापार सम्भावना भएका वस्तुहरुको विश्लेषण | २३ |
| अन्तरप्रदेश व्यापार तथा आयात प्रतिस्थापन गर्न सकिने वस्तुहरु | २३ |
| निर्यात सम्भाव्य वस्तुहरुको विश्लेषण | ३५ |
| भौगोलिक संकेतका आधारमा निर्यात गर्न सकिने वस्तु तथा सेवाहरु | ५० |
| निर्यात प्रवर्द्धन गर्न सकिने सेवाहरु | ५३ |
| अन्तर प्रदेश सेवा व्यापार थरगोत्र कुलदेवता कुलदेवी केन्द्रित पर्यटन | ५८ |
| व्यापार सम्वद्ध सरोकारका विषयहरु | ६१ |
| निष्कर्ष | ६६ |
| सुझाव | ६७ |
| सिफारिस | ६७ |
| अनुसची | ६८ |
| सन्दर्भ सामाग्री | ७३ |

**तालिका, ग्राफ, तस्वीर र नक्शाको सूचि**

तालिका नं.१: नेपालको वैदेशिक व्यापार
तालिका नं. २: नेपालको कुल ग्राहस्थ उत्पादनको क्षेत्रगत विवरण

तालिका नं. ३: नेपालको वैदेशिक व्यापारको दश वर्षको प्रवृत्ति

तालिका नं.४: सुदूरपश्चिम प्रदेशका भन्सार कार्यालयहरु मार्फत भएको प्रमुख वस्तुहरुको निर्यात

तालिका नं ५: सुदूरपश्चिम प्रदेशका भन्सार कार्यालयहरु मार्फत भएको प्रमुख वस्तुहरुको आयात

तालिका नं ६ : सुदूरपश्चिम प्रदेशका भन्सार कार्यालयहरु मार्फत भएको प्रमुख कृषि जन्य वस्तुहरुको आयात

तालिका नं. ७: सुदूरपश्चिम प्रदेश SWOT विश्लेषण

तालिका नं. ८: सुदूरपश्चिम प्रदेशमा अन्न उत्पादनको अवस्था

तालिका नं.९ : सुदूरपश्चिम प्रदेशमा प्रमुख नगदेबालीको उत्पादन
तालिका नं. १०: सुदूरपश्चिम प्रदेशमा प्रमुख तेलहन बालीको उत्पादन
तालिका नं. ११: सुदूरपश्चिम प्रदेशमा प्रमुख मसलाजन्य बालीको उत्पादन

तालिका नं. १२ : सुदूरपश्चिम प्रदेशमा उपलव्ध पशुपक्षीको विवरण

तालिका नं. १३: सुदूरपश्चिम प्रदेशमा गाईभैंसी र दुग्ध उत्पादनको अवस्था

तालिका नं. १४: सुदूरपश्चिम प्रदेशमा उत्पादित मासुको विवरण
तालिका नं. १४((क) : सुदूरपश्चिम प्रदेशमा माछाको उत्पादन
तालिका नं. १५ : सुदूरपश्चिम प्रदेशमा तरकारीको उत्पादन
तालिका नं. १६: कम्पनी रजिष्टारको कार्यालयमा दर्ता भएका सुदूरपश्चिम प्रदेश अवस्थित कम्पनीहरुको वर्गीकरण

तालिका नं. १७ : सुदूरपश्चिम प्रदेशमा उद्योग व्यवसायको क्षेत्रगत स्थिति

तालिका नं १८ : सुदूरपश्चिम प्रदेशमा उपलव्ध खानीहरु

तालिका नं. १९: नेपालमा चामल उत्पादन

तालिका नं. २० : सुदुरपश्चिम प्रदेशमा उत्पादित धान

तालिका नं २१ : विश्वमा धान उत्पादनको केही प्रमुख देशहरुको उत्पादन प्रति हेक्टरको विवरण

तालिका नं . २२ : नेपालको धान चामल आयातको विवरण

तालिका नं २३ : सुदूरपश्चिम प्रदेशमा गहुँको उत्पादन स्थिति

तालिका नं. २४ : सुदुरपश्चिम प्रदेशमा गहुँको उत्पादनको जिल्लागत विवरण

तालिका नं २५ :नेपालको गहुँ आयात

तालिका नं २६ : सुदूर पश्चिम प्रदेशमा मकैको उत्पादन जिल्लागत विवरण

तालिका नं. २७ : सुदूरपश्चिम प्रदेशमा मकैको उत्पादन र उपभोग

तालिका नं. २८ : नेपालको मकै आयातको विवरण

तालिका नं २९ : मकै उत्पादनका प्रमुख मुलुकहरुको मकै उत्पादकत्वको विवरण

तालिका नं ३० :  सुदूर पश्चिम प्रदेशमा उखु उत्पादन

तालिका नं. ३१ : नेपालको चिनी आयात

तालिका नं. ३२ : सुदूरपश्चिम प्रदेशमा आलुको उत्पादन

तालिका नं. ३३ : नेपालको आलु आयातको विवरण

तस्वीर नं. ३४ :सुदुरपश्चिम प्रदेशमा उत्पादन भईरहेको र हुन सक्ने ऊन उत्पादन

तालिका नं ३५ : नेपालको आलु उत्पादनको विवरण

तालिका नं ३६ : भारतको तरकारीको आयात

तालिका नं. ३७: ओलिभ तेलको प्रमुख उत्पादनकर्ताहरु

तालिका नं. ३८ ओलिभ तेलको विश्व व्यापारको स्थितिः
तालिका नं. ३९: ओलिभ तेलको विश्व निर्यात
तालिका नं ४० : सुदूरपश्चिम प्रदेशमा उत्पादन हुने प्रमुख जडिबुटीहरु
तालिका नं. ४१ : २०७४ सालमा सुदूरपश्चिम प्रदेशमा संकलन गर्न सकिने जडीबुटी
तालिका नं. ४२ : नेपालको जडीबुटी निर्यातको देशगत अवस्था
तालिका नं. ४३ : विश्वको जडीबुटी आयातको अवस्था
तालिका नं. ४४ : २०७४ सालमा सुदूरपश्चिम प्रदेशमा संकलिन सकिने  खोटो

तालिका नं. ४५ : टर्पेन्टाइन तेल तथा रोजिन र रेजिन एसिड निर्यात

तालिका नं.४६  :टर्पेन्टाइन तेलको विश्व आयात

तालिका नं. ४७ : शीतकालीन फलफुल उत्पादनको स्थिति

तालिका नं. ४८ : ग्रीष्मकालीन फलफुल उत्पादनको स्थिति

तालिका नं. ४९ : सुदूरपश्चिम प्रदेशमा दुग्धजन्य पदार्थ उत्पादनको स्थिति

तालिका नं ५० : नेपालको दुग्धपदार्थको आयात

तालिका नं ५१: नेपालको दुग्धपदार्थको निर्यात

तालिका नं. ५२ : सुदरपश्चिम प्रदेशमा जलविद्युत उत्पादन हुने पाइपलाइनका आयोजनाहरु

तालिका नं. ५३: सुदूरपश्चिम प्रदेशस्थित भन्सार कार्यालयहरु मार्फत आव २०७४।७५ मा  प्रमुख पेट्रोलियम पदार्थको आयात

तालिका नं. ५४: नेपालको महको वैदेशिक व्यापार

तालिका नं. ५७ : महको विश्व आयात

ग्राफ १: नेपालको कुल ग्राहस्थ उत्पादन

ग्राफ नं.२: सुदूरपश्चिम प्रदेशस्थित भन्सार कार्यालयहरु मार्फत भएको वैदेशिक व्यापार

तस्वीर नं १ : धान

तस्वीर नं. २ गहुँ

तस्वीर नं. ३ मकै

तस्वीर नं ४: आलु

तस्वीर नं. ५ ऊन

तस्वीर नं ६ काउली

तस्वीर नं. ७ जैतुनको बोट

तस्वीर नं.८ जडीबुटी

तस्वीर नं ८ डडेल्धुराको तस्वीर

तस्वीर नं. ९ घोडाचरण क्षेत्र

तस्वीर नं. १० शुक्लाफाँटा राष्टिय निकुञ्ज

नक्शा नं. १ मानसरोवर जाने बाटोको नक्शा

# पृष्ठभूमि

नेपालको संविधान अनुसार मुलुक संघीय संचरनामा प्रवेश गरे सँगै प्रादेशिक सरकारको अवधारणा अुनसार मुलुकमा सातवटा प्रदेशहरुको व्यवस्था गरेको छ । यस व्यवस्था अन्तर्गत प्रदेशभित्रको व्यापार प्रदेशभित्रको राष्ट्रिय वन, जल उपयोग तथा वातावरण व्यवस्थापन, कृषि तथा पशु विकास,कलकारखाना, औद्योगिकीकरण, व्यापार व्यवसाय, यातायात,उद्योग तथा खनिज र भौतिक पूर्वाधार पर्यटन, औद्योगीकरण अन्तरप्रादेशिक रूपमा फैलिएको जंगल, हिमाल, वन संरक्षण क्षेत्र जल उपयोग जस्ता विषयहरु प्रदेश सरकार संलग्न हुने क्रियाकलापका रुपमा संविधानको अनुसूचिमा व्यवस्था गरिएको छ ।

समानुपातिक विकास, प्रदेशभित्रका संभावनाहरुलाई उजागर गर्दै ती संभावनालाई कार्यान्वयनायोग्य बनाई आर्थिक वृद्धिबाट सम्वृद्धि हासिल गर्ने मुल मर्म प्रादेशिक संरचनाको व्यवस्थाभित्र अन्तरनीहित छ । यसकारण व्यवस्थित अध्ययनमा आधारित संभावनाको पहिचान गरी सोलाई मूर्त रुप दिने व्यवहारिक कार्यक्रमको आवश्यकता देखिन्छ । एकातिर कुनै प्रदेशका उत्पादनहरुले बजार पाई नरहेको अवस्था छ भने अर्कोतिर अन्य प्रदेशहरुमा ती वस्तुहरुको आपूर्तिमा न्युन हुन गई विदेशबाट हुने आयातबाट पूर्ति गरिरहनु परेको अवस्था विद्यमान छ । प्रदेशस्तरमा रहेको उत्पादनको यथार्थ अवस्था, उत्पादन वृद्धिका संभावनाहरु, नयाँ उत्पादन क्षेत्रको पहिचान र विद्यमान समस्याहरु तथा उत्पादन वृद्धिका कार्यक्रमहरु सञ्चालन गर्दा प्रदेश अनुसार अपनाउनु पर्ने विधिको पहिचानको आवश्यताका पनि त्यत्तिकै टड्कारो रुपमा देखा परेको छ । मुलुकककाे आयात दिनानुदिन तीव्रगतिमा बढिरहेको छ भने निर्यातमा झिनो र स्थीर प्रकृतिको वृद्धिले गर्दा मुलुकको व्यापारघाटा चिन्ताजनक रुपमा बढिरहेको छ । यसरी बढ्दो व्यापारघाटालाई न्युन गर्न नयाँ सम्भावनाहरुको पहिचान गर्न जरुरी भइसकेको छ ।

तालिका नं.१: नेपालको वैदेशिक व्यापार

| नेपालको वैदेशिक वस्तु व्यापारको सामान्य झलक | | | मुल्य रु अर्वमा |
|---|---|---|---|
| | आव २०७३/७४ | आव २०७४/७५ | वृद्धि प्रतिशतमा |
| निर्यात | ७३।१३ | ८१।३३ | ११।२ |
| आयात | ९८५।९५ | १,२४५।१९ | २६।३ |
| कृषिजन्य वस्तुको आयात | १७५।५९ | २०३।४९ | १५।९ |
| कृषिजन्य वस्तुको निर्यात | २०।९२ | २३।४६ | १२।१ |

श्रोतः व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र

उपरोक्त पृष्ठभूमिमा प्रदेशमा उत्पादन हुने प्रमुख वस्तु तथा सेवाहरुको पहिचान गर्ने, सो का आधारमा आयात प्रतिस्थापन गर्न सक्ने तथा निकासी संभावना भएका भएका वस्तु तथा सेवाहरुको प्रोफाइल तयार गर्ने र अन्तरप्रादेशिक व्यापारको सम्भावना समेत पहिचान गर्नु पर्ने देखिन्छ । यही विषयलाई सम्वोधन गर्न नेपाल सरकारले आर्थिक वर्ष २०७४।७५ मा यस सम्वन्धी अध्ययन गरी प्रतिवदेन तयार गर्न कार्यक्रम वार्षिक बजेटमा समावेश गरेको परिप्रेक्ष्यलाई समेत दृष्टिगत गर्दै प्रदेशस्तरमा उपलव्ध निर्यात सम्भाव्य, आयात प्रतिस्थापन गर्न सकिने र अन्तरप्रदेश व्यापार सम्भावना भएका वस्तु तथा सेवाहरुको प्रोफाइल तयार गर्न लागिएको हो ।

# प्रदेशको सामान्य परिचय

## भूगोल

नेपालको संविधान बमोजिम साविकका महाकालीअञ्चलका ४ जिल्ला र सेती अञ्चलका ५ जिल्लाहरु समेटी सुदूरपश्चिम प्रदेश कायम गरिएको छ ।भौगोलिक रुपमा यस प्रदेशले हिमाल, पहाड र तराई गरी तीन थरी भुगोललाई समेटेको छ । हावापानीको दृष्टिकोणले यस प्रदेशमा उष्ण देखि ध्रुवीय सम्मका सबै खालका हावापानीहरु विद्यमान रहेको छ । सुदुरपश्चिम प्रदेशको कुल क्षेत्रफल ले १९,५३९ वर्ग कि.मि. रहेको छ । यस प्रदेशको सिमाना पूर्वमा कर्णाली प्रदेशका सुर्खेत, दैलेख, कालीकोट र मुगु जिल्ला तथा ५ न. प्रदेशको बर्दिया जिल्ला पर्दछ । पश्चिम र दक्षिणमा भारत, उत्तरमा कर्णाली प्रदेशको हुम्ला जिल्ला तथा मित्र राष्ट्र चीनको स्वशासित क्षेत्र तिब्बत रहेको छ । सुदूरपश्चिम प्रदेश अन्तर्गत दार्चुला, बैतडी, डडेल्धुरा र कञ्चनपुर, बझाङ्ग, बाजुरा, डोटी, अछाम र कैलाली गरी जम्मा ९ जिल्ला रहेका छन् । १ उपमहानगरपालिका, ३३ नगरपालिका र ५४ गाउँपालिका गरी जम्मा ८८ स्थानीय तह यस प्रदेशमा रहेका छन् ।

## जनसांख्यिकीय विवरण

२०६८ सालको जनगणना अनुसार नेपालको कुल जनसंख्या २,६४,९४,५०४ मध्ये यस प्रदेशको जनसंख्या २,५५२,५१७ रहेको छ जुनकुल जनसंख्याको ९.६३५ हुन आउँछ । यस मध्ये पुरुषको जनसंख्या १२,१७,८८७र महिलाको जनसंख्या १३,३४,६३० रहेको छ । भौगोलिक क्षेत्रको आधारमा सुदूरपश्चिम प्रदेशको जनसंख्या हिमाली क्षेत्रको जनसंख्या ४,६३,३४५(१८.१६५), पहाडी क्षेत्रको जनसंख्या ८,६२,२१५(३३.७८५) र तराई क्षेत्रको जनसंख्या १२,२६,९५७ (४८.०६५) रहेको देखिन्छ ।

## प्रमुख नदीनाला र तालहरु

यस प्रदेशका प्रमुख नदीहरुमा सेती नदी र महाकाली हुन अन्य सहायक नदीहरुमा चमेलीया, बुढीगंगा, दरगंगा, सुर्नाया, ढिकगाड, होपरीगाड, रंगुन, डोटेली गाड, स्पालगाड, खुवटया, मोहना, श्चशसैया, बानरा, आदि हुन । यस क्षेत्रका पर्ने प्रमुख तालहरुमा कैलाली जिल्ला घोडाघोडी ताल विश्व सम्पदा सूचीमा सूचिकृत सिमसार क्षेत्रको रुपमा परिचित हुनुका साथै धार्मिक दृविकोणबाट समेत प्रर्सिद्ध छ । कञ्नपुर जिल्लामा रहेको झिलमिला ताल, बेदकोट ताल, डडेल्धुराको आलीताल, डोटी जिल्लामा रहेको छतिवन ताल आदि छन् भने डोटी, अछाम, बझाङ र बाजुरा जिल्लाको बिचमा रहेको खप्तडताल यस क्षेत्रको प्रमुख पयिटकीय आर्कषणको रुपमा रहेको छ ।

## प्रमुख धार्मिक स्थलहरु

यस प्रदेशमा थुप्रै धार्मिक स्थलहरु रहेका छन । जसमध्ये डोटीको खप्तड, अछामको रामारोशन, बाजुराको बडीमालिका, बझाङको तपोवन, ऋषिकुण्ड र सुर्मासरोबर, बैतडीको रौलाकेदार र सिगास, दार्चुलाको मार्लकार्जुन, लटीनाथ, गल्लाकेदार र हुनैनाथ, कैलालीको बेहडाबाबा आदि हुन । यस क्षेत्रका प्रमुख मन्दीरहरुमा बाजुरामा बडीमालिका, बझाङमा सुर्मादेबी, जल्फादेबी, मष्टा र दुर्गा, दार्चुलाको मार्लकार्जुन, लटीनाथ, गल्लाकेदार, बैतडीको त्रिरपुरासुन्दरी, निङ्गलासैनी, जगन्नाथ, ईश्वरी गंगाधाम, कृष्णमन्दिर, महारुद्र, मेलौली भगवती, ग्वालेक केदार र राताशिला, डडेल्धुराको उग्रतारा, भागेश्वर, घण्टेश्वर, डोटीघटाल र बेताल, अछामको बैजनाथ, बर्मादेवी, डोटीको शैलेश्वरी, केदार, लानाकेदारेश्वर, कञ्चनपुरको सिद्धनाथ, बैजनाथ र विष्णु मन्दिर, कैलालीको गोदावरी,वनदेवी, बेंहणा बाबा तथा नैनादेवी आदि प्रमुख हुन।

### प्रमुख पर्यटक स्थलहरु


यस क्षेत्रका प्रमुख पर्टक स्थलहरुमा खप्तड, बुढीनन्दा देवी, शुक्लाफाटा, सुर्मासरोबर ताल, महाभारतपर्वत, घनघश्यालेक, भेल्छडा, पाताल भुमेश्वर, रौलाकेदार, घोडाघोडी ताल, अजयमेरुकोट, आलीताल, बेतकोट, व्यास हिमाल, सैपाल हिमाल, बडीमालीका, मेलौली भगवती,उग्रतारा मन्दिर, टिकापुर पार्क,अपि हिमाल, रामारोशन क्षेत्र,दोधाराचादनी झोलुङ्गे पुल,कर्णाली पुल आदि पर्दछन ।

# आर्थिक परिदृष्य

## कुल ग्राहस्थ उत्पादन

केन्द्रीय तथ्याँक विभागको प्रादेशिक कुल ग्राहस्थ उत्पादन सम्वन्धी प्रकाशित सन्  २०१८ को तथ्याँक अनुसार नेपालको कुल ग्राहस्थ उत्पादन रु. ३४ खर्ब ६४ अर्ब ३२ करोड रहेको छ । आर्थिक वर्ष २०५७५८ मा नेपालको कुल ग्राहस्थ उत्पादन रु. ४ खर्ब ४१ करोड ५२ लाख रहेको थियो ।

ग्राफ १: नेपालको कुल ग्राहस्थ उत्पादन




श्रोतः केन्द्रीय तथ्याँक विभाग

यस अवधिमा कुल ग्राहस्थ उत्पादनमा पनि संरचनागत परिवर्तनहरु देखा परेका छन् । कुल ग्राहस्थ उत्पदनमा कृषि र बन क्षेत्रको योगदान क्रमश घट्दै गएको देखिन्छ भने कुल ग्राहस्थ उत्पादनमा गैरकृषि क्षेत्रको योगदानमा वृद्धि भईरहेको देखिन्छ ।

नेपालको कुल ग्राहस्थ उत्पादनमा सुदूरपश्चिम प्रदेशको को हिस्सा ६.३८ प्रतिशत (रु २ खर्ब २२अर्ब ९६ करोड) सहित छैठौ स्थानमा रहेको छ। यो प्रदेशको कुल ग्राहस्थ उत्पादनमा कृषि तथा वन क्षेत्रको योगदान सबैभन्दा बढी रहेको छ।  क्षेत्रगत रुपमा हेर्दा यस प्रदेशको कुल ग्राहस्थ उत्पादनको संरचना देहाय बमोजिम रहेको छ।

तालिका नं. २: नेपालको कुल ग्राहस्थ उत्पादनको क्षेत्रगत विवरण

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | मुल्य रु दश लाखमा | | |
| | | **प्रदेश** | | | | | | |
| | औद्योगिक वर्गीकरण | **१** | **२** | **३** | **गण्डकी** | **५** | **कर्णाली** | **सूदूर पश्चिम** |
| | कृषि तथा बन | १७६०९५ | १५४१५६ | १४५२५९ | ८५१९१ | १३००६४ | ३८९४५ | ८१६३७ |
| | मत्स्य | १८५८ | ८२९८ | ८०४ | ८९ | ३२३० | २१ | ३६१ |
| | खनिज | २५२८ | २६३७ | ६२२३ | २२६९ | २९६८ | ६६६ | १२१८ |
| | म्यानुफ्याक्चरिङ | ३७६४० | २५००८ | ६१०९८ | ९१४२ | २७८३१ | १२२४ | ९२४८ |
| | विद्यत्, ग्यास र पानी | ८३५२ | २९५५ | १२६४३ | ७९६९ | ३१७६ | १४३५ | १६३३ |
| | निर्माण | ४३७७६ | २३५२० | ६१३७८ | ३२४९४ | ४१७०६ | १३०५६ | २१७९० |
| | थोक तथा खुद्रा व्यापार | ४६१७९ | ५३९३६ | २४६७२९ | २२७६० | ४४७७८ | ७६२६ | १७९२० |
| | होटेल तथा रेष्टुरेण्ट | ९३२७ | ३००८ | २४९७१ | ११०१५ | ७४५४ | ३५२५ | ३५१८ |
| | यातायात, भण्डारण र सञ्चार | २३४५५ | ३६३७५ | १०७९६१ | १६३९४ | ३०४०१ | १६११ | ५१५६ |
| | वित्त | १७४१३ | १२५११ | १२३०५६ | १४८९५ | १९१४० | १७९६ | ४६५८ |
| | रियलस्टेट, भाडा तथा व्यापारिक क्रियाकलापहरु | ३३१५७ | २२२७१ | २२५०१५ | २०६७६ | २९४७७ | १०१९५ | १२२८६ |
| | सार्वजकि प्रशासन र रक्षा | १२४५५ | ११८७६ | १४९४२ | १००२२ | १३९३१ | ९२२० | १०५२८ |
| | शिक्षा | ३३८२१ | ३५६२३ | ४५६१३ | २०७०७ | ३८०८९ | १६९२१ | २५३३२ |
| | स्वास्थ्य तथा सामाजिक कार्य | १००२५ | ३४६३ | १२१६४ | ९२०९ | १०४९२ | ३८३६ | ४३०६ |
| | अन्य सामुदायिक, सामाजिक तथा व्यि व्यक्तिगत सेवा क्रियाकलापहरु | २८०५९ | ११०९९ | ३३१६५ | २२०३९ | २८२२३ | ८४६१ | १५३७६ |
| | **कुल मूल्य योग** | ४८४१३९ | ४०६७३६ | ११२१०२० | २८४८७१ | ४३०९५९ | ११८५३७ | २१४९६६ |
| | **फिसिम (FISIM)** | ११५६५ | ८३०९ | ८१७२३ | ९८९२ | १२७११ | ११९३ | ३०९३ |
| | **कुल ग्राहस्थ उत्पादन आधार मूल्यमा** | *४७२५७५* | *३९८४२७* | *१०३९२९७* | *२७४९७९* | *४१८२४८* | *११७३४५* | *२११८७३* |
| | **ट्याक्स माइनस वस्तुको अनुदान** | ३३२७३ | ४६०६९ | ३९३४५८ | १३२२८ | ३४५४९ | १९१५ | ९०८३ |
| | **कुल ग्राहस्थ उत्पादन** | *५०५८४८* | *४४४४९६* | *१४३२७५६* | *२८८२०७* | *४५२७९७* | *११९२५९* | *२२०९५६* |

**श्रोत: केन्द्रीय तथ्याँक विभाग**

## नेपालको वैदेशिक व्यापार

विगत दश वर्षको नेपालको वैदेशिक व्यापार तथ्याँक (वस्तुतर्फ)लाई हेर्दा आयातमा भारी वृद्धि देखिएको छ भने निर्यातको आकार र वृद्धिदर दुवै सानो देखिएको छ । विगत केही वर्षको तथ्याँकलाई हेर्दा नेपालबाट निर्यात भई रहेका प्रमुख वस्तुहरुमा पोलिष्टर तथा अन्य धागो, फलाम तथा स्टील र तिनका उत्पादनहरु, ऊनी गलैचा, तयारी पोशाक, जुट तथा जुटका उत्पादन, जुस, चिया, टेक्सटाइल, अलैंची, पश्मिना सल, फेल्ट, जडिवुटी, मुसुरोको दाल र  जुत्ता रहेका छन् । नेपालको निकासी व्यापारमा भारत, संयुक्त राज्य अमेरिका, जर्मनी, टर्की, युके, चीन, फ्रान्स, बंगलादेश, , इटाली, जापान, क्यानडा, अष्ट्रेलिया, नेदरलेण्ड्स डेनमार्क आदि प्रमुख रुपमा रहेका छन् । नेपालको विगत दश वर्षको वस्तु व्यापार तर्फको वैदेशिक व्यापारको संचरना देहाय अनुसार रहेको छ ।

तालिका नं. ३: नेपालको वैदेशिक व्यापारको दश वर्षको प्रवृत्ति

| आर्थिक वर्ष | निर्यात रु अर्बमा | आयात रु अर्बमा | व्यापार घाटा रु अर्बमा |
|---|---|---|---|
| २०६५/६६ | ६८।६० | २९१।०० | २२२।४० |
| २०६६/६७ | ६०।९५ | ३७५।६१ | ३१४।६६ |
| २०६७/६८ | ६४।५६ | ३९७।५४ | ३३२।९७ |
| २०६८/७९ | ७४।०९ | ४९८।१६ | ४२४।०७ |
| २०६९/७० | ७७।३५ | ६०१।२१ | ५२३।८६ |
| २०७०/७१ | ९१।३६ | ७२२।७८ | ६३१।४२ |
| २०७१/७२ | ८६।६४ | ७८४।५८ | ६९७।९४ |
| २०७२/७३ | ७१।१४ | ७८१।१५ | ७१०।०१ |
| २०७३/७४ | ७३।१३ | ९८५।९५ | ९१२।८३ |
| २०७४/७५ | ८१।३३ | १,२४५।१९ | १,१६३।८६ |

श्रोतः व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र

यसै गरी नेपालमा आयात हुने प्रमुख वस्तुहरुमा पेट्रोलियम पदार्थ, फलाम तथा स्टील र तिनका उत्पादनहरु, मशिनरी तथा पार्ट्स, यातायातका साधन र तिनका पार्टपुर्जा, इलेक्ट्रिक र इलेक्ट्रोनिक सामाग्रीहरु, अन्न, हवाईजहाज तथा हवाईजहाजका पार्ट्स, तयारी पोशाक, सुन, चाँदी र हिरा, औषधी पोलिथिन ग्रेन्युल्स, रासायनिक मल, सिमेन्ट क्लिङ्कर, दुरसञ्चारका सामाग्रीहरु रहेको पाइन्छ  । नेपालको पैठारी व्यापारमा भारत, चीन, युएई, फ्रान्स, इण्डोनेशिया, थाइलेण्ड, क्यानडा, मलेशिया, स्वीट्जरलेण्ड, संयुक्त राज्य अमेरिका, अर्जेन्टिना, भियतनाम, साउदी अरेबिया, युक्रेन प्रमुख रुपमा रहेका छन्।

नेपालको निर्यातमा झिनो आकारको वृद्धि तथा सानो आयातन एवम् आयातमा विद्यमान ठूलो आकार र भारी वृद्धिका कारण मुलुकको व्यापार घाटा बर्षेनी भारी दरले वृद्धि भई रहेको छ  । तर यो व्यापारघाटाका पछाडि सकारात्मक पक्षहरु पनि

अन्तरनीहित रहेका छन् । भौतिक संरचना निर्माणका सामाग्रीहरु जस्तै फलाम, स्टील तथा तिनका सामानहरु, सिमेन्ट, आलुमुनियम, तामा जस्ता वस्तुहरुको आयातमा भएको वृद्धिले मुलुकको विकासमा सकारात्मक योगदान दिएको देखिन्छ । यसै गरी मुलुकका लागि अति आवश्यक औद्योगिक कच्चापदार्थहरु जस्तै कच्चा पाम आयल, सिमेन्ट क्लिंकर, पोलिथिन ग्यानुअल, रबर, रसायन जस्ता वस्तुहरुको आयात उल्लेख्य रुपमा भएको छ । मलको आयातमा वृद्धि देखितापनि यस्तो आयातले कृषि उत्पादन वृद्धिमा ठूलो भूमिका खेलिरहेको देखिन्छ ।

पेट्रोलियम पदार्थको आयातमा वृद्धि भए तापनि पेट्रोलियम पदार्थको अधिकाँश आयात औद्योगिक उत्पादन, मालवस्तु ढुवानी तथा सार्वजनिक यातायातमा खर्च भई रहेको सन्दर्भमा यी वस्तुहरुको आयातले पनि मुलुकको अर्थतन्त्रलाई सबल बनाउन महत्वपूर्ण योगदान दिएको पाइन्छ ।

## नेपालले विगतमा निर्यात गरिरहेका तर वर्तमानमा आयात गरिरहेको वस्तुहरु

विगत केही दशक यता नेपालको निर्यात व्यापारमा सँरचतनागत परिर्वतनहरु देखा  परेका छन् । कृषिजन्फ काष्ठजन्य वस्तुहरुको खुद निर्यातकर्ता मुलुक हाल आएर यी उत्पादनहरुको खुद आयाताकर्ता भएको छ । निर्यातकर्ता व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको तथ्याँक अनुसार नेपालमा विगतमा धान, चामल, जुट तथा जुटका सामानहरु, गहुँको पीठो उल्लेख्य मात्रा निकासी गरिहेको पाइए तापनि हाल आएर यी वस्तुको आयात भारी मात्रा हुने गरेको छ । उक्त वस्तुहरु मध्ये धान, चामल आदि भारतमा निकासी भई रहेका हुन्थे भने गहुँको पीठो चीनतर्फ निकासी हुने गर्थ्यो । हाल कच्चा जुट विदेशबाट आयात गरेर जुटका प्रशोधित उत्पादनहरु निकासी गरिहेको छौं ।


कुनै समय भारतमा ठूलो परिमाणमा काठ निकासी भईरहे तापनि हाल आएर म्यानमा, इण्डोनेशिया जस्ता मुलुकहरुबाट काठहरु आयात भईरहेको छ ।  नेपालले विगतमा निकासी गरेका र हाल आयात गरिरहेका वस्तुहरुको उत्पादनलाई बृद्धि गर्ने सम्भावना रहि आएको परिप्रेक्षमा ती वस्तुहरुको उत्पादन अभिबृद्धि गरि पुन : निकासी तथा अन्तरप्रदेश व्यापार गर्न सकिन्छ ।

## सुदूरपश्चिम प्रदेशस्थित भन्सार कार्यालयहरु मार्फत वैदेशिक व्यापार

अन्य प्रदेशका भन्सार कार्यालयहरु र सुदूरपशिचमका भन्सार कार्यायलहरु मार्फत हुने निर्यात आयातमा तात्विक भिन्नता छ । विशिष्ट भौगोलिक उपस्थितिका कारण कैलाली भन्सार कार्यालय, कञ्चनपुर भन्सार कार्याल, झुलाघाटा भन्सार कार्यालय र ती भन्सार कार्यालय माहहतका छोटी भन्सार कार्यालयहरु मार्फत हुने निर्यात आयात सुदूरपश्चिमको बजार लक्षित आयात निर्यात हुने गर्दछ  । ती भन्सार विन्दूहरुबाट हुने निर्यात आयात अन्य प्रदेशमा जाने सम्भावना न्युन रहेको स्थानीय व्यवसायीहरुको भनाई रहेको छ । यसर्थ यी भन्सार विन्दू भएर हुने निर्यात  आयात सूदूरपश्चिम प्रदेशबाट हुने निर्यात आयातका रुपमा लिन सकिन्छ ।

साविक सुदूरपश्चिम विकास क्षेत्र र हाल सुदूरपश्चिम प्रदेशको सीमाना एउटै भएको हुँदा विगतको तथ्याँकलाई समेत हेर्दा यस प्रदेशका भन्सार कार्यालयहरु मार्फत भएको निर्यात र आयातको प्रवृत्ति देहाय बमोजिम रहेको छ ।

ग्राफ नं.२: सुदूरपश्चिम प्रदेशस्थित भन्सार कार्यालयहरु मार्फत भएको वैदेशिक व्यापार




आर्थिक वर्ष २०७४।७५ मा उपरोक्त भन्सार विन्दूहरुमार्फत भएको निर्यात र आयात देहाय बमोजिम रहेको छ।

## निर्यात

तालिका नं.४: सुदूरपश्चिचम प्रदेशका भन्सार कार्यालयहरु मार्फत भएको प्रमुख वस्तुहरुको निर्यात

| सुदूरपश्चिचम प्रदेशका भन्सार कार्यालयहरु मार्फत भएको प्रमुख वस्तुहरुको निर्यात | |
|---|---|
| | आर्थिक वर्ष २०७४।७५ |
| वस्तुको नाम | मूल्य रु हजारमा |
| रोजिन, रेजिन एसिड र टपेन्टाइन तेल | ५९६,३८६ |
| वनस्पतिका उत्पादनहरु | १२७,३५४ |
| कच्छ | १८,४३५ |
| जीवित जनावर | १६,७६६ |
| हस्तकलाका सामानहरु | १२,२३८ |
| सारतेल | ३,७३३ |
| अन्य | १,७०६ |
| कुल | ७७६,६१८ |

**श्रोतः व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र**

## आयात

तालिका नं ५: सुदूरपश्चिम प्रदेशका भन्सार कार्यालयहरु मार्फत भएको प्रमुख वस्तुहरुको आयात

| सुदूरपश्चिम प्रदेशका भन्सार कार्यालयहरु मार्फत भएको प्रमुख वस्तुहरुको आयात | |
|---|---|
| आर्थिक वर्ष २०७४।७५ | |
| वस्तुको नाम | मूल्य रु हजारमा |
| खनिज इन्धन | ७,०२५,१६२ |
| मशिनरी तथा पार्ट्स | २,०८८,१८२ |
| अन्न | १,१८०,७३८ |
| यातायातका साधननहरु | ९२१,९६३ |
| तयारी खाद्य पदार्थ | ८७६,६५० |
| कागज | ७७१,२८३ |
| खाद्य उद्योगको परिकारहरु | ६३०,९११ |
| तरकारी | ५३९,७८५ |
| विजुलीको सामानहरु | ३६९,६७८ |
| फलफुल | ३४७,५२७ |
| अन्य | ३,५७६,८८९ |
| कुल | १८,३२८,७६९ |

**श्रोतः व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र**

## सुदुरपश्चिम प्रदेशमा अवस्थित भन्सार विन्दूहरुबाट भएको प्रमुख कृषिजन्य वस्तुको आयात

सुदूरपश्चिम प्रदेशमा हिमाल पहाड तराई तिनै थरीको भुगोलमा शीतोष्ण, समशीतोष्ण र ग्रीष्म तीनै ओटा जलवायुमा फल्न सक्ने कृषि उत्पादनको संभावना भएतापनि यस प्रदेशमा कृषिजन्य वस्तुहरुको आयात पनि प्रशस्त मात्रामा हुने गरेको छ । सुदूरपश्चिम प्रदेशका भन्सार कार्यालयहरु मार्फत आर्थिक वर्ष २०७४।७५ भएको कृषि जन्य वस्तुहरुको प्रमुख आयात देहाय बमोजिम रहेको छ ।

तालिका नं ६ : सुदूरपश्चिम प्रदेशका भन्सार कार्यालयहरु मार्फत भएको प्रमुख कृषि जन्य वस्तुहरुको आयात

| सुदूरपश्चिम प्रदेशका भन्सार कार्यालयहरु मार्फत भएको कृषि जन्य वस्तुहरुको प्रमुख आयात<br>आर्थिक वर्ष २०७४।७५ | | |
|---|---|---|
| वस्तुको नाम | परिमाण मेट.मा | मूल्य रु हजारमा |
| माछा | ५४८ | ६७,७४४ |
| फुल | १५७ | २,९५१ |
| आलु | ९९,४७१ | ३८२,५६१ |
| ताजा प्याज | ४५५ | १४,६८४ |
| सुख प्याज | ५,८६१ | ६८,५८८ |
| केरा | ५८९ | २७,५१५ |
| आँप | ४८३ | १८,५६४ |
| अँगुर | ५२० | २७,९६१ |
| स्याऊ | ९०७ | ६१,२२३ |
| मकै | १२,९१३ | ३०१,५०४ |
| चामल | १८,८२९ | ८२८,०८५ |
| ममफली | २ | १९७५।२५१ |
| सर्स्यु | २,११९ | ९५,७६९ |
| चिनी र मिठाई | १,७७१ | १०७,६३९ |
| विस्कुट | ५,२६८ | ७०९,९५५ |
| टोष्टेड ब्रेड | २५० | ४२,०२६ |
| बेकरीका परिकारहरु | ३०५ | ७२,०३९ |
| दालमोठ | १,८३५ | २९०,०३५ |
| कुरमुरे | ५ | १,१७७ |
| स्पिरीट | ८४० | ६०,२६८ |
| पिना | ११,८३३ | ५७६,२७६ |
| सूर्ती | १४३ | ३३,००३ |

# अध्ययनको उद्देश्य र अपेक्षित उपलव्धी

उपरोक्त पृष्ठभूमिमा प्रदेशस्तरमा विद्यमान सम्भावनाहरुको खोजी र ती संभावनाहरुलाई व्यवहारमा उतारी विशेष गरी प्रदेशको आर्थिक उन्नत्ति र समग्रमा देशकै आर्थिक समुन्नत्तिका लागि पहल थाल्नु आवश्यक देखिन्छ । यही पलहकदमीको एउटा पाटोको रुपमा प्रदेशस्तरमा निर्यात सम्भावना भएका, ायातप्रतिस्थापन गर्न सकिने र अन्तरप्रदेश व्यापार सम्भावना भएका वस्तुहरु तथा सेवाहरुको प्रोफाइल तयार गर्न अध्ययनको थालनी गरिएको हो । यस अध्ययनको उद्देश्य र अध्ययनबाट प्राप्त उपलव्धी देहाय बमोर्जिम रहेको छ ।

## उद्देश्यः

यस अध्ययनको उद्देश्य देहाय बमोजिम रहेको छ ।

(१) प्रदेशलाई आर्थिक रुपमा आत्मनिर्भर बनाई निर्यात अभिवृद्धि मार्फत मुलुककोबढ्दो व्यापारघाटालाई कम गर्न सहयोग पुचाउने

(२) अन्तर प्रादेशिक व्यापारलाई अभिवद्धि गर्ने

(३) आयातित मालवस्तुहरुलाई प्रदेशमा उत्पादित मालवस्तुहरुले प्रतिस्थापन गर्ने,

(४) प्रदेशस्तरमा सम्भावना भएका वस्तु तथा सेवा व्यापारका अवसरहरुलाई पहिचान गरी व्यापार प्रवर्द्धन तथा नीतिहरु तर्जूमा गर्न सहयोग पुचाउने ।

(५) भविष्यमा गरिने अध्ययनका लागि आधार दस्तावेजको रुपमा विकास गर्ने

## उपलव्धीः

यो अध्ययन प्रतिवेदनबाट समग्रमा सिंगो मुलुकलाई र विशेषतः यस प्रदेशलाई देहाय बमोजिमका उपलव्धी हुने देखिएको छ ।

(१)प्रदेशका निर्यात सम्भावना भएका वस्तु तथा सेवाहरुको जानकारी हुने,

(२) प्रदेशमा आयात प्रतिस्थापन गर्न सकिने वस्तु तथा सेवाहरुको पहिचान हुने

(३) अन्तर प्रदेश व्यापारका सम्भावित वस्तु तथा सेवाहरुका सूचि तयार हुने

(४) उपरोक्त सूचिका आधारमा निर्यात सम्भावना भएका, आयात प्रतिस्थापन हुने र अन्तर प्रदेश व्यापार सम्भावनाका बारेमा प्रदेशलाई नीति तर्जुमा गर्न उपयोगी हुने

(५) भविष्यमा समान प्रकृतिका अध्ययन गर्न सन्दर्भ सामाग्री रुपमा प्रयोग गर्न सकिने

# अध्ययनको विधिः

यो अध्ययन गर्दा सर्वप्रथम विभिन्न श्रोतहरु जस्तै कृषि तथा पशुपंक्षी मन्त्रालय, प्रदेश सरकारबाट प्रकाशित दस्तावेजहरु, उद्योग विभाग, कम्पनी रजिष्टारको कार्यालय, कृषि विभाग, खानी तथा भूगर्भ विभाग, केन्द्रीय तथ्याङ्क विभाग, वन विभागबाट विद्युत विकास विभाग, खाद्य तथा कृषि संगठन, आइटिसी, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र लगायतका विभिन्न उपलव्ध द्धितीयक तथ्याङ्क (Secondary Data) उपयोग गरिएको छ । अध्ययनका क्रममा संख्यात्मक (Quantitative) र गुणात्मक (Qualitative) तथ्याँकहरु दुवै प्रयोग गरिएको छ । संख्यात्मक तथ्याँकहरु उपलव्ध हुन नसकेको अवस्थामा गुणात्मक तथ्याँकलाई समेत प्रयोग गरिएको छ । उक्त तथ्याङ्कबाट प्राप्त उत्पादन सम्बन्धी विवरण, उद्योग सम्बन्धी विवरण, खानी सम्बन्धी विवरणलाई तालिकिकरण तथा वर्गिकरण गर्ने कार्य गरियो । तत्पश्चात उक्त तथ्याङ्क तथा विवरणहरु उपर प्रदेश स्थित विभिन्न उद्योग वाणिज्य संघ, उद्यमी, व्यवसायीहरुसंग अन्तरक्रिया गरी रुजु गर्ने कार्य सम्पन्न गरियो । त्यसबाट प्राप्त निस्कर्षहरुबाट प्रारम्भिक प्रतिवेदन तयार गरी उक्त प्रतिवेदनमा उल्लेखित विषयहरु उपर सरोकारवाला सरकारी निकायहरु, प्रदेश स्थित उावा। संघको सहभागितामा प्रदेशको राजधानीमा प्रस्तुतिकरण गर्नुका अतिरिक्त राय सुझाव संकलन गर्ने कार्य गरियो ।सम्पूर्ण राय सुझावलाई समेटी यो प्रतिवेदन तयार गरिएको छ ।

# अध्ययनका सीमाहरु

यस अध्ययनका क्रममा देहाय बमोजिमका सीमाहरु रहेका छन् । यी सीमाहरुभित्र रही अध्ययनलाई सम्पन्न गरिएको छ ।

(१) द्धितीयक (Secondary) तथ्याँकको अधिक प्रयोग

(२) म्यानुफ्याक्चरिङतर्फ उत्पादनको तथ्याँक कमीले सूचनामा बढी निर्भर हुनु

(३) कृषि क्षेत्रको उत्पादन तथ्याँक २०७३/७४ मा सीमित रहनु

(४) सेवा व्यापारतर्फको क्षेत्रगत तथ्याँक उपलव्ध हुन नसक्नु

(५) प्रदेशस्तरमा उपभोगको तथ्याँक उपलव्ध नहुनु

# व्यापारका दृष्टिमा सुदूरपश्चिम प्रदेशको SWOT विश्लेषण

साहित्य पुनरावलोकन, प्रदेश सरकार र निजी क्षेत्रसँग गरिएको अन्तरक्रियाका आधारमा सुदूरपश्चिमको समग्र पक्ष ( सबलता, दुर्बलता, अवसर र हाँक ) को विश्लेषण गर्दा देहाय बमोजिमको निचोडहरु प्राप्त भएका छन् ।

तालिका नं. ७: सुदूरपश्चिम प्रदेश SWOT विश्लेषण

| **सबल पक्ष** | **दुर्वल पक्ष** |
|---|---|
| • जलविद्यतुमा एकतिहाई हिस्सा<br>• भारत र चीन जोडन् प्रदेश<br>• भारततिरको ठूलो जनसख्या<br>• हिमाल पहाड तराईको सँगम<br>• खाद्यान्नमा लगभग लगभग आत्मनिर्भर<br>• बहुमूल्य जडीबुटीको भण्डार<br>• भुगोल अनुसार बैमौसमी अर्गानिक उत्पादन हुने<br>• पर्यटनको उज्ज्वल सम्भावना<br>• अपि सयपाल हिमालको अवर्स्थिति<br>• मानसरोवरको छाटो बाटो | • पूर्वाधारको कमी<br>• दक्ष जनशक्तिको कमी<br>• शिक्षाको कमी |
| **अवसरहरु** | **हाँक** |
| • लगानीका लागि उर्वर<br>• भारत र चीनको बजार<br>• उर्जाको भण्डार<br>• सस्तो श्रम<br>• कम खर्चिलो जीवनयापन | • अन्तरप्रदेशीय प्रतिस्पर्धा<br>• खुल्ला सीमाना<br>• इकोनोमी स्केलको कमी<br>• जनताको क्रयशक्ति न्युन |

# सुदूरपश्चिम प्रदेशका केही प्रमुख कृषिजन्य वस्तुहरुको उत्पादन स्थिति

सुदूरपश्चिम प्रदेशमा हिमाल देखि तराईसम्म फल्ने सबै प्रकारका खाद्यान्नहरु प्रशस्तमात्रामा उत्पादन हुन्छ। सुदूरपश्चिमको वर्तमान जनसंख्या, नेपालको औसत प्रतिव्यक्ति उपभोग र उत्पादनका आधारमा हेर्दा सुदूरपश्चिम प्रदेशको प्रधान खाद्यान्न बालीको उत्पादन उपभोग र सन्तुलनको अवस्था देहाय बमोजिम रहेको छ।

## खाद्यान्न

तालिका नं. ८: सुदूरपश्चिम प्रदेशमा अन्न उत्पादनको अवस्था

| सुदूरपश्चिम प्रदेशमा अन्न उत्पादनको अवस्था ( आर्थिक वर्ष २०७३।७४) | | | |
|---|---|---|---|
| खाद्यान्न | उत्पादन मे.ट. | उपभोग मे.ट. | सन्तुलन मे.ट. |
| चामल | ४०३४६२ | ३२७७५५ | ७५७०७ |
| मकै | ९८९४७ | ४८,९६९ | ४९९७८ |
| गहुँ | २९४०३४ | ५८,८९५ | २३५०४९ |
| कोदो | १५०५३ | ९,७३८ | ५७६५ |
| फाफर | १५८ | २७८ | –१२० |
| जौं | ६६१३ | २७८ | ६४३५ |

श्रोतः कृषि तथा पशुपक्षी विकास मन्त्रालय तथा केन्द्रीय तथ्याँक विभागको एनुअल हाउसहोल्ड सर्बे २०१४।१५ तथा र्राष्ट्रिय जनगणना २०६८

## प्रमुख नगदेवाली:(आर्थिक वर्ष २०७३।७४)

सुदूरपश्चिम प्रदेश खाद्यान्न जस्तै नगदेवाली लागि प्रख्यात रहेको छ। यस प्रदेशमा तेलहन र आलु प्रशस्त मात्रामा उत्पादन हुने गरेको पाइन्छ। यस प्रदेशका प्रमुख नगदेबालीहरुको आर्थिक वर्ष २०७३।७४मा तेलहन, आलु र उखुको उत्पादन देहाय बमोजिम रहेको छ।

तालिका नं.९ : सुदूरपश्चिम प्रदेशमा प्रमुख नगदेबालीको उत्पादन

| | | |
|---|---|---|
| तेलहन | क्षेत्रफल हेक्टरमा | ३०,७३१ |
| | उत्पादन मे. ट. | ३९,८९३ |
| आलु | हेक्टरमा | १४,९१८ |
| | उत्पादन मे. ट. | २००,३६८ |
| उखु | हेक्टरमा | ५,६६५ |
| | उत्पादन मे. ट. | २४६,४७० |

**श्रोतः कृषि तथा पशुपक्षी विकास मन्त्रालय, २०७३।७४**

## प्रमुख तेलहनको उत्पादन (आर्थिक वर्ष २०७३।७४)

**तालिका नं. १०:** सुदूरपश्चिम प्रदेशमा प्रमुख तेलहन बालीको उत्पादन

| | | |
|---|---|---|
| तोरी | क्षेत्रफल हेक्टरमा | २७,२७१ |
| | उत्पादन मे. ट. | २९,६३१ |
| सस्यू | क्षेत्रफल हेक्टरमा | १२७ |
| | उत्पादन मे. ट. | ७९ |
| रायो | क्षेत्रफल हेक्टरमा | ४३ |
| | उत्पादन मे. ट. | ३१ |
| सूर्यमुखी | क्षेत्रफल हेक्टरमा | ७८ |
| | उत्पादन मे. ट. | ८८ |
| तिल | क्षेत्रफल हेक्टरमा | ५२८ |
| | उत्पादन मे. ट. | ५३६ |
| बदाम | क्षेत्रफल हेक्टरमा | ७७ |
| | उत्पादन मे. ट. | ९९ |
| आलस | क्षेत्रफल हेक्टरमा | ५४५ |
| | उत्पादन मे. ट. | ३४४ |

**श्रोतः कृषि तथा पशुपक्षी  विकास मन्त्रालय, २०७३।७४**

## मसलाजन्य वस्तुहरु (आर्थिक वर्ष २०७३।७४)

मसलामा प्रयोग हुने कृषिजन्य उत्पादनहरु पनि सुदूरपश्चिम प्रदेशमा प्रशस्तमात्रामा उत्पादन हुने गर्दछ। कृषि तथा पशुपक्षी  विकास मन्त्रालयको आर्थिक वर्ष २०७३।७४ को तथ्याँक अनुसार प्रदेशमा मसलाजन्य कृषि वस्तुहरुको उत्पादन देहाय बमोजिम रहेको छ।

**तालिका नं. ११:**सुदूरपश्चिम प्रदेशमा प्रमुख मसलाजन्य बालीको उत्पादन

| | | |
|---|---|---|
| अलैची | कुल क्षेत्रफल | १८ |
| | उत्पादित क्षेत्रफल | ७ |
| | उत्पादन | ३ |
| अदुवा | क्षेत्रफल हेक्टरमा | १,५९० |
| | उत्पादन मे. ट. | २६,४०८ |
| लसुन | क्षेत्रफल हेक्टरमा | १,६४७ |
| | उत्पादन मे. ट. | १४,९९१ |
| बेसार | क्षेत्रफल हेक्टरमा | १,३५० |
| | उत्पादन मे. ट. | १५,७८१ |
| खुर्सानी | क्षेत्रफल हेक्टरमा | १,०६५ |
| | उत्पादन मे. ट. | ३,५४६ |

**श्रोतः कृषि तथा पशुपक्षी  विकास मन्त्रालय, २०७३।७४**

## पशुपक्षी

तीनओटा जलवायुयुक्त भुगोलको कारण सुदूरपश्चिम प्रदेशमा सबैप्रकार पशुपक्षीहरु प्रशस्त मात्रामा पाइन्छन् । प्रशस्तमात्रा चरन क्षेत्रको उपलव्धता तथा पशुपालन आयआर्जनको मुख्य श्रोत रहेका कारण पनि यस प्रदेशमा पशुपक्षीहरु पालन हुने गरेको छ जसको विवरण यसप्रकार रहेको छ ।

**तालिका नं. १२ :** सुदूरपश्चिम प्रदेशमा उपलव्ध पशुपक्षीको विवरण

| पशुपक्षीको नाम | सँख्या |
|---|---|
| गाईवस्तु | १,०१०,८४५ |
| भैसी | ५१९,५९९ |
| भेडा | १०२,५७१ |
| बाखा | १,०७८,२९० |
| सुँगुर | ६०,२८८ |
| कुखुरा | २,९८७,४२८ |
| हाँस | १३,६१८ |

**श्रोतः कृषि तथा पशुपक्षी  विकास मन्त्रालय, २०७३।७४**

## दुध उत्पादनको अवस्था

सुदूरपश्चिम प्रदेशमा गाई भैसी सबैप्रकार दुध उत्पादन हुने गरे तापनि भैसीको दूधको हिस्सा अरु दुधको हिस्साको तुलनामा बढी रहेको छ । गाई र भैसीको संख्या लगभग बराबर रहेतापनि  कुल दुध उत्पादनमा भैसीको दुधको हिस्सा करिव ५६ प्रतिशत रहेको छ । सुदूरपश्चिम प्रदेशमा दुधालु गाई भैसी र दुध उत्पादनको विवरण यसप्रकार रहेको छ ।

**तालिका नं. १३:** सुदूरपश्चिम प्रदेशमा गाईभैसी र दुग्ध उत्पादनको अवस्था

| गाईवस्तुको नाम | संख्या |
|---|---|
| दुध दिने गाई | १४८०५५ |
| दुध दिन भैंसी | १४८४६५ |
| गाईको दुध मे.ट.मा | ९२०६२ |
| भैसीको दुध मे.ट. मा | ११६७९२ |
| कुल दुध उत्पादन मे.ट. मा | २०८८५४ |

## मासु उत्पादन (आर्थिक वर्ष २०७३।७४)

**तालिका नं. १४:** सुदूरपश्चिम प्रदेशमा उत्पादित मासुको विवरण

| मासुको प्रकार | उत्पादन मे.ट.मा |
|---|---|
| रागा | १८६०५ |
| खसी | ७३५४ |
| सुगुर | १०२४ |
| कुखुरा | २८०२ |
| हाँस | ७ |
| कुल | २९७९२ |

पँक्षी र अण्डा

| विरण | संख्या हजारमा |
|---|---|
| कुखुराको अण्डा | ४७९१३ |
| हासको अण्डा | ५०३ |
| कुल | ४८४१६ |

माछा

**तालिका नं. १४ :** सुदूरपश्चिम प्रदेशमा माछाको उत्पादन

| विरण | सुदूरपश्चिम प्रदेश |
|---|---|
| पोखरी संख्या | २,५०२ |
| क्षेत्रफल | ३१३ |
| उत्पादन मे.ट. | १,३७७ |

## तरकारी

सुदूरपशिचम प्रदेशमा तीनवटै जलवायुमा छ ओटै ऋतुमा फल्ने तरकारीहरु उत्पादन हुने गरेको छ । कृषि तथा पशुपक्षी विकास मन्त्रालयको आर्थिक वर्ष २०७३।७४ मा प्रकाशित तथ्याँक अनुसार यस प्रदेशमा उत्पादित तरकारीको विवरण यसप्रकार रहेको छ ।

**तालिका नं. १५ :** सुदूरपश्चिम प्रदेशमा तरकारीको उत्पादन

| **विवरण** | **उत्पादन मे.ट.** | विवरण | **उत्पादन मे.ट.** |
|---|---|---|---|
| काउली | २१,९१८ | भाण्टा | १४,८८३ |
| बन्दा | २४,३१२ | प्याज | २१,३२३ |
| ब्रोकाउली | ९३० | काक्रो | २१,१५९ |
| टमाटर | २२,६९१ | फर्सी | १४,८१२ |
| मुला | २१,०१३ | तितेकरेला | ८,५३२ |
| साग | १२,५५१ | बरेला | ३१८ |

| विवरण | उत्पादन मे.ट. | विवरण | उत्पादन मे.ट. |
|---|---|---|---|
| गाँजर | ६७१ | घिरौला | ६,४४७ |
| गाण्टेमुला | २३३ | चिचिण्डो | ५,०३९ |
| भेडे खुर्सानी | १,२५६ | लौका | १३,५१० |
| केराऊ कोसा | ३,४८७ | कुपिण्डो | ६४६ |
| गेडागुडी | ३०५७८ | तरबुजा | ५,७११ |
| रुख टमाटर | २० | धनियाको पात | ५,९६९ |
| अबकरे | २६९ | मेथीको पात | ६,००६ |
| खुसार्नी | २०,८७१ | | |

**श्रोतः कृषि तथा पशुपक्षी विकास मन्त्रालय, २०७३।७४**

# प्रमुख उद्योगहरुको विवरण

सुदूरपश्चिम प्रदेश औद्योगिकीकरणको युगमा प्रवेश गर्न लागेको छ । यस प्रदेशमा चिनी, विस्कुट, मदिरा, खाद्य प्रशोधन लगायत ठूला र साना उद्योगहरु स्थापना भई सञ्चालनमा रहेको छन् । यसप्रदेशमा रहेका उद्योगहरुको संक्षीप्त विवरण देहाय बमोजिम रहेको छ। सुदूरपश्चिम प्रदेशको उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयको तथ्याँक अनुसार जिल्लामा कुल २०५३७ विभिन्न स्तरका उद्योगहरु स्थापना भई सञ्चालनमा रहेको पाइन्छ। ती उद्योगहरु कुल रु १२ अर्ब लगानी रहेको र सोबाट वार्षिक रु ५३ अर्बको उत्पादन हुने तथ्याँक रहेको उक्त मन्त्रालयको तथ्याँकमा उल्लेखित छ। यसै गरी सन् २०१८ मा सुदूरपश्चिम प्रदेशमा निम्न प्रकारका उद्योगहरु कम्पनी रजिष्टारको कार्यालयमा दर्ता भई सञ्चालनमा आएका छन् ।

तालिका नं. १६: कम्पनी रजिष्टारको कार्यालयमा दर्ता भएका सुदूरपश्चिम प्रदेश अवस्थित कम्पनीहरुको वर्गीकरण

| कम्पनी रजिष्टारको कार्यालयमा दर्ता भएका सुदूरपश्चिम प्रदेश अवस्थित कम्पनीहरुको वर्गीकरण | | | | | |
|---|---|---|---|---|---|
| २०१८ | | | | | |
| निर्माण | २१५ | धातु | ४ | जियोटेक | १ |
| व्यापार | ९९ | बजार व्यवस्थापन | ३ | ब्राख्रा अनुसन्धान | १ |
| कृषि | ९१ | पशुआहार | २ | हार्डवेयर | १ |
| शिक्षा | ८७ | इटा | २ | ह्याचरी | १ |
| परामर्श | ५६ | विजुली उद्योग | २ | लगानी | १ |
| यातायात र ढुवानी | ५४ | मत्स्यपालन | २ | मासु | १ |
| तालीम केन्द्र | ४३ | जुत्ता | २ | औषधी आपूर्ति | १ |
| आतिथ्य उद्योग | ३३ | तयारी पोशाक | २ | पानी | १ |
| सञ्चार | ३१ | इन्टरनेट सेवा | २ | प्याराग्लाइड | १ |
| टुर एण्ड ट्राभल | २२ | गहना | २ | गहना | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| प्राविधिक केन्द्र | २१ | खनिज | २ | प्लाष्टिक उद्योग | १ |
| इन्जिरियरिङ | २० | तेल | २ | प्लाई | १ |
| | | | | | |
| क्लिनिक | १५ | कृषि बन | १ | छापखाना | १ |
| अस्पताल | १४ | कृषि अनुसन्धान | १ | अनसन्धान | १ |
| अटोमोबाइल | ११ | कृषि पर्यटन | १ | अनुसन्धान | १ |
| सुरक्षा सेवा | ६ | वभेरेज | १ | बालुवा प्रशोधन | १ |
| वित्त सेवा | ५ | केवल | १ | स्क्र्याप | १ |
| खाद्य उद्योग | ५ | केवलकार | १ | विऊ कम्पनी | १ |
| रिसोर्ट | ५ | डिटरजेन्ट | १ | साबुन उद्योग | १ |
| मनोरञ्जन | ४ | इकमर्श | १ | बहुमूल्य पस्तर | १ |
| जडीबुटी तथाक काष्ठ | ५ | पशुआहार उद्योग | १ | धागो उद्योग | १ |
| मदिरा | ५ | पार्केटिङ | १ | वन्यजन्तु अनुसन्धान | १ |

श्रोत कम्पनी रजिष्टारको कार्यालय

यसै गरी केन्द्रिय तथ्याँक विभागको नेपालको आर्थिक गणना २०७५ मा सुदूरपश्चिच प्रदेशको समग्र उद्योग व्यवसायको विस्तृत चित्रण प्रस्तुत गरिएको छ जसको विवरण यसप्रकार रहेको छ ।

तालिका नं. १७ : सुदूरपश्चिचम प्रदेशमा उद्योग व्यवसायको क्षेत्रगत स्थिति

| **सुदूरपश्चिचम प्रदेशमा उद्योग व्यवसायको क्षेत्रगत स्थिति** | | |
|---|---|---|
| **क्षेत्र** | **सुदूरपश्चिचम** | |
| | **प्रतिष्ठान संख्या** | **संलग्न जनशक्ति** |
| **कृषि, वन तथा माछ्रापालन व्यवसाय ( दर्ता भएका प्रतिष्ठानमात्र)** | १,९२१ | ५५७६ |
| **खानी तथा उत्खनन** | ११६ | १६४ |
| **औद्योगिक उत्पादन** | ७,७४३ | २६६८४ |
| **विद्युत, ग्याँस, वाफ तथा वातानुकुलित आपुर्ति** | १९५ | १२७१ |
| **पानी आपुर्ति,ढल, फोहर व्यवस्थापन तथा प्रशोधन क्रियाकलाप** | ८६ | ३५६ |
| **निर्माण** | १४७ | १०६१ |
| **थोक तथा खुद्रा व्यापार, मोटर गाडी, मोटरसाइकलको मर्मत** | ३३,३९८ | ६०२६२ |
| **यातायात तथा गोदाम** | २२८ | १०३१ |

| | | |
|---|---|---|
| **आवास सुविधा तथा खाना व्यवस्थाका क्रियाकलाप** | ७,४६८ | १६७०७ |
| **सूचना तथा सञ्चार** | १५५ | १२२० |
| **वित्तीय तथा विमा सम्बन्धी क्रियाकलाप** | ९५१ | ७८६६ |
| **घरजग्गा कारोबारका क्रियाकलाप** | ४ | १५ |
| **पेशागत, वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप** | ४९१ | १०२६ |
| **प्रशासनिक तथा सहयोगी क्रियाकलाप** | १८० | ५७५ |
| **शिक्षा** | ४,३६८ | ४२७७१ |
| **मानव स्वास्थ्य तथा सामाजिक कार्यका क्रियाकलाप** | १,८३३ | ९६३३ |
| **कला, मनोरञ्जन तथा मनोविनोद क्रियाकलाप** | ८८ | २८७ |
| **अन्य सेवा क्रियाकलाप सञ्चालन गर्ने प्रतिष्ठान** | ३,५९६ | ८६९५ |
| **जम्मा** | **६२,९६८** | **१८५,२००** |

श्रोतः केन्द्रिय तथ्याँक विभाग

# खनिज र खनिजका उत्पादनहरु

सुदूरपश्चिम प्रदेश खनिज श्रोतमा पनि धनी प्रदेशका रुपमा रहेको छ। खानी तथा भूगर्भ विभागको तथ्याँक अनुसार यसप्रदेशका उपलव्ध खानीको जिल्लागत विवरण देहाय बमोजिम रहेको छ।

तालिका नं १८ : सुदूरपश्चिम प्रदेशमा उपलव्ध खानीहरु

| सुदूरपश्चिम प्रदेशमा उपलव्ध खानीहरु | |
|---|---|
| जिल्ला | खानीको विवरण |
| अछाम | बेसिक रक, सुन, काइनाइट, माइका, पेगमाइट, पाइराइट, युरेनियम, बेसिक रक |
| | सुन |
| | काइनाइट |
| | माइका |
| | पेगमाटाइट |
| | पाइराइट |
| | युरोनियम |
| | बेसिक रक |
| बैतडी | कोबाल्ट |
| | डोलोमाइट |
| | सुन |
| | फलाम |
| | चुनढुँगा |
| | म्याग्नेसाइट |

| | |
|---|---|
| | |
| | फोस्फोराइट |
| | टाल्क |
| | युरोनियम |
| | जिंक |
| बझाङ | एण्टीमोनी |
| | आर्सेनिक |
| | बेसिक रक |
| | क्रोमियम |
| | कोबाल्ट |
| | कोबाल्ट |
| | सुन |
| | ग्रेनाइट |
| | फलाम |
| | म्याग्नेसाइट |
| | माइका |
| | पेगमाटाइट |
| | फोस्फोराइट |
| | पाइराइट |
| | क्वार्ज |
| | क्वार्जाइट |
| | स्लेट |
| | टिन |
| | युरोनियम |
| बाजुरा | जिंक |
| | बेसिक रक |
| | कोबाल्ट |
| | सुन |
| | फलाम |
| | फोस्फोराइट |
| | युरोनियम |
| डडेल्धुरा | तामा |
| | ग्रेनाइट |
| | चाँदी |
| | स्लेट |
| | टिन |
| | टँगस्टन |
| | जिंक |

| | |
|---|---|
| | आर्सेनिक |
| | विसमथ |
| | कोबाल्ट |
| | सुन |
| दार्चुला | बेसिक रक |
| | कोबाल्ट |
| | कोबाल्ट |
| | डोलोमाइट |
| | सुन |
| | फलाम |
| | लिड |
| | म्याग्नेसाइट |
| | पाइराइट |
| | क्वार्जाइट |
| | टाल्क |
| | टँगस्टन |
| | युरोनियम |
| कैलाली | सुन |

श्रोतः खानी तथा भूगर्भ विभाग

# सेवा व्यापार

सेवा व्यापारका क्षेत्रमा सुदूरपश्चिम प्रदेशमा पर्यटन र स्वास्थ्य सेवाका क्षेत्रमा बढी सम्भावनाहरु देखिएका छन् ।

### (क) पर्यटनः

सुदूरपश्चिम भौगोलिक दृष्टिकोणले विविधतायुक्त र सुन्दर प्रदेश भएतापनि यस प्रदेशमा घुम्न आउने विदेशी पर्यटकहरुको संख्या अत्यन्त न्युन रहेको छ । पर्यटन मन्त्रालयबाट प्रकाशित तथ्याँक अनुसार सन् २०१७ मा यस प्रदेशमा कुल ५ हजार ४ सय ६० पर्यटकले भ्रमण गरेको पाइन्छ । नेपालमा पर्यटकको औसत १२.६ दिन बसाई र ५४ डलर प्रतिदिन खर्चका हिसाबले यस प्रदेशमा सन् २०१७ मा पर्यटन सेवा मार्फत करीव १९ अर्ब जति बैदेशिक मुद्रा आर्जन भएको देखिन्छ । यस अतिरिक्त कुल देवताको पुजा, जात्रा, पर्व मान्न र पुख्यौली तीर्थस्थलमा नेपालभित्रैबाट पनि हजारौं हजार मानिसहरु सुदूरपश्चिम प्रदेश घुम्ने गरेको पाइन्छ। । यातायातको उपलब्धतासँगै हालका वर्षहरुमा अपि सयपाल पदयात्रा, खप्तड, रामारोशन, बडिमालिका आदि क्षेत्रमा घुम्न जाने नेपालीहरुको संख्या पनि बढ्न थालेको स्थानीय व्यवसायीहरुको भनाइ रहेको छ ।

## सुदूरपश्चिम प्रदेशको पर्यटकीय स्थलहरु

यस क्षेत्रमा पर्यटकीय हिसाबले महत्वपूर्ण सैपाल हिमाल, बडिमालिका, रामारोशन, सुर्मा सरोवर, अपिनम्पा संरक्षण क्षेत्र, घोडाघोडी रामसार क्षेत्र, शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज, टिकापुर पार्क, कर्णाली चीसापानी, खप्तड राष्ट्रिय निकुञ्ज लगायत अन्य सिमसार तालतलैयाहरू रहेका छन् ।

## पर्यटकीय महत्वका सुदूरपश्चिम प्रदेश को पुरातात्विक सम्पदाहरु

यस प्रदेश अन्तर्गत साँस्कृतिक तथा पुरातात्विक महत्व सम्पदाहरूमा मुख्यतः उकुका भग्नावशेषहरू, पातीका नाउला, देवलहाटका नाउला, देवलहाटका देवलहरू, रिमगाउँका देवलहरू, मगरगाउँको ढुंगेधारा, धर्मशाला, तल्लादेही भगवती मन्दिर, देवल दिव्यपुरका देवलहरू, मणिलेक देवल, अजयमेरुकोट, जगन्नाथ मन्दिर, अजयमेरुका न्याउलाहरू, हाटगाउँका देवलहरू, वीरखम्बको धर्मशाला, कोटेलीको देवल, अमरगढी किल्ला, निलपनल मन्दिर, चिपुरको सभामण्डप, अमरगढी धर्मशाला, गोरेल भगवती मन्दिर, बुढी घटाल, डागेश्वरी मन्दिर, घटालस्थानको दक्षिण डाँडाको प्राचीन भग्नावशेषहरू, सिंहपुरको पुरातात्विक स्थल, देवल बाँफ, बडीमालिका, डुडीमुग्र, नाउला, चन्द्रनाथ मन्दिर, बडीमालिका मन्दिर, मालिका गढी र मालिका मन्दिर, उजेली गाउँको देवल, शैलेश्वरी मन्दिर, रानी पौवा, दिपायलकोट र कोट भैरव, कालागाउँको देवल, विनायकका पञ्चदेवल, तालकोटाको देवल, विनायकको कनिका देवल, विनायकको ढुँगेधारा कुचीबिहार, दर्नाकोट दरबार, भागेश्वरको एकदेवल, बाँससैनको देवल, देवलगडाको एक देवल, कालागाउँको ढुंगेधारा, नाईगाउँको ढुंगेधारा, मंगलेश्वरी मन्दिर, सेराको ढुंगेधारा र प्राचीन अवशेषहरू, एक देवल, धमालीका दुइ देवल, दर्नाकोट नजिकको पञ्चदेवल, गर्भा दरबार, धनगढी दरबार, सात बहिनी देवीकी, १२ भाई मष्टाको अठार भाई बण्डालीका थानहरु, घेघ्रको बण्डाली, मण्टोमाडौं, बाल्यामाडु, लट्याका थान, साचुला, पाँचुली, मनान्या थान, सात बहिनी देवीकी, वैजनाथ रहेका छन् ।

### (ख) स्वास्थ्य सेवा

सुदूरपश्चिमको कैलालिको गेटामा अवस्थिति आँखा अस्पतालमा नेत्र उपचारका लागि हजारौं भारतीयहरु आउने गर्दछ । यस वापत नेपाललाई करौडौं आम्दानी हुने गर्दछ । यस क्षेत्रको व्यवस्थित विकास गर्ने हो भने भविष्यमा सुदूरपश्चिम प्रदेश नेत्र उपचारका लागि भारतीयहरुको आकर्षक केन्द्रका रुपमा विकास गर्न सकिने सम्भावना प्रबल रहेको देखिन्छ । आर्थिक वर्ष २०७४।७५ मा मात्रै यस अस्पतालले भारतीय सेवाग्राहीबाट रु ४,५९,२६,००० आम्दानी गरेको देखिन्छ ।

यता स्वदेशमा पर्याप्त चिकिस्सक र अस्पतालको अभावमा अन्य विरामीहरु ठुलो संख्यामा भारत जाने र सो वापत ठूलो रकम बाहिरिने गरेको स्वास्थ्य क्षेत्रसँग सम्वन्धित सरोकारवालाहरुको भनाई रहेको छ ।

### शिक्षा सेवाः

प्रदेशमा उच्च शिक्षाका लागि पर्याप्त शैक्षिक संस्थाहरुको कमीले गर्दा भारत, तेश्रो र मुलुकका अन्य भूभागमा विद्यार्थीहरु पढ्न जाने गरेका पाइन्छ । यस प्रदेशबाट काठमाडौं, नेपालगञ्ज लगायत अन्य क्षेत्रमा ठूलो संख्यामा विद्यार्थीहरु पढ्न जाने गरेको देखिन्छ ।

# सुदूरपश्चिम प्रदेशमा उत्पादन हुने, निर्यात सम्भावना भएका, आयात प्रतिस्थापन गर्न सकिने तथा अन्तरप्रदेश व्यापार सम्भावना भएका वस्तुहरुको विश्लेषण

**अन्तरप्रदेश व्यापार तथा आयात प्रतिस्थापन गर्न सकिने वस्तुहरु**

## (१) धान चामलः

**तस्वीर नं १ :**



श्रोतः गुगलइमेज

नेपालमा चामल उत्पादनको स्थितिः

नेपालमा आर्थिक वर्ष २०७३/७४ मा चामलको कुल उत्पादन ३५ लाख ५६ हजार ६ सय २२ मे.ट. भएको पाइन्छ । प्रदेशगत आधारमा हेर्दा प्रदेश नं. १, प्रदेश नं. २, प्रदेश नं. ५ र सुदूरपश्चिम प्रदेशमा चामलको उत्पादन अधिक भएको पाइन्छ । यसरी सुदूरपश्चिम प्रदेशमा अधिक भएको चामल विशेष गरी पायक पर्ने नजिकको प्रदेश कर्णाली प्रदेशमा आपूर्ति गर्न सकिने सम्भावना देखिन्छ ।

तालिका नं. १९: नेपालमा चामल उत्पादन

| प्रदेश | उत्पादन (मे.टन) | उपभोग | सन्तुलन |
|---|---|---|---|
| १ | ७६५,३२४ | ५८२,३०८ | १८३,०१६ |
| २ | ८८७,६७९ | ६९३,९१८ | १९३,७६१ |
| ३ | ३४७,४०९ | ७१०,००८ | - ३६२,५९९ |
| गण्डकी | २८८,५१६ | ३०८,६५४ | -२०,१३८ |
| ५ | ७७३,२८० | ५७७,७२८ | १९५,५५२ |
| कर्णाली | ९०,९५१ | २०१,६४९ | -११०,६९९ |
| सुदूरपश्चिम | ४०३४६२ | ३२७,७५५ | ७५,७०७ |
| जम्मा | ३,५५६,६२२ | ३,४०२,०२१ | १५४,६०१ |

श्रोतः कृषि तथा पशुपक्षी विकास मन्त्रालय

कृषि तथा पशुपक्षी विकास मन्त्रालयको आर्थिक वर्ष २०७३/७४ को तथ्याँक अनुसार नेपालको धानको उत्पादकत्व ३३६८ केजी प्रति हेक्टर रहेको छ । सुदूरपश्चिम प्रदेशमा धानको उत्पादकत्व ३३६० केजी प्रतिहेक्टर रहेको छ जुन राष्ट्रिय औसत भन्दा ९ केजी प्रतिहेक्टर कम रहेको पाइन्छ । नेपालको कुल धान चामल उत्पादनमा यस प्रदेशको हिस्सा ११.३४ प्रतिशत रहेको छ भने कुल धान चामल उत्पादन क्षेत्रफलमा यस प्रदेशको हिस्सा ११.३७ प्रतिशत रहेको छ । राष्ट्रिय औसतलाई कायम हुने गरी सिचाई, मल, आधुनिक प्रविधिकिो प्रयोग र उन्नत वीऊको व्यवस्था गर्न सकेको खण्डमा थप १ हजार ५ सय १० मे.ट.थप उत्पादन हुने देखिन्छ । भारतले धान उत्पादनमा कायम गरेको मानकलाई आधार मानी सोही अनरुप उत्पादन गर्न सक्ने हो भने सुदूरपश्चिम प्रदेशमा थप ८६ हजार १ सय ६१ मे.ट. धान उत्पादन हुने देखिन्छ ।

तालिका नं. २० : सुदुरपश्चिम प्रदेशमा उत्पादित धान

| | सुदूरपश्चिम प्रदेशमा उत्पादित धान | | |
|---|---|---|---|
| **जिल्ला** | **क्षेत्रफल** | **उत्पादन** | **उत्पादन केजी प्रति हेक्टर** |
| बाजुरा | ३,३१० | ७,००३ | २,११६ |
| बझाङ | ७,१०० | २३,४३० | ३,३०० |
| दार्चुला | ४,४८० | ११,७९५ | २,६३३ |
| अछाम | १६,५८० | ३४,८१८ | २,१०० |
| डोटी | १०,६६८ | २३,६८३ | २,२२० |
| बैतडी | ८,००० | १८,५४० | २,३१८ |
| डडेल्धुरा | ६,२२६ | २३,५२३ | ३,७७८ |
| कैलाली | ७१,७०० | २८३,२२४ | ३,९५० |
| कञ्चनपुर | ४८,४९६ | १६७,३११ | ३,४५० |

| | | | |
|---|---|---|---|
| सुदरुपश्चिम प्रदेश | १७६,५६० | ५९३,३२७ | ३,३६० |
| नेपाल | १,५५२,४६९ | ५,२३०,३२७ | ३,३६९ |
| प्रदेशको हिस्सा | ११।३७ | ११।३४ | |
| राष्ट्रिय औसतलाई कायम राख्दा हुने थप उत्पादन | | १,५१० | |
| भारतको राष्ट्रिय औसतलाई कायम राख्दा हुने थप उत्पादन मे.ट. | | ८६,१६१ | |

## विश्व धान उत्पादनमा नेपालको स्थितिः

विश्व खाद्य संगठनको सन् २०१७ को तथ्याँक अनुसार विश्व धान उत्पादनमा नेपालको स्थान १७ औं स्थानमा रहेको छ भने विश्व कुल उत्पादनमा नेपालको हिस्सा ०.५ प्रतिशत रहेको छ ।

तालिका नं २१ : विश्वमा धान उत्पादनको केही प्रमुख देशहरुको उत्पादन प्रति हेक्टरको विवरण

| विश्वको धानको उत्पादकत्व मे.ट. प्रतिहेक्टर, २०१७ | | | | | |
|---|---|---|---|---|---|
| बाली | **ब्राजील** | **चीन** | **भारत** | **नेपाल** | **युएसए** |
| धान | ६।२१ | ६।९१ | ३।८५ | ३।३७ | ८।४१ |

श्रोत खाद्य तथा कृषि सँगठन

## नेपालको धान, चामल आयात

नेपाल कृषिप्रधान मुलुक भएतापनि ठूलो परिमाणमा धान चामल विदेशबाट आयात भई रहेको छ । नेपालको कुल धान चामल आयातमा भारतको हिस्सा करिव ९९ प्रतिशत रहेको छ ।

तालिका नं . २२ : नेपालको धान चामल आयातको विवरण

| नेपालको धान चामल आयातको विवरण (आर्थिक वर्ष २०७४/७५) | | | | |
|---|---|---|---|---|
| देश | परिमाण मे.ट.मा | मूल्य रु अर्बमा | | प्रति केजी मूल्य रु मा |
| भारत | ७३३,८६९ | २९।०४ | ९८।८ | ४० |
| अन्य | ५,३३९ | ०।३७ | १।२ | ६९ |
| कुल | ७३९,२०८ | २९।४१ | १००।० | ४० |

कृषि तथा पशुपंक्षी मन्त्रालय उत्पादन सम्बन्धी तथ्याङ्क तथा केन्द्रिय तथ्याङ्क विभागको मानवले प्रतिदिन उपभोग गर्ने परिमाण (प्रति वर्ष प्रति व्यति ११७.८ के.जी)लाई हेर्दा नेपालको धान उत्पादन अपुग रहेको छ । नेपालले आ.व २०७४।७५को आयात तथ्याङ्क हेर्दा मुलुकमा करिव २९ अरव रुपैया बराबरको ७,३९,२०८ मे. टन धान, चामल, कनिकाहरु आयात गरेको देखिन्छ । मानव उपभोगका दृष्टिले नेपालको कुल धान चामल उत्पादन बचत रहेतापनि यो धान चामलको मानव उपभोगका साथै विभिन्न मदिरा जन्य उद्योग, गाँइ वस्तुको दाना, फेल्क्स आदिमा उपयोग भइरहेको छ । यदि मुलुकमा सिंचाइ, उन्नत जातको बीउ र समयमा मलहरु पुऱ्याउन सकियमा अधिक उत्पादन भई आयातलाई न्यून गर्न सकिन्छ ।

# गहुँ

तस्वीर नं. २




श्रोतः कृषि अनुसन्धान परिषद

नेपालको अर्को प्रमुख खाद्यबालीमा गहुं पनि पर्दछ । विश्वको कुल गहुं उत्पादनमा नेपालको हिस्सा करीव ०.२४ प्रतिशत रहेको छ । कृषि तथा पशुपक्षी विकास मन्त्रालयको तथ्याँक अनुसार सुदूरपश्चिम प्रदेशमा गहुं उत्पादन २ लाख ९४ हजार ३४ मे.ट रहेको छ भने २ लाख ३५ हजार ०४९ मे.ट. बचत देखिन्छ । गहुं उत्पादन हुने नेपालको कुल क्षेत्रफलमा सुदूरपश्चिम प्रदेशको हिस्सा करिव १९.४७ रहेतापनि कुल गहुं उत्पादनमा यस प्रदेशको हिस्सा करिव १५.६५ प्रतिशत रहेको छ । नेपालको गहुं उत्पादनको प्रति हेक्टर उत्पादनलाई कायम गर्न सक्ने हो भने यस प्रदेशमा थप ७१ हजार ८ सय ९३ मे.ट. थप गहुं उत्पादन गर्न सकिने देखिन्छ । यो परिणाम अन्तरप्रदेश व्यापार तथा अन्य खाद्य उद्योगमा प्रयोग गर्न सकिने सम्भावना रहेको छ ।

तालिका नं २३ : सुदूरपश्चिम प्रदेशमा गहुँको उत्पादन स्थिति

| सुदूरपश्चिम प्रदेशमा गहुँको उत्पादन स्थिति | |
|---|---|
| विवरण | परिमाण मे.ट. |
| उत्पादन | २९४,०३४ |
| राष्ट्रिय औसतमा उपभोग | ५८,९८५ |
| सन्तुलन | २३५,०४९ |

तालिका नं. २४ : सुदुरपश्चिम प्रदेशमा गहुँको उत्पादनको जिल्लागत विवरण

| **जिल्ला** | **क्षेत्रफल** | **उत्पादन** | **उत्पादन केजी प्रति हेक्टर** |
|---|---|---|---|
| बाजुरा | ४,९७५ | ५,४७३ | १,१०० |
| बझाङ | १०,९८२ | १४,८२६ | १,३५० |
| दार्चुला | ५,०६५ | ८,४६९ | १,६७२ |

| | | | |
|---|---|---|---|
| अछाम | १४,५८० | २३,३२१ | १,६०० |
| डोटी | १२,२८० | २४,६८७ | २,०१० |
| बैतडी | २०,९०० | १९,३३४ | ९२५ |
| डडेल्धुरा | ८,७२४ | १७,९५४ | २,०५८ |
| कैलाली | ३४,५३० | १०१,८६३ | २,९५० |
| कञ्चनपुर | ३१,२५३ | ७८,१०८ | २,४९९ |
| सुदरुपश्चिम प्रदेश | **१४३,२८९** | **२९४,०३४** | **२,०५२** |
| नेपाल | **७३५,८५०** | **१,८७९,१९१** | **२,५५४** |
| प्रदेशको हिस्सा | १९।४७ | १५।६५ | |
| राष्ट्रिय औसत कायम राख्दा हुने थप उत्पादन | | ७१,८९३ | |
| भारतको गहुँको औसत उत्पादन कायम राख्दा हुने थप उत्पादन | | १६७,२६१ | |
| संयुक्त राज्य अमेरिरिकाको गहुँको औसत उत्पादन कायम राख्दा हुने थप उत्पादन | | १५२,२१५ | |

तालिका नं २५ :नेपालको गहुँ आयात

| नेपालको गहुँ आयातको विवरण (आर्थिक वर्ष २०७४/७५) | | | | |
|---|---|---|---|---|
| देश | परिमाण मे.ट.मा | मूल्य रु अर्बमा | प्रतिशत हिस्सा | प्रति केजी मूल्य रु मा |
| भारत | १०४८९५।५ | २।८४ | ९९।९९ | २७।०९ |
| अन्य | ३।५२७८ | ०।०० | ०।०१ | ७०।५७ |
| कुल | १०४८९९।१ | २।८४ | १००।०० | २७।०९ |

कृषि तथा पशुपंक्षी मन्त्रालय उत्पादन सम्बन्धी तथ्याङ्क तथा केन्द्रिय तथ्याङ्क विभागको मानवले प्रतिदिन उपभोग गर्ने परिमाण (प्रति वर्ष प्रति व्यिति २१.२ के.जी)लाई हेर्दा नेपाल गहुँमा बचतमा रहेको छ । नेपालले आ.व २०७४।७५को आयात तथ्याङ्क हेर्दा मुलुकमा करिव २.८४ अरव रुपैया बराबरको १०४८९९.१ मे. टन गहुँ आयात गरेको देखिन्छ । यो गहुँ मानव उपभोगका साथै विभिन्न मदिरा जन्य उद्योग, पशुपक्षीको आहार (दाना), चाऊचाऊ, विस्कुट, ओट्स,, पाउरोटी आदिमा उपयोग भइरहेको छ । यदि मुलुकमा सिंचाइ, उन्नत जातको बीउ र समयमा मलहरु पुऱ्याउन सकिएमा अधिक उत्पादन भई आयातलाई न्यून गर्न सकिन्छ ।

# मकै

तस्वीर नं. ३




श्रोतः कृषि अनुसन्धान परिषद

नेपालको अर्को प्रमुख खाद्यबालीमा मकै पनि पर्दछ । विश्वको कुल मकै उत्पादनमा नेपालको हिस्सा करीव ०.२० प्रतिशत रहेको छ । कृषि तथा पशुपक्षी विकास मन्त्रालयको तथ्याँक अनुसार सुदुरुपश्चिममा मकै उत्पादन ९८ हजार ९ सय ४७ मे.ट रहेको र औसत राष्ट्रिय उपभोगका आधारमा हिसाव गर्दा यस प्रदेशमा ४८ हजार ९ सय ६९ मे.ट. मकै उपभोग भई बाँकी ४९ हजार ९ सय ७८ मे.ट. बचत भएको देखिन्छ । मकैमा वचतको अवस्था देखिएतापनि यो मानव उपभोगका दृष्टिले मात्र बचत रहेको र औद्योगिक प्रयोजन, फ्लेक्स, मदिरा लगायत पशुआहारमा समेत प्रयोग हुने पक्षले गर्दा मकैको आयात गर्नु पर्ने अवस्था सिर्जिना भएको हो । अतः सूदुरपश्चिम प्रदेशमा रहेको मबैको वतच परिणाम अन्तरप्रदेश व्यापार तथा अन्य खाद्य उद्योगमा प्रयोग गर्न सकिने सम्भावना रहेको छ ।

यो परिणाम अन्तरप्रदेश व्यापार तथा अन्य खाद्य उद्योगमा प्रयोग गर्न सकिने सम्भावना रहेको छ । यस प्रदेशको गहुँ उत्पादनको हिस्सा नेपालको कुल मकै उत्पादनमा क्षेत्रफलमा ५.३४ प्रतिशत र उत्पादनमा ४.३० प्रतिशत हिस्सा रहेको देखिन्छ । राष्ट्रिय औसत प्रति हेक्टर उत्पादनलाई कायम राख्न सिंचाई मल, विऊ आदिको पर्याप्त व्यवस्था गर्न सकेको खण्डमा यस प्रदेशमा थप २३ हजार ७ सय ७१ मे.ट. मकै उत्पादन हुन सक्ने देखिन्छ ।

तालिका नं २६ : सुदूर पश्चिम प्रदेशमा मकैको उत्पादन जिल्लागत विवरण

| **विवरण** | **मकै** | | |
|---|---|---|---|
| **जिल्ला** | **क्षेत्रफल हेक्टर** | **उत्पादन मे.ट.** | **उत्पादन केजी प्रति हेक्टर** |
| बाजुरा | ७९० | १,१७१ | १,४८२ |
| बझाङ | ४,२०० | ५,४६० | १,३०० |
| दार्चुला | ५,५२३ | ११,०१२ | १,९९४ |

| | | | |
|---|---|---|---|
| अछाम | ६,६८५ | १४,७०७ | २,२०० |
| डोटी | ३,५०५ | ७,७११ | २,२०० |
| बैतडी | १४,५०० | २३,९२५ | १,६५० |
| डडेल्धुरा | ३,७५५ | १३,१४३ | ३,५०० |
| कैलाली | ६,१२५ | १५,६१८ | २,५५० |
| कञ्चनपुर | २,९५० | ६,२०० | २,१०२ |
| सुदरुपश्चिम प्रदेश | **४८,०३३** | **९८,९४७** | **२,०६०** |
| नेपाल | **९००,२८८** | **२,३००,१२१** | **२,५५५** |
| प्रदेशको हिस्सा | ५।३४ | ४।३० | |
| राष्ट्रिय औसत कायम राख्दा हुने थप उत्पादन | | | २३,७७१ |
| भारतको उत्पादकत्व कायम राख्दा हुने थप उत्पादन मे.ट. | | | ५०९१५ |
| *ब्राजीलको उत्पादकत्व कायम राख्दा हुने थप उत्पादन मे.ट. | | | १७०९१५ |

* स्टाटिकाडटकम र कृषि तथा पशुपक्षी  विकास मन्त्रालय २०७३।७४

तालिका नं. २७ : सुदूरपश्चिम प्रदेशमा मकैको उत्पादन र उपभोग

| सुदूरपश्चिम प्रदेशमा मकैको उत्पादन स्थिति | |
|---|---|
| विवरण | परिमाण  मे.ट. |
| उत्पादन | ९८,९४७ |
| उपभोग (राष्ट्रिय औसतमा) | ४८,९६९ |
| सन्तुलन | ४९९७८ |

तालिका नं. २८ : नेपालको मकै आयातको विवरण

| नेपालको मकै आयातको विवरण (आर्थिक वर्ष २०७४/७५) | | | | |
|---|---|---|---|---|
| देश | परिमाण मे.ट.मा | मूल्य रु अर्बमा | प्रतिशत हिस्सा | प्रति केजी मूल्य रु मा |
| भारत | ४६०,२२८ | ११।५ | ९६।७ | २५।०३ |
| अन्य | ६,६२४ | ०।४ | ३।३ | ५९।३६ |
| कुल | ४६६,८५२ | ११।९ | १००।० | २५।५१ |

तालिका नं २९ : मकै उत्पादनका प्रमुख मुलुकहरुको मकै उत्पादकत्वको विवरण

| केही प्रमुख मुलुकहरुको विश्वको मकैको उत्पादकत्व मे.ट. प्रतिहेक्टर, २०१७ | | | | | | |
|---|---|---|---|---|---|---|
| बाली | **ब्राजील** | **चीन** | **भारत** | **नेपाल** | **रुस** | **युएसए** |
| मकै | ५।६२ | ६।११ | ३।१२ | २।५५ | ४।९० | ११।०८ |

**उखुः**

सुदूरपश्चिम प्रदेशमा उखु उत्पादन भई त्यसबाट चिनी तथा स्पिरीट समेत उत्पादन हुने गरेको छ ।

तालिका नं ३० : सुदूर पश्चिम प्रदेशमा उखु उत्पादन

| **सुदूर पश्चिम प्रदेशमा उखु उत्पादन** | | | | * सुदूरपश्चिममा अनुमानित चिनी उत्पादन मे.ट. |
|---|---|---|---|---|
| विवरण | क्षेत्रफल हेक्टरमा | उत्पादन मे.ट. मा | उत्पादकत्व प्रति हेक्टर प्रति केजी | |
| ऊखु | ५,६६५ | २४६,४७० | ४३,५०८ | २४६४७ |
| भारतको औसत उखू उत्पादन कायम गर्दा हूने थप उत्पादन मे.ट.मा | | | | २०६७३ |
| * दश मे.ट. उखुबाट १ मे.ट. चिनी उत्पादनलाई आधार मान्दा | | | | |

फोर्ब्सइण्डियाका अनुसारमा भारतमा प्रति हेक्टर उखु उत्पादन औसत ८० मे.ट. रहेको सन्दर्भमा सुदूरपश्चिम प्रदेशमा पनि वर्तमान उखुखेतीलाई नै कायम राखी उत्पादकत्व वृद्धि गर्ने हो भने थप २१ हजार मे.ट चिनी उत्पादन हुन सक्ने देखिन्छ। नेपालको औसत चिनी खपतको तथ्याँकलाई हेर्दा सुदूरपश्चिम प्रदेशमा करिव २१ हजार मे.ट. चिनी आवश्यक रहेको र बाँकी २४ हजार मे.ट. चिनी अन्य प्रदेशमा आपूर्ति गर्न सकिने या विदेश निर्यात गर्न सक्ने देखिन्छ।

तालिका नं. ३१ : नेपालको चिनी आयात

| नेपालको चिनी आयातको विवरण ( आर्थिक वर्ष २०७४/७५) | | | | |
|---|---|---|---|---|
| देश | परिमाण मे.ट. | मूल्य रु अर्बमा | प्रति केजी मूल्य | प्रतिशत हिस्सा |
| पाकिस्तान | १३३,१५९ | ५।८३ | ४३।७८ | ५०।८ |
| भारत | ५६,२०५ | ३।१९ | ५६।६९ | २७।८ |
| इजिप्ट | १६,१२५ | ०।९९ | ६१।३० | ८।६ |
| बँगलादेश | ७,३०७ | ०।३६ | ४९।४७ | ३।२ |
| थाइलेण्ड | ५,८२७ | ०।३३ | ५७।२४ | २।९ |
| अन्य | १४,३५७ | ०।७७ | ५३।८३ | ६।७ |
| कुल | २३२,९८० | ११।४७ | ४९।२४ | १००।० |

श्रोतः व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र

## आलु

तस्वीर नं ४:



तस्वीर श्रोतः डा. कालिकाप्रसाद उपाध्याय

नेपालको प्रमुख तरकारीमा आलु पनि पर्दछ । विश्वको कुल आलु उत्पादनमा नेपालको हिस्सा २६ औं स्थान सहित नेपालको कुल हिस्सा करीव ०.७ प्रतिशत रहेको छ । कृषि तथा पशुपक्षी विकास मन्त्रालयको तथ्याँक अनुसार सुदुरपश्चिम प्रदेशमा आलु उत्पादन २ लाख ३ सय ६८ मे.ट रहेको छ ।

तालिका नं. ३२ : सुदूरपश्चिम प्रदेशमा आलुको उत्पादन

| सुदूरपश्चिम प्रदेशमा आलुको उत्पादन | | | |
|---|---|---|---|
| **जिल्ला** | **क्षेत्रफल** | **उत्पादन मे.ट** | **उत्पादन केजी प्रति हेक्टर** |
| बाजुरा | १,८५५ | २०,२७५ | १०,९३० |
| बझाङ | १,४०४ | १२,९०० | ९,१८८ |
| दार्चुला | ६५८ | ८,४२७ | १२,८०७ |
| अछाम | ४११ | ३,७०५ | ९,०१३ |
| डोटी | २,४०५ | ३२,५५० | १३,५३४ |
| बैतडी | ६६५ | ७,४४८ | ११,२०० |
| डडेल्धुरा | ८३८ | १४,०४७ | १६,७६३ |

| | | | |
|---|---|---|---|
| कैलाली | ५,०१० | ७५,१०० | १४,९९० |
| कञ्चनपुर | १,६७२ | २५,९१६ | १५,५०० |
| सुदरुपश्चिम प्रदेश | १४,९१८ | २००,३६८ | १३,४३१ |
| नेपाल | १९४,११५ | २,६९१,०३७ | १३,८६३ |
| प्रदेशको हिस्सा | ७.७ | ७.५ | |
| राष्ट्रिय औसतलाई कायम राख्दा हुने थप उत्पादन | | | ६४४४ मे.ट. |
| *भारत उत्तरप्रदेशको औसत प्रति हेक्टर २३.९ मे.ट. लाई आधार मान्दा हुने थप उत्पादन | | | १४९७४७ |

*म्याप्सअफइण्डियाडटकम

तालिका नं. ३३ : नेपालको आलु आयातको विवरण

| नेपालको आलु आयातको विवरण (आर्थिक वर्ष २०७४/७५) | | | | |
|---|---|---|---|---|
| देश | परिमाण मे.ट.मा | मूल्य रु अर्बमा | प्रतिशत हिस्सा | प्रति केजी मूल्य रु मा |
| भारत | ३६०,२९७ | ५।९५ | ९६।३४ | १६।५० |
| बँगलादश | १७,४७९ | ०।२३ | ३।६६ | १२।९४ |
| अन्य | १ | ०।०० | ०।०० | २४।१४ |

## ऊन

तस्वीर नं. ५



श्रोतः इसिमोड

सुदूरपश्चिमका बाजुरा बझाङ, दार्चुला र कैलाली जिल्ला( स्थानीय भेडा) मा प्रशस्त मात्रामा भेडा उत्पादन हुने गरेको पाइन्छ । यी भेडाहरुबाट बार्षिक सरदर ५ सय ९४ मे.ट. ऊन उत्पादन गरेको पाइन्छ । यस क्षेत्रमा उन्नत्त भेडापालन गर्ने हो भने वार्षिक ३ हजार ६  सय मे.ट ऊन उत्पादन गर्न सकिन्छ । नेपालले वार्षिक रु ३.३२ अर्बको करिव ५.५ मे.ट ऊन आयात गरिरहेको सन्दर्भमा सुदूरपश्चिम प्रदेशमा उन्नत जातको भेडापालन गर्ने हो भने उक्त आयातको ठूलो हिस्सा प्रतिस्थापन गर्न सकिने सम्भावना एकातिर रहेको छ भने अन्य प्रदेश खपत हुने ऊन पनि यो प्रदेशबाट आपूर्ति गर्न सकिने देखिन्छ ।

तस्वीर नं. ३४ :सुदुरपश्चिम प्रदेशमा उत्पादन भईरहेको र हुन सक्ने ऊन उत्पादन

| सुदुरपश्चिम प्रदेशमा उत्पादन भईरहेको र हुन सक्ने ऊन उत्पादन | | | | |
|---|---|---|---|---|
| जिल्ला | भेडाको संख्या | ऊन केजीमा | प्रति भेडा प्रति केजी उत्पादन | न्युजीलेण्डको उत्पादनलाई कायम राख्दा हुने थप उत्पादन प्रति भेडा ४.५ केजीका दरले |
| बाजुरा | २१२४८ | १५७८७ | ०।७४ | ९५,६१६ |
| बझाङ | २५२२३ | १८७४१ | ०।७४ | ११३,५०४ |
| दार्चुला | २२८८८ | १७००६ | ०।७४ | १०२,९९६ |
| अछाम | ३०८५ | २४५१ | ०।७९ | १३,८८३ |
| डोटी | ६६५ | ४९१ | ०।७४ | २,९९३ |
| बैतडी | ७४५ | ५५४ | ०।७४ | ३,३५३ |
| डडेल्धुरा | ४५७ | ३२० | ०।७० | २,०५७ |
| कैलाली | २०२२५ | १५०२७ | ०।७४ | ९१,०१३ |
| कञ्चनपुर | ७९५३ | ५९०९ | ०।७४ | ३५,७८९ |
| प्रदेशको कुल | १०२४८९ | ७६२८६ | ०।७४ | ४६१,२०१ |
| नेपालको कुल | ८०१९७५ | ५९४३१२ | ०।७४ | ३,६०८,८८८ |

# निर्यात सम्भाव्य वस्तु तथा सेवाहरुको विश्लेषण

## जैविक तरकारी:

तस्वीर नं ६



श्रोत: कृषि अनुसन्धान परिषद

सुदूरपश्चिम प्रदेश भारतको आर्थिक गतिविधिको महत्वपूर्ण केन्द्र नयाँ दिल्लीको नजिकको प्रदेशका रहेको छ । विश्व भरी उक्त क्षेत्रमा विषादी रहित रैथाने जातको र मौसमी तरकारीको नेपाल लगायत विश्व भरी नै आकर्षण बढ्दो छ । सुदूरपश्चिम प्रदेशको भूगोलमा हिमाली पहाडी र तराई तीनवटै भुभागमा फरक फरक मौसममा रैथाने जातका तरकारी उत्पादन गरी भारतीय बजारमा निकासी गर्न सकिने सम्भावना रहेको छ । साथै मुलुकका अन्य प्रदेशहरुलाई यस प्रकार तरकारीहरु आपूर्ति गर्ने पनि सम्भावना देखिन्छ ।

तालिका नं ३५ : नेपालको आलु उत्पादनको विवरण

| विवरण | उत्पादन मे.ट. | विवरण | उत्पादन मे.ट. |
|---|---|---|---|
| काउली | २१,९१८ | अबकरे | २६९ |
| बन्दा | २४,३१२ | खुसार्नी | २०,८७१ |
| ब्रोकाउली | ९३० | भाण्टा | १४,८८३ |
| टमाटर | २२,६९१ | प्याज | २१,३२३ |
| मुला | २१,०१३ | काक्रो | २१,१५९ |
| साग | १२,५५१ | फर्सी | १४,८१२ |
| गाँजर | ६७१ | तितेकरेला | ८,५३२ |

| विवरण | उत्पादन मे.ट. | विवरण | उत्पादन मे.ट. |
|---|---|---|---|
| गाण्टेमुला | २३३ | बरेला | ३१८ |
| भेडे खुर्सानी | १,२५६ | घिरौला | ६,४४७ |
| केराऊ कोसा | ३,४८७ | चिचिण्डो | ५,०३९ |
| गेडागुडी | ३०५७८ | लौका | १३,५१० |
| रुख टमाटर | २० | कुपिण्डो | ६४६ |
| तरबुजा | ५,७११ | धनियाको पात | ५,९६९ |
| | | मेथीको पात | ६,००६ |

श्रोतः कृषि तथा पशुपक्षी विकास मन्त्रालय

भारतमा पनि तरकारीको आयात बढ्दो देखिन्छ । भारतको वाणिज्य विभागबाट प्रकाशित तथ्याँक अनुसार समग्र तरकारीको आयात रु १ अर्ब ३६ करोड पुगेको छ जुन अघिल्लो आर्थिक वर्षको तुलनामा करिव ३६ प्रतिशले बढी हो । भारतीय जनताको बढ्दो क्रयशक्ति र भारतमा तरकारी आयातको बढ्दो आँकडाले सुदूरपश्चिम प्रदेशको तरकारी भारत निर्यात गर्न सकिने सम्भावना देखिन्छ ।

तालिका नं ३६ : भारतको तरकारीको आयात

| भारतको तरकारीको आयात मूल्य रु करोडमा | | | |
|---|---|---|---|
| तरकारीको नाम | सन् २०१६।१७ | सन् २०१७।१८ | वृद्धि प्रतिशत |
| आलु | | १।५ | |
| प्याज | ०।३ | १९।० | ५,४६८।० |
| लसुन | ०।१ | ०।७ | ७६९।९ |
| दद्‌ | | १।० | |
| कोहरबवी | ६।९ | ७।४ | ७।७ |
| अन्य तरकारी | ०।१ | ०।१ | १७।५ |
| कन्दमूल | ०।१ | ०।२ | १२२।३ |
| कोसा तरकारी | | ०।६ | |
| कुरिलो | ५।९ | ७।३ | २३।९ |
| भेडेखुसार्नी | ०।० | ०।१ | ५०।५ |
| अन्य कोसा | ४।० | ३।१ | −२३.५ |
| स्वीट कर्न | ०।५ | ०।७ | ३९।४ |
| अन्य तरकारी | ०।० | ०।२ | ७८१।८ |
| प्रिजर्भड ओलिभ | १५।० | १६।५ | १०।२ |
| काका प्रिजभ्ढ | ०।१ | ०।५ | २८१।२ |
| च्याऊ | ०।२ | ०।७ | २५३।५ |
| अन्य च्याऊ | ३।२ | २।७ | −१४.३ |
| मिश्रित्र तरकारी | ६।७ | १२।० | ७७।५ |
| सुख्खा प्याज | ३।२ | ४।० | २६।६ |
| सुख्ख च्याऊ | २।८ | ०।५ | −८२.८ |

| तरकारीको नाम | सन् २०१६।१७ | सन् २०१७।१८ | वृद्धि प्रतिशत |
|---|---|---|---|
| ट्रफल | १।९ | १।० | −४८.९ |
| अन्य | ४९।४ | ५७।० | १५।३ |
| कुल | १००।६ | १३६।८ | ३६।० |

श्रोत: वाणिज्य विभाग, भारत सरकार

# जैतुनको तेल

तस्वीर नं. ७



श्रोत: दि हिमालयन टाइम्स

## पृष्ठभूमि:

ओलिभ तेल विश्वको खाद्य तेल परिकारको प्रमुख वस्तुका रुपमा रहेको छ । यस बालीलाई अंग्रेजीमा ओलिभ (Olive) र संस्कृत, हिन्दी, नेपाली, अरबिक भाषामा जैतुन (Jaitun) भनिन्छ । युरोपमा खेती गरिने जैतुनको बैज्ञानिक नाम ओलिया युरोपा (Olea europaea var. Sativa L.) हो र नेपालको उत्तर-पश्चिमी जिल्लाहरुमा पाइने स्थानीय जातको जंगली जैतुनलाई (Olea cuspidata) भनिन्छ । भूमध्य सागरीय क्षेत्र जैतुन खेतीको लागि उर्बर भूमि भएकोले परापूर्वकाल देखि यसको खेती गरिदैं आएको छ र आज पनि विश्वमा जैतुनको कूल खेती मध्ये ९५ प्रतिशत खेती त्यही क्षेत्रमा गरिन्छ ।

जैतुनको तेल खान र घस्नको लागि सबै तेल मध्ये उत्तम मानिन्छ । यो तेलमा चिल्लो एवं लेसिलोपन कम हुने भएकोले रोगी, बालक, बृद्ध र मोटा मानिस समेतले सहजै सेवन गर्न सक्छन् ।

## नेपालमा जैतुन (ओलिभ) को अवस्था

रैथाने जातको जङ्गली जैतुन परापूर्व कालदेखि प्राकृतिक रुपमा पहाडको १००० मिटर देखि २३०० मिटरको उचाईमा हुर्कदै-फैलिदै आएको देखिन्छ । नेपालको सन्दर्भमा जैतुनलाई मुख्य रुपमा अक्षांशको हिसाबले नपुग्ने चिसो पहाडको उचाइले पूरा गर्ने, वार्षिक वर्षा पनि कम (१००० मि. मि. भन्दा तल) हुने, करिब तीन महिना चिसो हुने र बाँकी नौ महिना न्यानो हुने भएको कारणले उत्तर-पश्चिम क्षेत्र जैतुन खेतीको लागि उपयुक्त देखिएको छ । यस क्षेत्रमा विशेष गरेर बझाङ, बाजुरा, मुगु, हुम्ला, कालिकोट, डोल्पा, रुकुम, जाजरकोट, मुस्ताङ्गको जंगली जैतुन पाइने सूक्ष्म पकेट क्षेत्र मा उन्नत जातका जैतुन राम्रो हुन सक्ने देखिएको छ । सन् १९७८ देखि नेपालका विभिन्न ठाउँमा विभिन्न समयमा केही जैतुनका विरुवा लगाउने काम भएपनि वैज्ञानिक ढङ्गले व्यवस्थित रुपमा नेपाल सरकारको अनुरोध र पहलमा इटली सरकारको आर्थिक सहयोग एवं को प्राविधिक सहयोगमा बाजुराको कोल्टी र डोल्पाको जुफालमा २८ जातका युरोपियन जैतुन विरुवा सन् २००६ मा लगाई अध्ययन परीक्षण बगैंचा स्थापना गरिएको छ । ती प्रयोगहरु सन्तोषजनक पाइए पछि नेपाल सरकारले जैतुन विकासका लागि आ.व. २०७२।०७३ देखि २०८१।०८२ सम्मको १० वर्षे कार्यविधि बनाई कार्यक्रम सुरु गरेको छ । बाजुरा जिल्लालाई जैतुन जोन घोषणा गरी त्यस क्षेत्रमा जैतुन विकासका निम्ति कार्य थालनी गरेको छ र बाजुराकै कोल्टी क्षेत्रमा फलफूल विकास निर्देशनालय अन्तरगत जैतुन विकास केन्द्र स्थापना हुने भएको छ । (श्रोतः फलफुल विकास निर्देशनालय, कीर्तिपुर) ।

## ओलिभ तेलको विश्व उत्पादनको अवस्थाः

विश्वका ओलिभ तेलको उत्पादनमा युरोपेली र मध्यपूर्व एशियाली तथा उत्तरी अफ्रिकी देशहरुको वर्चस्व रहेको छ । यी देशहरुले मात्र विश्वको ओलिभ तेल उत्पादनको करिव ८४ प्रतिशत हिस्सा ओगटेको पाइन्छ ।

तालिका नं. ३७: ओलिभ तेलको प्रमुख उत्पादनकर्ताहरु

| **ओलिभ तेलको प्रमुख उत्पादनकर्ताहरु (२०१६र१७)** | |
|---|---|
| देश | उत्पादन टनमा |
| स्पेन | १,२९०,६०० |
| ग्रीस | १९५,००० |
| इटाली | १८२,३०० |
| टर्की | १७८,००० |
| मोरोक्को | ११०,००० |
| सिरिया | ११०,००० |
| ट्युनिशिया | १००,००० |
| अन्य | ४२०,६०० |
| विश्वको कुल | २,५८६,५०० |

श्रोतः विकिपिडिया

तालिका नं. ३८ ओलिभ तेलको विश्व व्यापारको स्थितिः

| ओलिभ तेलको विश्व आयात | |
|---|---|
| आयातकर्ता | मूल्य हजार युएस डलरमा |
| विश्व | ८४६७२६३ |
| इटाली | १८६१२६१ |
| युएसए | १५२४५४४ |
| स्पेन | ५९८५११ |

| आयातकर्ता | मूल्य हजार युएस डलरमा |
|---|---|
| फ्रान्स | ५६८७७९ |
| ब्राजील | ४३५२४७ |
| पोर्चुगल | ३९३४०१ |
| जर्मनी | ३३७९४९ |
| जापान | ३१८७१४ |
| युके | २८४३४८ |
| क्यानडा | २२९३०० |
| चीन | १६७८११ |
| अन्य | १७४७३९८ |

श्रोत: आइटिसी

तालिका नं. ३९: ओलिभ तेलको विश्व निर्यात

| निर्यातकर्ता | मुल्य यूएस डलरमा |
|---|---|
| विश्वको कुल | ८१५७४५८ |
| स्पेन | ३५८१११५ |
| इटाली | १६४२१४७ |
| ट्यनिशिया | ७५१५६३ |
| पार्चुगाल | ६८२०४१ |
| ग्रीस | ६७७१०१ |
| टर्की | २३९६०० |
| अजेनिटना | ७७३३१ |
| सिरिया | ७६६२० |
| चिली | ७१२८९ |

## सूदूर पश्चिचम प्रदेशमा ओलिभ तेल उत्पादनको सम्भावना

फलफुल विकास निर्देशनालयका अनुसार बाजुरामा हाल २० हजार हेक्टर क्षेत्रफलमा ओलिभका बोटहरु फैलिएका छन् । बाजुरा जिल्लाको ओलिभ तेलको सम्भावना र बजारलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

- बाजुरा: २०००० हेक्टर (श्रोत, फलफुल विकास निर्देशनालय)
- उत्पादकत्व: विश्वको औसत १.८ मेट
- बाजुरामा तत्काल गर्न सकिने अनुमानित उत्पादन : ३६००० मेट
- तेलको उत्पादन (दानाको तौलको ३० प्रतिशत): : १२००० मेट
- नेपालको जैतुनको तेलको आयातको औसत मूल्य: रु ४३९.३८
- बाजुराको जैतुनको तेलको कुल मूल्य: रु ५.२७ अर्ब अनुमानित
- स्वदेशको आयात प्रतिस्थापन: रु ०.०५ अर्ब
- निर्यात गर्न सकिने मूल्य: रु ५.२२ अर्ब बजार
  भारतमा हाल उपलब्ध बजार: रु ४.४ अर्ब
  चीनमा हाल उपलब्ध बजार: रु १८.५ अर्ब

## ओलिभ तेल क्षेत्रमा नेपालमा विद्यमान समस्याः

सरकारको प्राथमिकता, विश्वको आकर्षक बजारमा र स्वदेशमा पनि ओलिभ तेलको उपभोग गर्न प्रवृत्तिमा आएको वृद्धिका बाबजुद पनि ओलिभ तेलको विकास अझै पनि शैशवास्थामा नै रहेको छ । विशेष गरी जैतुनको खेती विस्तार, तेल निकाल्ने, त्यसको बजारीकरण गर्ने र गुणस्तर कायम गर्ने विषयमा समानुपातिक रुपमा अघि बढ्न नसक्दा यस क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको छैन ।

### लक्षित बजारः

ओलिभ तेलको लागि चीन, युरोपियन युनियन, भारत तथा संयुक्त राज्य अमेरिका प्रमुख बजारमा रुपमा रहेका छन् । यी बजारमा हरुमा ओलिभ तेल निर्यात गर्न सम्वन्धित मुलुकले लागु गरेका गुास्तरका प्रावधानहरु विशेष गरी साइटोएण्डफाइटो सेनिटरीको प्रमाणपत्र, लेबलिङ (स्टोरेजको अवस्था, सम्भावित हानीकारक तत्वको जानकारी), आयात अनुमति र आयात गरिने उत्पादन दर्ता, सुक्ष्म जीवाणु सीमा र एमआरएल सम्वन्धी प्रावधानको पालना, रेक्समा दर्ता भई सो अनुसार निर्यात गरिनुपर्ने आवश्यक देखिन्छ ।

### ओलिभ तेलको विकासका लागि चालिनु पर्ने कदमहरुः

### (क) आर्थिक प्राविधिक सहयोगः

ओलिभ तेलको विकास गरी यसलाई निर्यात प्रवर्द्धन, आयात प्रतिस्थापन,  स्थानीय रोजगारी सिर्जना, गरिबी निवारण तथा समानुपातिक विकास प्रवर्द्धनका लागि ओलिभ तेलको विकास गरिनु अति आवश्यक छ । यसका लागि जैतुन खेतीको विकास र विस्तारका लागि विशेष गरी सरकारले छनौट गरेको बाजुरा जिल्लामा स्थानीय कृषकहरुलाई आवश्यक विरुवा लगायत आर्थिक र प्राविधिक सहयोग गरिनु अति जरुरी छ ।

### (ख) खरिदको प्रत्याभूतिः

यसका साथै जैतुन उत्पादक कृषकहरुको उत्पादनको खरिद गर्न सरकारले खरिदको प्रत्याभूतिको व्यवस्था गर्नु पनि त्यत्तिकै आवश्यक छ ।

(ग) आधुनिक कारखाना स्थापनामा सरकारको सहयोगः

ओलिभ तेलको प्रशोधन र प्रविष्टनका लागि आधुनक ओलिभ मिल स्थापनामा निजी क्षेत्र र सरकारीक्षेत्रले संयुक्त पहलकदमी लिनु आवश्यक छ ।

(घ) गुणस्तर प्रमाणीकरणको प्रयोगशाला स्थापनाः

ओलिभ तेलको गुणस्तर प्रमाणीकरणका लागि आवश्यकपर्ने प्रयोगशाला र मान्यता प्राप्त प्रमाणपत्रको व्यवस्था गर्नु अझ बढी टड्कारो आवश्यकताका रुपमा देखा परेको छ ।

### (ङ) विदेशी लगानीः

ओलिभ तेलको सन्दर्भमा मुलुकभित्र अनुभवको कमी एकातिर रहेको छ भने अर्कोतिर यसको उत्पादन, प्रशोधन र बजारीकरणमा हामी धेरै नै पछि छौं । यस कमजोर पक्षलाई सम्वोधन गर्न ओलिभ तेलको उत्पादन, प्रशोधन र बजारीकरणमा सिद्धहस्त मानिएका र कहलिएका देशहरु स्पेन, इटाली, पोर्चुगल, ग्रीस, जर्मनी लगायतका देशहरुका निजी क्षेत्रसँग सहकार्यहरु हुन पनि त्यत्तिकै जरुरी छ । विशेष गरी यस क्षेत्रमा वैदेशिक लगानीका माध्यमबाट प्रविधि हस्तान्तरण र बजार विस्तार गर्ने रणनीति अँगीकार गर्नु उचित देखिन्छ ।  विशेष गरी टिस्टुङ क्षेत्रमा जर्मनीको सँलग्नता र बाजुरामा

इटालीको संलग्नताबाट ओलिभ तेलमा यी दुई देशको ईच्छा कुनै न कुनै रुपमा प्रकट भएको छ । उता भारत र चीन पनि ओलिभ तेलको आयातकर्ताका रुपमा उदाईरहेको परिप्रेक्ष्यमा जर्मनी, इटाली, भारत र चीनको सहकार्यमा नेपाली कृषक, उद्यमी र व्यवसायहरुको संयुक्त पहलकदमीमा नेपाललाई ओलिभ तेलको दक्षिण तथा पूर्वी एशियाको केन्द्र बनाउने गरी रणनीतिहरु तर्जुमा गर्नु आवश्यक देखिन्छ ।

### (च) थप जिल्लाका खेती विस्तारः

हाल बाजुरमा मात्र सीमित रहेको ओलिभ तेलको संभावनाहरु बझाङ, अछाममा पनि उत्तिकै रहेको अवस्थालाई समेत दृष्टिगत गर्दा सुदूरपश्चिमका पहाडका जिल्लाहरुले सिंगो दक्षिण र पूर्वी एशियामा उपलब्ध ओलिभ तेलको मागलाई सहजै धान्न सक्ने क्षमता राख्दछन् ।

### (छ) बजार प्रवर्द्धनः

अन्तर्राष्ट्रिय मेला प्रदर्शनीमा व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको पहलमा निरन्तर सहभागिता, बिटुबी सम्मलेनको आयोजना गरिनु पनि आवश्यक देखिन्छ ।

### (ज) आन्तरिक बजार प्रवर्द्धनः

मुलुक भित्र पनि ओलिभ तेलको महत्वका बारेमा पर्याप्त जानकारी हुन नसकिरहेको परिप्रेक्ष्यमा ओलिभ तेलको तेलको बारेमा सँगठित प्रचारप्रसार गरिन संस्थागत व्यवस्था हुन पनि जरुरी छ ।

## जडीबुटी

तस्वीर नं.८



**श्रोतः नेपाल स्वास्थ्य अनुसन्धान परिषद**

सुदूरपशिचम प्रदेश जडिबुटीको भण्डार नै हो । सम्वन्धित जिल्ला बन कार्यालयहरुले गरेको अध्ययन अनुसार सुदूरपशिचम प्रदेशमा करिव ६ हजार २ सय ७१ मे.ट. जडीबुटी संकलन गर्न सकिने अवस्था विद्यमान रहेको देखिन्छ । जबकि गत आर्थिक वर्षमा नेपालकै कुल जडीबुटी निर्यात ५ हजार ५ सय २६ मे.ट. मात्र रहेको थियो । नेपालको गत आर्थिक वर्षमा निर्यात भएको जडीबुटीहरुको औसत मूल्यलाई आधार मान्ने हो भने पनि सुदूरपशिचम प्रदेशमा वार्षिक रुपमा रु १ अर्ब २४ करोडको जडीबुटी निकासी गर्न सकिने सम्भावना देखिन्छ । उपलव जडीबुटीहरुको दीगो पक्षलाई समेत दृष्टिगत संकलनका

साथ साथै रोपण कार्यलाई पनि सोही अनुरुप अनिवार्य गरिनु आवश्यक देखिन्छ। यी व्यवस्थाहरुबाट एकातिर यस प्रदेशबाट विदेशमा जडीबुटी निर्यातबाट प्रशस्त लाभ लिन सकिने अवस्था रहेको छ भने अर्कोतिर प्रदेशस्तरमा आयुर्वेर्दित औषधी उत्पादनका लागि चाहिने कच्चापदार्थ र अन्य प्रदेशका आयुर्वेदिक औषधी उत्पादन उद्योगलाई चाहिने जडीबुटी आपूर्ति समेत गर्न सक्ने देखिन्छ।

तालिका नं ४० : सुदूरपश्चिम प्रदेशमा उत्पादन हुने प्रमुख जडिबुटीहरु

| क्र.सं | जिल्ला | प्रमुख जडिबुटीहरु |
|---|---|---|
| १ | कैलाली | कुरिलो, मेन्था, अमला, सर्पगन्धा |
| २ | कञ्चनपुर | तेजपात, अमला, बोभ्फो, कुरिलो, सिकाकाई, पिपला, सतावरी, हर्रो, बर्रो, भ्याकुर |
| ३ | अछाम | अमला, भ्र्याउ, काउलो र पावन, रिठा, तेजपात र दालचिनी, लोक्ता, अल्लो, बोभ्फो, चुत्रो, लौठसल्ला, तितेपाती, टिमुर, चिराईतो, कुरिलो, पाखनवेद, सुगन्धवाल, सिस्नु, जिवन्ती/सुनगाभा |
| ४ | डोटी | अमला, रिठा, टिमुर, ओखर, हर्रो, बर्रो, बेल, तेजपात, लौठसल्ला, असुरो, सिस्नु, तितेपाती, अल्लो, लोक्ता, भोर्लाको बोक्रा, काउलो, दालचिनी, दार गिठी बोक्रा, चुत्रो, चिराईतो, सुगन्धवाल, पाखनवेद, बोभ्फो, विषजरा, सतुवा, कुरिलो गुच्ची च्याऊ, जिवन्ती (प्रतिवन्धित) भ्र्याउ (प्रतिवन्धित) |
| ५ | डडेल्धुरा | भ्र्याउ, सुगन्धवाल, बोजो, तेजपात, खोटो, रिठा, टिमुर, पाषाणवेद |
| ६ | बैतडी | तेजपात, अमला, रिठा, पाषणभेद, सुनगाभा, सुनाखरी, काउलोको बोक्रा, बोभ्फो, च्याउ, चुत्रो, भ्र्याउ, चिराइतो, सोमलता, काकडसिंगे, कुरिलो, सुगन्धवाल, गर्जोलहरौ, बेलदाना, लोक्ता |
| ७ | दार्चुला | तेजपात, रिठा, काउलो बोक्रा, पाषणवेद, अमला, दालचिनी बोक्रा, चुत्रो वोक्रा, सुगन्धवाल, टिमुर, यार्सागुम्वा, साधारण च्याउ,, गुच्ची च्याऊ, चिराईतो। |
| ८ | बभ्फाङ | यार्सागुम्बा, कुड्की, काउलो, चिराइतो, सतुवा, विष जरा, तेजपात, दालचिनी, सुगन्धवाल, पाँचआउँले, पाषणबेद, बन लसुन, सेतकचिली, कालो मुस्ली, सेतो मुस्ली, भेंडाक्षेती |
| ९ | बाजुरा | पाँचआउँले, पाषणबेद, तिम्मुर, कुरिलो, चिराइतो, गिद्धीगानो, सतिस, तेजपात, चुत्रो, कुड्की, सिकाकाई, बायजडी, निरविसी, पदमचाल, मजेठो, बोभ्फो, लौठ, किम्बु, ओखर, सिलाजित, विषकाब्रो, गुज्रो, पिपली, ऐजरु, सुगन्धवाल, सुनपाती, कालादाना, काँकडसिगी, बर्जदन्ति, गुच्ची च्याउ, भ्र्याउ, भोजमत्र, विषजरा, मुश्ले, तन्जडी, यार्सागुम्बा |

तालिका नं. ४१ : २०७४ सालमा सुदूरपश्चिम प्रदेशमा संकलन गर्न सकिने जडीबुटी

| २०७४ सालमा सुदूरपर्श्चिम प्रदेशमा संकलन गर्न सकिने जडीबुटी | |
|---|---|
| जिल्ला | जडीबुटी परिमाण केजीमा |
| बभ्फाङ | १७५५३१५ |
| कैलाली | ५८०५०० |
| डोटी | ८६५५०० |
| कञ्चनपुर | ७०००० |
| बैतडी | ३४७७७० |
| डडेल्धुरा | ५८४००० |
| बाजुरा | ६०६१९८ |
| अछाम | ६८७३०० |
| दार्चुला | ७७४०५४ |
| कुल | ६२७०६३७ |

**श्रोतः सम्वन्धित जिल्ला वन कार्यालयका प्रकाशनहरु**

सन् २०१८ मा १ अर्ब ४४ करोड युएस डलर बराबरको जडीबुटी आयात भएको थियो । जडीबुटीको यो बजारलाई एकातिर नेपालले उपयोग गर्न सक्ने अवस्था विद्यमान छ भने अर्कातिर मूल्ययोग सहित नेपाली जडीबुटीहरुको वस्तु र बजार विविधिकरण गर्न सक्ने सम्भावना पनि देखिन्छ । सुदूरपश्चिम प्रदेशमा उपलब्ध जडीबुटीलाई दीगो व्यवस्थापनको विधिका बाट संकलन गरी भविष्यसम्म यस क्षेत्रलाई नेपालकै आय आर्जनको क्षेत्रका रुपमा विकास गर्न सकिने संभावना देखिन्छ ।

तालिका नं. ४२ : नेपालको जडीबुटी निर्यातको देशगत अवस्था

| नेपालको जडीबुटी निर्यातको देशगत अवस्था ( आर्थिक वर्ष २०७४।७५) | | |
|---|---|---|
| देश | परिमाण केजी | मूल्य रु मा |
| भारत | ३,१८१,४५५ | ७२८,४७३,९१६ |
| भियतनाम | १,८६५,३१५ | ११९,६६२,४३६ |
| हङकङ, चीन | ३०,५९७ | १०५,९९६,१४२ |
| फ्रान्स | २७,१४५ | ५३,४४२,६०५ |
| चीन | १२९,४२१ | ३४,२८५,६२८ |
| अन्य | २९२,००६ | ९१,८५२,२३६ |
| कुल | ५,५२५,९४० | १,१३३,७१२,९६३ |

**श्रोतः व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र**

## जडीबुटी आयातको विश्व अवस्था

तालिका नं. ४३ : विश्वको जडीबुटी आयातको अवस्था

**विश्वमा जडीबुटी आयात ( सन् २०१८)**

| आयातकर्ता | **मूल्य हजार युएस डलरमा** | **परिमाण टनमा** |
|---|---|---|
| विश्व | १४४३५५५ | ४२८००९ |
| युएसए | १६१९०३ | ८१६२३ |
| जर्मनी | १२९२७५ | २८०७८ |
| हङकङ, चीन | १११२५४ | ३५८०२ |
| युके | १००२१० | २३९३५ |
| जापान | ८५८९५ | ११५५४ |
| ताइवान, चीन | ४८५३२ | १२२७० |
| स्वीट्जेरलेण्ड | ४६९७२ | ५८४७ |
| द.कोरिया | ४०६०२ | १०१५० |
| सिंगापुर | ३८३०४ | ५२९१ |
| भियतनाम | ३७९८५ | १०७८७ |
| अन्य | ६४२६२३ | २०२६७२ |

**श्रोतः आइटिसी**

सुदूरपश्चिम प्रदेशमा उत्पादित जडीबुटीलाई प्रदेशस्तरमा आयुवेर्दिक औषधी उत्पादन, प्रशोधित जडीबुटीको निर्यात र भारतका अतिरिक्त अन्य मुलुकहरुमा पनि जडीबुटी निर्यात गर्न रणनीति लिन आवश्यक देखिन्छ ।

## टर्पेन्टाइन तेल, रोजिन एण्ड रेजिन तेल

सुदूरपश्चिम प्रदेशबाट निर्यात भईरहेको प्रमुख वस्तुमा रोजिन र रेजिन तेल पनि पर्दछ । सुदूरपश्चिम स्थित भन्सारकार्यालयहरुबाट आर्थिक वर्ष २०७४।७५ मा करीव रु ६० करोड बराबरको टर्पेन्टाइन तेल, रोजिन र रेजिन एसिड निर्यात भएको देखिन्छ । विश्वमा टर्पेन्टाइन तेल, रोजिन एण्ड रेजिन तेलको सन् २०१८ को आयात १.७८ अर्ब अमेरिकी डलर रहेको छ ।

तालिका नं. ४४ : २०७४ सालमा सुदूरपश्चिम प्रदेशमा संकलिन सकिने खोटो

| २०७४ सालमा सुदूरपश्चिम प्रदेशमा संकलन गर्न सकिने खोटो | |
|---|---|
| जिल्ला | परिमाण केजीमा |
| बझाङ | २९९८७२ |
| कैलाली | ४५६५००० |
| डोटी | ७४४००० |
| कञ्चनपुर | |
| बैतडी | ३८५६००० |
| डडेल्धुरा | ३५००००० |
| बाजुरा | ४१२५००० |
| अछाम | २९००००० |
| दार्चुला | १६६३२२ |
| कुल | २०१५६१९४ |

### टर्पेन्टाइन तेल तथा रोजिन र रोजिन एसिड निर्यात

तालिका नं. ४५ : टर्पेन्टाइन तेल तथा रोर्जिन र रेर्जिन एसिड निर्यात

| आर्थिक वर्ष २०७४।७५ मा टर्पेन्टाइन तेल तथा रोर्जिन र रेर्जिन एसिड निर्यातको विवरण | | | | |
|---|---|---|---|---|
| एसएसकोड | विवरण | इकाई | परिमाण | मूल्य रु मा |
| **३८०५१०००** | **टपेन्टाइन तेल** | केजी | **२,८९३,०५७** | **३३१,४१४,०१५** |
| | चीन | | ६० | ३,२०० |
| | पाकिस्तान | | ४३,२०० | ५,५७३,०१६ |
| | भारत | | २,८०८,५१७ | ३२१,०३७,७९९ |
| | नार्मिविया | | २०,६४० | २,४९६,००० |
| | निकारगुआ | | २०,६४० | २,३०४,००० |
| **३८०५९०००** | **कच्चा टपेन्टायन तेल** | केजी | **४७,३००** | **५,१३९,४५६** |
| | भारत | | ४७,३०० | ५,१३९,४५६ |
| **३८०६१०००** | **रोजि र रेजिन एसिड** | केजी | **१४,०२७,५२०** | **१,५९७,५०४,७४५** |
| | चीन | | ७२,००० | ९,६७९,१९० |
| | भारत | | १३,८९७,३२० | १,५८१,०२७,७९५ |
| | निकारगुआ | | ३८,८०० | ४,५३१,८४० |

| | | | | |
|---|---|---|---|---|
| | आइसल्याण्ड | | १९,४०० | २,२६५,९२० |

परन्तु खोटो संकलनमा दीगो पक्षलाई ध्यान नदिंदा यस उद्योगमा समस्याहरु देखा परेका छन् । त्यसैले वृक्षारोपण र खोटो संकलनलाई सँगसँगै लगेर यस उद्योगको विकास गर्नु आवश्यक देखिन्छ । यसले भारत लगायत अन्य लक्षित बजारमा खोटोका उत्पादनहरु निर्यात गर्न सकिने र स्वदेशी रँग उद्योगका लागि आवश्यक पर्ने कच्चापदार्थ परिपूर्ति गर्न सकिने देखिन्छ ।

तालिका नं.४६ :टर्पेन्टाइन तेलको विश्व आयात

| टर्पेन्टाइन तेलको विश्व आयात | | |
|---|---|---|
| आयातकर्ता | मूल्य हजार युएस डलरमा | प्रति मे.ट. मूल्य युएस डलरमा |
| विश्व | ३४४६६७ | |
| भारत | १७०५४७ | ३०८६ |
| मेक्सिका | २७७१४ | ३१३७ |
| चीन | २१४८८ | ३७७७ |
| युएसउ | १६३०२ | |
| जापान | १२७०१ | ३३५१ |
| अन्य | ९५९१५ | |
| | विश्वको रोजिन र रेजिन एसिड आयात | |
| आयातकर्ता | मूल्य हजार युएस डलरमा | प्रति इकाई मे.ट. मूल्य |
| विश्व | १४४६८२५ | १८१८ |
| जर्मनी | १५४१८५ | १८३८ |
| चीन | ११७१६९ | १४२८ |
| जापान | ११४७०६ | २०८३ |
| नेदरलेड्स | ९४८४५ | १७१० |
| भारत | ९१११६ | १५६२ |
| अन्य | ८७४८०४ | |

**श्रोतः आइटिसी**

## फलफुल:

सुदूरपश्चिम प्रदेशमा सबै प्रकारका फलफुलहरु उत्पादन हुने भौगोलक वातावरण उपलब्ध छ । सुदूरपश्चिम प्रदेशमा शीतकालीन फलफुलको सम्भावित क्षेत्रमा उत्पादन गर्ने हो भने थप ११ हजार मे.ट. फलफुल उत्पादन गर्न सकिने देखिन्छ । यसै गरी सबै सम्भावित क्षेत्रफलमा गृष्मकालीन फलफुल गर्ने हो थप १४ हजार मे.ट. फलफुल यस प्रदेशमा उत्पादन गर्न सकिन्छ । यसरी कुल २५ हजार मे.ट. बढी फलफुल उत्पादन गर्न सकिने सम्भावना यस प्रदेशमा रहेको छ । यसरी उत्पादन हुने फलफुल विदेशमा निर्यात गर्न सकिने सम्भावना रहेको छ ।

तालिका नं. ४७ : शीतकालीन फलफुल उत्पादनको स्थिति

| **शीतकालीन फलफुलहरु** | | | | | |
|---|---|---|---|---|---|
| **जिल्ला** | **उत्पादन हुन सक्ने क्षेत्रफल** | **उत्पादित क्षेत्रफल** | **उत्पादन** | **प्रति हेक्टर उत्पादन मे.ट.मा** | संभावित कुल उत्पादन मे.ट. |
| बाजुरा | ४३५ | १४४ | ७५१ | ५ | २,२७० |
| बझाङ | ७६७ | ३७३ | २,०८३ | ६ | ४,२७९ |
| दार्चुला | ३८० | १६९ | १,१३४ | ७ | २,५५० |
| अछाम | ३६६ | १४६ | ९५८ | ७ | २,३९५ |
| डोटी | ४१० | २५४ | १,१३६ | ४ | १,८३४ |
| बैतडी | ८५८ | ३९५ | २,३९२ | ६ | ५,१९५ |
| डडेल्धुरा | ४६६ | ३९० | ३,०३६ | ८ | ३,६३२ |
| कैलाली | १०२ | ६७ | ५७५ | ९ | ८७५ |
| सुदरुपश्चिम प्रदेश | ३,७८२ | १,९५९ | १२,१७६ | ६ | २३,५०४ |
| नेपाल | २७,९१८ | १३,९३७ | ९३५९२ | ७ | १८७,४८१ |

तालिका नं. ४८ : ग्रीष्मकालीन फलफुल उत्पादनको स्थिति

| **गृष्मकालीन फलफुलहरु** | | | | | |
|---|---|---|---|---|---|
| **जिल्ला** | **उत्पादन हुन सक्ने क्षेत्रफल** | **उत्पादितक्षेत्रपल** | **उत्पादन** | **प्रतिह हेक्टर उत्पादन मे.ट.मा** | हुन सक्नेकुल उत्पादन मे.ट. |
| बाजुरा | ५५ | १३ | ९८ | ७।५ | ४१५ |
| बझाङ | २९ | १७ | ८९ | ५।२ | १५२ |
| दार्चुला | २२८ | ९७ | ८८१ | ९।१ | २,०७१ |
| अछाम | २२६ | ५४ | ३७० | ६।९ | १,५६३ |
| डोटी | ५०६ | १२३ | १,०१७ | ८।३ | ४,१९१ |
| बैतडी | २२९ | ५५ | ५२४ | ९।६ | २,२०० |
| डडेल्धुरा | ३७८ | १५९ | १,०१९ | ६।४ | २,४२३ |
| कैलाली | २,१३६ | २,०१४ | २१,०५५ | १०।५ | २२,३३६ |

| | | | | | |
|---|---|---|---|---|---|
| कञ्चनपुर | ५७८ | ५२९ | ७,४३२ | १४।० | ८,१२० |
| सुदरुपश्चिम प्रदेश | ४,३६५ | ३,०५९ | ३२,४८४ | १०।६ | ४६,३४९ |
| नेपाल | ८८,४१४ | ६९,८०६ | ६४०९४२ | ९।८ | ८६७,५३१ |

**श्रोतः कृषि तथा पशुपक्षी विकास मन्त्रालय**

यसरी पुरै सम्भाव्य क्षेत्रफलमा फलफुल खेती विस्तार गर्ने हो भने सुदूरपश्चिममा ६९ हजार ८ सय ५३ मे.ट. फलफुल उत्पादन गर्न सक्ने देखिन्छ।

# दुग्धजन्य पदार्थ

सुदुर पश्चिम प्रदेश दुग्ध पदार्थ विशेष गरी भैसीको दुधको लागि प्रख्यात छ । स्थानीय दुग्ध उद्यमीबाट पाइएको जानकारी अनुसार यस प्रदेशमा प्रदेशमा भदौं देखि चैत्र सम्म भैंसीको दुध अधिक उत्पादन हुने गरेको छ। यस मौसममा उत्पादन हुने अतिरिक्त दूध ढुवानीको राम्रो व्यवस्था गरी अन्य प्रदेशमा आपूर्ति गर्न सकिने अवस्था छ भने दूध कम उत्पादन हुने मौसम बैसाख देखि श्रावण महिना सम्मका लागि धुलो दूधको कारखाना स्थापना गरी आयात प्रतिस्थापन गर्न सकिन्छ।

तालिका नं. ४९ : सुदूरपश्चिम प्रदेशमा दुग्धजन्य पदार्थ उत्पादनको स्थिति

| सुदूरपश्चिम प्रदेशमा दुग्धजन्य वस्तुको उत्पादनको अवस्थाा | | | | | |
|---|---|---|---|---|---|
| **जिल्ला** | दुधालु गाईं संख्या | दुधालू भैंसी संख्या | गाईको दुध मे.ट. | भैसीको दुध मे.ट. | कुल दुध मे.ट. |
| बाजुरा | १०,४८० | ८,५०० | ५,४४० | ५,५४२ | १०,९८२ |
| बझाङ | २०,९८३ | ८,५६० | ५,६६८ | ४,१८० | ९,८४८ |
| दार्चुला | ९,५९४ | ७,५०० | ४,५९२ | ७,७३६ | १२,३२८ |
| अछाम | ६,९६३ | १०,३३२ | ३,३५० | १०,४६१ | १३,८११ |
| डोटी | १६,८७३ | १४,६७३ | ७,६८६ | १०,३०८ | १७,९९४ |
| बैतडी | १७,२६५ | १४,७९४ | ५,६८७ | १०,००६ | १५,६९३ |
| डडेल्धुरा | १२,६९२ | १४,००० | ७,१४५ | ५,८५८ | १३,००३ |
| कैलाली | ३०,५३२ | ४४,६५३ | २८,२०५ | ३६,८०७ | ६५,०१२ |
| कञ्चनपुर | २२,६७३ | २५,४५३ | २४,२८९ | २५,८९४ | ५०,१८३ |
| सुदरुपश्चिम प्रदेश | १४८,०५५ | १४८,४६५ | ९२,०६२ | ११६,७९२ | २०८,८५४ |
| नेपाल | १,०२९,५२९ | १,५०९,५१२ | ६६५,२८५ | १,२४५,९५४ | १,९११,२३९ |

श्रोतः कृषि तथा पशुपक्षी विकास मन्त्रालय

तालिका नं ५० : नेपालको दुग्धपदार्थको आयात

| नेपालको दुग्धपदार्थ आयात आर्थिक वर्ष २०७४।७५ | | |
|---|---|---|
| देश | र्परिमाण केजीमा | मूल्य रु मा |
| भारत | ५,५०७,३५५ | १,८७२,००५,३२५ |
| बेल्जियम | ६९७,३७० | १४७,५१४,९०० |
| न्युजीलेण्ड | ३५१,८५० | ९८,३९६,८२८ |
| फ्रान्स | ३९५,८५८ | ८२,८८९,१८१ |
| बेलारुस | १००,००० | ३०,५६७,५९५ |
| डेनमार्क | ३३,५१५ | २८,२८४,३९७ |
| नेदरलेण्ड्स | ७७,८४६ | २६,२१२,६३१ |
| अष्टेलिया | ६६,३४३ | २२,५५०,४२१ |
| पोलेण्ड | ६१,४९९ | १८,५५३,०९४ |
| स्वीडेन | ७४,८०० | १६,७४६,५७० |
| इटाली | ८,१११ | १६,१४५,६७४ |
| टर्की | १४७,५०० | १४,७५९,६२० |
| सिंगापुर | ४०,४५९ | १२,५८७,३४६ |
| युके | ३२,४१४ | १०,८९२,२८५ |
| मलेशिया | ९५,००४ | १०,६४९,७५६ |
| अन्य | १९२,५१२ | ३९,३४८,८५२ |
| कुल | ७,८८२,४३६ | २,४४८,१०४,४७५ |

श्रोतः व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र

तालिका नं ५१: नेपालको दुग्धपदार्थको निर्यात

| नेपालको दुग्धपदार्थ निर्यात आर्थिक वर्ष २०७४।७५ | | |
|---|---|---|
| देश | परिमाण केजीमा | मूल्य रु मा |
| भारत | २८९,९३९ | १२१,४७८,९९५ |
| युएसए | ८२,९९८ | ११३,०६७,१५६ |
| चीन | ६२,२०४ | ३२,४३४,४७५ |
| जापान | ११,२५८ | १४,८३३,३९६ |
| हङकङ, चीन | १,६०८ | ३,१४५,१२७ |
| क्यानडा | १२ | ३३,४८५ |
| द.कोरिया | ६ | २०,९०० |
| सिंगापुर | २२ | १०,११५ |
| चेकगणतन्त्र | २० | ६,५२७ |
| कुल | ४४८,०६७ | २८५,०३०,१७६ |

# जलविद्युत

जलविद्युत उत्पादनमा पनि सुदूरपश्चिम प्रदेश सम्भावना बोकेको प्रदेश हो । सन् २०१७ सम्म यसप्रदेशमा करीव ३ हजार ७ सय मेगावाट विजुली उत्पादनको पाइपलाइन छन् । यो परिमाणको विजुली उत्पादन गरी प्रदेशका ताप प्रणाली, पाक प्रणाली र यातायात प्रणालीलाई विद्युतमा आधारित प्रणालीमा रुपान्तरण गर्ने हो भने यसबाट वार्षिक करिव रु ६.६ अर्ब बराबरको पेट्रोलियम पदार्थको आयातप्रतिस्थापन गर्न सकिन्छ । सुदरपश्चिमको कुल सम्भाव्य जलविद्युत आयोजनाहरुबाट विद्युत उत्पादन गर्न सकेको अवस्थामा सो विजुली भारतमा निर्यात गर्न सकिने अधिक सम्भावना छ ।

तालिका नं. ५२ : सुदरपश्चिम प्रदेशमा जलविद्युत उत्पादन हुने पाइपलाइनका आयोजनाहरु

| सुदरपश्चिम प्रदेशमा जलविद्युत उत्पादन हुने पाइपलाइनका आयोजनाहरु | |
|---|---|
| विवरण | क्षमता मेगाबाटमा |
| सरकारको बास्केटमा रहेका योजनाहरु | ८० |
| सरकारले अध्ययन गरिरहेको योजना | २०२ |
| सञ्चालनमा रहेको योजना | ३९ |
| सौर्यउर्जाको सर्वे लाइसेन्स | २ |
| उत्पादन लाइसेन्स लिएको कुल | ९२ |
| सर्वे लाइसेन्स प्राप्त आयोजनाहरु | ३,१७१ |
| उत्पादन लाइसेन्स जारी भएको आयोजना | ८९ |
| कुल | ३,६७४ |
| | श्रोतः विद्युत विकास विभाग |

तालिका नं. ५३: सुदूरपश्चिम प्रदेशस्थित भन्सार कार्यालयहरु मार्फत आव २०७४।७५ मा प्रमुख पेट्रोलियम पदार्थको आयात

| विवरण | मूल्य रु अर्बमा |
|---|---|
| मटीतेल | ०।०४ |
| पेट्रोल | १।०४ |
| डिजेल | ४।९९ |
| ग्यास | ०।५७ |
| कुल | ६।६१ |

# भौगोलिक संकेतका आधारमा निर्यात गर्न सकिने वस्तु

## (क) बिजयसालका उत्पादनहरु :

विजयसाल विदेश गरी कञ्चनपुर जिल्लाम पाइने साल प्रजातिको रुख हो । यस प्रजातिको रुखिको काठबाट विभिन्नि खालको अम्खोराहरु बनाउने गरिन्छ । यस अम्खोरामा पानी राखेर खाँदा शरीरलाई फाइदा हुने विश्वासका साथ यसको लोकप्रियता स्वदेश तथा विदेशमा पनि रहेको छ । यस उत्पादनलाई पनि भौगोलिक संकेतका आधारमा ब्राण्डिङ गरी स्वदेश तथा विदेशको बजारमा स्थापित गर्न सक्ने सम्भावना देखिन्छ ।

## (ख) राउटेका काठका उत्पादनहरुः

सुदूरपश्चिम प्रदेशका निश्चित वनहरुमा राउटेहरुले काठका विभिन्न उत्पादनहरु उत्पादन गर्ने गर्दछन् । ती उत्पादनहरुलाई पनि भौगोलिक संकेत प्रदान गरी सोही ब्राण्डमा स्वदेश तथा विदेशमा ती काष्ठजन्य उत्पादनहरुको बजार प्रवर्द्धन गर्नु आवश्यक छ ।

## (ग) अछामी नौमुड्के गाईको दुग्ध परिकारः

विश्वकै दुर्लभ अछाम जिल्लामा पाइने नौ मुड्के गाईलाई पनि भौगोर्लिक संकेत प्रदान गरी ती गाईबाट हुने प्राप्त हुने दुग्धपदार्थलाई सोही अनुरुप स्वदेश र विदेशमा ब्राण्डिङ गरी निर्यात तथा अन्य प्रदेशमा आपूर्ति गर्न सकिने देखिन्छ

## (घ) जोरायलको बासमती

डोटी जिल्लाको सदुमुकाम सिलगढीदेखि १२० कि.मी. दक्षिण पूर्व क्षेत्रमा अवस्थित जोरायल उपत्यकामा जोरायली वास्मती धान लगाउने गरिन्छ । यो धानलाई व्यापारीहरुले कृषकको खेतीबारीबाट सोझै खरीद गरी कैलालीको धनगढी अत्तरीयामा समेत मिलमा प्रशोधन गरी विक्री वितरण गर्ने गरेको पाईन्छ ।यस चामलको स्वाद, वासना र मिठास साह्रै मनमोहक रहेको पाईन्छ । यसको क्षेत्र विस्तार गरी उत्पादित बासमति धानलाई मुलुकको मख्य व्यापारिक क्षेत्रहरुको ठूला ठूला डिपार्टमेण्टल स्टोरहरुमा विक्री वितरणको लागि यसको व्यापाक रुपमा प्रचार प्रसार गर्नुपर्ने तथा विदेशी बजारमा समेत यसको बजार प्रवर्द्धन गर्नुपर्ने देखिन्छ । जोरायल क्षेत्रलाई वासमतिको पकेट क्षेत्रका रुपमा विकास गरी भौगोर्लिक संकेत प्रदान गरी बजार प्रवर्द्धन गर्नु पर्ने देर्खिन्छ ।

## (ङ) ढकियाः

थारु समुदायले उत्पादन गर्ने हस्तकलामा सामानहरु मध्ये ढकिया पनि पर्दछ । यी वस्तुहरु कैलाली र कञ्चनपुर जिल्लाका पुराना थारु बस्तीहरुमा परम्परागत रुपमा उत्पादन हँदै आएका छन् । यी वस्तुहरुलाई पनि सम्वन्धित गाऊका का नाममा भौगोलिक संकेत प्रदान गरी विशिष्ट पहिचान सहितको ब्राण्डिङमा विदेश निर्यात र अन्य प्रदेशमा आपूर्ति गर्न सक्ने सम्भावना देखिन्छ ।

## (च) मह

सुदूरपश्चिमका अधिकाँश पहाडी जिल्लाहरुमा प्रशस्त मात्रामा मह उत्पादन हुने गरेको छ । विशेष गरी डोटी र अछामको समिावर्ती क्षेत्रहरु महका प्रख्यात दछन् । यी क्षेत्रमा उत्पादित महलाई पनि भौगोलिक संकेत प्रदान गरी गुणस्तर

प्रमाणीकरण हुने गरी स्वदेशी तथा विदेशी बजारमा स्थापित गर्न सकिने देखिन्छ । नेपालमा उत्पादन हुने मह उच्च गुणस्तरको भए तापनि उचित प्रयोगशालाको अभावमा यसको जाँच राम्रोसंग हुन सकेको छैन । केही वर्ष अगाडि सपम्म प्रमुख रुपमा निकासी भैरहेको महको गुणस्तर परिक्षण हुन नसक्दा यसको निकासीमा धेरै ऱ्हास आएको छ । तसर्थ महको निकासी बढाउनको लागि गुणस्तर कायम राख्न र मौरी चरण क्षेत्रका बोटहरुमा कुनै पनि प्रकारको रासायनिक पदार्थ छर्किनु नहुने तर्फ सचेत रहनु आवश्यक छ ।

तालिका नं. ५४: नेपालको महको वैदेशिक व्यापार

| आर्थिक वर्ष २०७४।७५ मा नेपालको महको वैदेशिक व्यापार | | |
|---|---|---|
| **निर्यात** | | |
| देश | परिमाण केजीमा | मूल्य रु मा |
| चीन | ८,५७८ | २,७०७,१६३ |
| भारत | १०,००० | २,९६३,३६० |
| मलेशिया | २,०६० | ४६९,०६२ |
| कुल | २०,६३८ | ६,१३९,५८५ |
| **आयात** | | |
| देश | परिमाण केजीमा | मूल्य रु मा |
| भारत | ६८५,०१६ | १४३,७७८,१९७ |
| चीन | १ | १,७६८ |
| बुल्गेरिया | १,००० | १,५०१,५३० |
| कुल | ६८६,०१७ | १४५,२८१,४९५ |

यस प्रदेशमा उत्पादित मह व्यवसायिक उत्पादनका लागि आवश्यक सहयोग हुन पनि जरुरी छ । साथै मौरी पालन सम्वन्धी तालिम तथा मौरी सहितको घार वितरण गर्ने तथा त्यस सम्वनधी उचित शिक्षा दिलाउन सकेको खण्डमा यसको भविष्य राम्रो देखिन्छ ।

# महको विश्व आयात

तालिका नं. ५७ : महको विश्व आयात

| सन् २०१८ मा महको विश्व आयात | | | |
|---|---|---|---|
| आायतकर्ता | आयात हजार युएसडलरमा | परिमाण टनमा | प्रति मेट मूल्य युएस डलरमा |
| विश्व | २२३९९०५ | ६८०८८६ | ३२९० |
| युएसए | ५०४१५३ | २०१५७७ | २५०१ |
| जर्मनी | ३०५६६४ | ८५६७६ | ३५६८ |
| जापान | १४५४४१ | ४४५२१ | ३२६७ |
| फ्रान्स | १२९५०३ | ३२१७१ | ४०२५ |

| आायतकर्ता | आयात हजार युएसडलरमा | परिमाण टनमा | प्रति मेट मूल्य युएस डलरमा |
|---|---|---|---|
| युके | १२८२८८ | ५०५९७ | २५३५ |
| इटाली | १००४१८ | २७८३३ | ३६०८ |
| बेल्जियम | ७२९०१ | २४८६१ | २९३२ |
| चीनि | ७०१२९ | ३८२४ | १८३३९ |
| स्पेन | ६८०१६ | २७९४४ | २४३४ |
| नेदरलेण्ड्स | ६६८७० | १७३१६ | ३८६२ |
| अन्य | ६४८५२२ | १६४५६६ | |

नेपालमा मह उत्पादनको प्रशस्त सम्भावना भएतपानि लक्षित बजारले मह आयात गर्दा लागु गरेको गुणस्तरका प्रावधानहरु पुरा गर्न नसक्दा नेपालको मह अपेक्षित रुपमा निर्यात हुन सकिरहेको छैन । यसै गरी मह उत्पादनलाई व्यवस्थित गरी विश्वसनीय रुपमा ग्राहक समक्ष पुर्‍याउन नसक्दा नेपालभित्र पनि नेपाली महको बजार सोचे विस्तार हुन सकिरहेको छैन । यी दुईओटा पक्षमा ध्यान दिन सक्ने गरी गुणस्तर प्रमाणीकरण, लेवलिङ, प्याकेजिङ  र भौगोलिक संकेतका आधारमा ब्राण्डिङ गर्न सकेको खण्डमा सुदूरपश्चिमको मह उत्पादनबाट आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्न सकिने सम्भावना रहेको छ ।

# निर्यात प्रवर्द्धन गर्न सकिने सेवाहरु

## हिलस्टेशन पर्यटन

तस्वीर नं ८



### पृष्ठभूमिः

नेपालको छिमेकी मुलुक भारतमा ब्रिट्रिश शासनकालमा हिमालय पर्वत श्रृंखलाको फेदीमा आनन्द सेवन हेतु पूर्वदेखि पश्चिम सम्म १८२ ओटा हिलस्टेशनहरुको जग हालिएको थियो । ती हिलस्टेशनहरु मध्ये भारतीय राज्य उत्तराखण्ड र हिमाञ्चल प्रदेशमा अवस्थि हिलस्टेशनमा पनि भारतको आन्तरिक पर्यटनका लागि आकर्षक गन्तव्य बन्न पुगेका छन् ।

पर्यटन पुर्वाधारमा भारत सरकारको लगानी, प्रचारप्रसार र आयस्तर अनुसारका होटेल र भोजनगृहको प्रयाप्त व्यवस्था, सस्तो र सर्वसुलभ विभिन्न प्रकारका यातायातका साधनहरु, सुरक्षित र गुणस्तरीय मार्गहरु, यातायातका साधनहरुको निर्वाध आवागमनको सुविधा, ब्रिट्रिशहरुले स्थापना गरिदिएको साख र मौसमी हिमपात, समशितोष्ण सदावहार जलवायु, पर्वतीय हरियालीयुक्त सुन्दरता, हिमालयहरुको अवलोकन र मर्यादित होटल व्यवसायका कारण हिटस्टेशनहरुमा भारतका मैदानी भागका पर्यटकहरुको घुइँचो लाग्ने गरेको छ । यसैले गर्दा भारतको नयाँ दिल्ली, पश्चिम युपी, हरियाणा, पञ्जावतिरका वासिन्दाहरुको लागि गर्मी छल्ने, विदामा घुम्न गन्तव्यका रुपमा सुदूरपश्चिम प्रदेश जस्तै वातावरण र दृष्यावली भएका सिमला, नैनीताल, देहरादुन, कुल्लु, मनाली, अल्मोडा, काँकडाजस्ता स्थानहरु पर्दछन् । सुदूरपश्चिम प्रदेशमा पनि हिलस्टेशनहरु विकास गरी उचित वातावरण सिर्जना गर्ने हो भने भारतीय पर्यटकहरु विशेष गरी नयाँ दिल्ली, पश्चिम युपी, हरियाणा र पञ्जावतिरका पर्यटकहरुलाई सुदूरपश्चिम प्रदेशमा आकर्षिक गर्न सक्ने ठूलो सम्भावना रहेको छ । यसका लागि सुदूरपश्चिच प्रदेशमा हिलस्टेशनमा पर्यटक आकर्षित गर्न देहायका कदमहरु चालिनुपर्ने आवश्यक देखिन्छ ।

**(क) यसका लागि सर्वप्रथम मर्यादित, सुरक्षित र इमान्दारीयुक्त सेवाको प्रत्याभूति**

भारतीय पर्यटकहरुलाई पर्यटक नै नमान्ने, अपशव्द बोल्ने र चर्को मूल्यमा गुणस्तरहीन सेवा दिने गलत प्रचलनलाई नेपाल सरकार र होटल व्यावसायीहरुका छाता सँगठनहरुले नियन्त्रण गर्नुपर्दछ ।

**(ख) पारिवारिक वातावरण** :

भारतीय पयर्टकहरुलाई परिवारहरु सँगै बसेर आनन्द लिन सक्ने मर्यादित मनोरञ्जनको व्यवस्था गरिनु पनि अति आवश्यक देखिन्छ ।

**(ग) भारतीय पर्यटकहरुको रुचिगत विविधताको ध्यानः**

पर्यटन सेवाको विविधिकरण गर्दै द्युत पर्यटन (क्यासिनो), साहसिक, सेमिनार, गोष्ठी, बैठक, साँस्कृतिक, धार्मिक, सौन्दर्यपान, पदयात्रा, उच्चस्थानका दौडहरु, खेलकुद, अवलोकन, अनुसन्धान, अभ्यास आदि जस्ता क्षेत्रहरुको समानुपातिक विकास गर्नु पनि जरुरी छ ।

**(घ) पूर्वाधारमा लगानीः**

हिमाञ्चल, उत्तराखण्डमा पर्यटन पुर्वाधारको विकास गरिएको छ सोही अनुरुप नेपालले पनि विश्वस्तरका पर्यटकीय पूर्वाधारहरुको विकास गनुपर्दछ ।

**(ङ) भारतबाट आउने पर्यटकहरुको नेपाल आउने यात्रा र बसाईमा सहजताः**

नेपालका होटलहरुमा हुने होहल्ला झैझगडा जस्ता अमर्यादित क्रियाकलापहरुलाई नियन्त्रण गर्ने संयन्त्रको विकास गरिनुपर्दछ । विशेष गरी होटलमा बस्दा दर्ताको प्रक्रियामा रहेको खुकुलोपना र लापरवाही र बिना परिचयपत्र, छद्यम परिचयपत्रका आधारमा कोठा उपलव्ध गराउने प्रवृत्तिलाई कडाईका साथ नियन्त्रण गरिनुपर्दछ ।

**(च) भारतीय निजी सवारी साधनहरुलाई निर्वाध र निशुल्क रुपमा नेपाल प्रवेश गर्ने र आवागमनको सविधाः**

भारतीय पर्यटकहरु आफ्ना गाडीमा सुरक्षित र सुविधाजनक रुपमा नेपालमा घुमफिर गर्न सम्दछन् । यही सुविधाका कारण शिमला, देहारादुन, नैनीताल, मलानी, आदि भारतका हिलस्टेशनमा पर्यटकहरुको रोजाईमा परेको सन्दर्भमा नेपालले पनि यो व्यवस्था लागु गर्न सकेको खण्डडमा भारतका अन्य हिलस्टेशनमा केन्द्रित पर्यटकहरुको एउटा हिस्सा यस प्रदेशमा आकर्षित गर्न सकिन्छ

**(छ) ठूला दरका भारतीय नोटहरुलाई नेपालमा पनि सहजरुपमा साट्न पाउने व्यवस्था**

ठूला दरका भारतीय नोटहरुलाई नेपालमा पर्यटकीय क्षेत्रहरुमा सहज रुपमा साटन् पाउने व्यवस्था भएको खण्डमा भारतीय पर्यटकहरुले ठूलो परिमाणमा नेपालमा खरिददारी गर्ने र त्यसले भारतीय मुद्रा आर्जनमा सहयोग पुग्ने देखिन्छ ।

**(ज) भारतीय पर्यटकहरुलाई आकस्मिक रुपमा आईपर्ने घटनाहरुबाट सुरक्षाका लागि आकस्मिक सेवाको प्रत्याभूति**

(झ) हिलस्टेशनहरु चौविसै घण्टा खुल्ला रहने गरी सुरक्षाको प्रत्याभूति

(ञ) **भारतका सञ्चार माध्यमहरुमा नेपालका हिलस्टेशनहरुका बारेमा पर्याप्त मात्रामा प्रचारप्रसार गर्न सरकार र निजी क्षेत्रबाट तर्फबाट संयक्त पहल**

(ट) हिलस्टेशनमा गुणस्तरीय सुपरमार्केटहरुको स्थापना

## दृष्यावलोकन पर्यटनः

सुदूरपश्चिम प्रदेश मनोरम प्राकृतिक सम्पदाले भरिपूर्ण प्रदेशका रुपमा रहेको छ । विशेष गरी देहायका पर्यटकीय स्थलहरु दृष्याकलोकनका केन्द्रका रुपमा विकसित गरिनु जरुरी छ ।

तस्वीर नं. ९



(क) शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज

(ख) घोडाघोडी ताल

(ग) रामारोशन

(घ) वैतडी पाटन

तस्वीर नं. १०



(ङ) खप्तड

(च) बडीमालिका

(छ) सुर्मा सरोवर

(ज) अपि सइपाल बेसक्याम्प

(ज) कञ्चनपुरको झोलुङे पुल

(झ) कर्णाली पुल


## धार्मिक पर्यटन

### तीर्थ केन्द्रित पर्यटनः

सुदूरपश्चिम प्रदेश भारत र चीन जोडने सबैभन्दा पायक पर्ने प्रदेश हो । यसका साथै पश्चिम र पश्चिमोत्तर भारतमा घुम्न जाने पर्यटकहरुका लागि सुदूर पश्चिम प्रदेश प्रवेशद्वार पनि हो । यी दुई ओटा कोणबाट हेर्दा सुदूर पश्चिम प्रदेशमा देहायका क्षेत्रमा ठूलो सम्भावनाहरु लुकेका छन् ।

**(१) मानसरोवर यात्राः**

नक्शा नं. १




श्रोतः गुगलम्याप

कुनै पनि भारतीय हिन्दूहरुको जीवनको लक्ष्य मध्ये एउटा प्रमुख लक्ष्य मानसरोबरमा स्नान गर्ने नै हुने गर्दछ । यसैकारण भारतले मानसरोबरका तीर्थयात्रीहरुलाई भ्रमणभत्ता अनुदानमा रुपमा दिने कार्यको शुरुवात गरेको छ । हाल नयाँ दिल्लीको तीर्थयात्री भारतबाट काठमाडौं, काठमाडौंबाट नेपालगञ्ज नेपालगञ्जबाट सिमकोट, सिमकोटबाट हिल्सा हुँदै मानसरोवर जाने गरेको पाइन्छ । यदि बभाङ ताक्लाकोट मार्गलाई व्यवस्थि गर्न सकेको खण्डमा मानसरोवर जाने भारतका सबै तीर्थयात्रीहरुको पहिलो रोजाई बभाङ ताक्लाकोट मानसरोवर मार्ग नै पर्ने निश्चित छ । यो मार्गलाई व्यवस्थि गर्न सकेको

खण्डमा यसले पर्यटनका अन्य क्षेत्रहरुको विकासमा समेत टेवा पुर्‍याउने देखिन्छ । भारत मानसरोवर तीर्थयात्राको यो रुटबाट सिर्जित आर्थिक सक्रियताले यो प्रदेशको आर्थिक विकासमा नयाँ आयाम थप्ने निश्चित छ ।

### (२) उत्तराखण्ड र हिमाञ्चल जाने नेपाली तीर्थयात्राहरु केन्द्रित पर्यटनः

भारतका हिन्दूहरुको जीवनको एउटा प्रमुख लक्ष्य मानसरोवर यात्रा भए झैं नेपालका हिन्दूहरुको जीवनको एउटा प्रमुख लक्ष्य हरिद्वार स्नान, गँगोत्री यमोनोत्रीमा स्नान, बद्रीनाथको दर्शन, वैष्णोदेवीको दर्शन, अमरनाथ यात्रा आदि जस्ता तीर्थहरु पर्दछन् । यी सबै खालका तीर्थयात्राहरुको प्रवेशद्वार पनि सुदूरपश्चिम प्रदेश नै हो । यस्ता नेपाली तीर्थयात्रीहरुको लागि सुदूरपश्चिम प्रदेशका पर्यटन व्यावसायीहरुले नयाँ सोंचका साथ नेपाली पर्यटकहरुलाई सुरक्षित रुपमा महेन्द्रनगर र धनगढी लगायतका शहरहरुमा बस्ने धार्मिक वातावरणको सिर्जना गर्ने, ती पर्यटकहरुलाई सुरक्षित रुपमा गन्तव्यसम्म पुर्‍याउने व्यवस्था गर्न, आपतकालमा उद्दारको व्यवस्था गर्ने, टिकट लगायतका अन्य लजिष्टिक पक्षमा व्यवस्थाहरु गर्ने र तीर्थयात्रीहरुलाई भरपर्दो सूचना आदानप्रदान गर्न व्यवस्था गर्न सकेको खण्डमा नेपाल भरीका उत्तराखण्ड, हिमाञ्चल र जम्मु काश्मीर जाने तीर्थयात्रीहरुका लागि सुदूरपश्चिम प्रदेश महत्वपूर्ण केन्द्रमा रुपमा विकास हुन सक्ने निश्चित छ । यो सम्भावनालाई मूर्तरुप दिन सुदूरपश्चिम प्रदेशका पर्यटन व्यावसायी, राजनीतिक दलहरु, स्थानीय निकाय र प्रदेश सरकारले एउटा आम अवधारणा विकास गर्न जरुरी छ ।

## थरगोत्र, कुलदेवता, कुलदेवी केन्द्रित पर्यटन (अन्तरप्रदेश सेवा व्यापार)

सुदूरपश्चिम नेपालका अधिकाँश बाहुन क्षेत्री र दलित समुदायहरुको उत्पत्तिस्थलका रुपमा रहेको छ । यी समूदायहरुको थर गोत्रहरुको उत्पत्तिस्थल सुदूरपश्चिम प्रदेशमा रहेका छन् । यसका साथै उनीहरुका कुलदेवता, कुलदेवीहरु पनि सुदूरपश्चिम प्रदेशमा अवस्थित छन् । मष्टोबण्डालीका थानहरु जो नेपालका बाहुन क्षेत्री र दलित समुदायका मानिसहरुको आस्थाको विन्दूहरु रहेका छन् पनि यही प्रदेशमा अवस्थित छन् । यातायातको सुगमता, आवासको उचित व्यवस्था र ती आस्था केन्द्रहरु र सम्वन्धित थर गोत्रका मानिसहरुलाई जोड्न सक्ने संयन्त्रको व्यवस्था गर्न सकेको खण्डमा सुदूरपश्चिम प्रदेश थरगोत्र, कुलदेवता, कुलदेवी, मष्टोबण्डाली रहेका स्थानहरु आन्तरिक र वाहय पर्यटनका लागि आकर्षणका केन्द्र बन्ने देखिन्छ । यस पक्षलाई दृष्टिगर्दै आवश्यक संस्थागत व्यवस्था सहित थरगोत्र, कुलदेवता, कुलदेवी, मष्टोबण्डालीका थानहरुको विकास गर्नु आवश्यक देखिन्छ । विशेष गरी थरगोत्र वृत्त, देवीथान वृत्त, मष्टोबण्डाली वृत्तको विकास गर्न आवश्यक देखिन्छ ।

# विकास गरिनु पर्ने पर्यटनका अन्य क्षेत्रहरु

प्रदेश सरकार, स्थानीय उद्यमी व्यवसायीहरु तथा सम्वन्धित क्षेत्रका विज्ञहरुसँगको अन्तरक्रिया तथा सुझावका आधारमा देहायका पर्यटन क्षेत्रमा सुदूरपश्चिम प्रदेशमा वृहत सम्भावनाहरु रहेका छन् ।

- जलयात्रा
- स्की
- बञ्जी
- माउण्टेन रेस,
- प्याराग्लाईड,
- सेमिनार,
- मनोरञ्जन( क्यासिनो),
- खेलकुद ( क्रिकेट, भलिबल),

- जँगल सफारी,
- पदयात्रा,
- दृष्यावलोकन, माउण्टेन फ्लाई धनगढी अपि सैपाल
- अनुसन्धान पर्यटन
- चरा अवलोकन पर्यटन
- जीवजन्तु अवलोकन पर्यटन,
- वनस्पति अध्ययन र अवलोकन,
- पर्यापर्यटन,
- कृषि पर्यटन

उपरोक्त क्षेत्रहरुको विकास गर्न सम्वन्धित क्षेत्रको पूर्वाधार विकास, प्रचारप्रसार र दीगोपनालाई कायम गर्न सँघ, प्रदेश, स्थानीय निकाय र उद्यमी व्यवसायीहरु र विज्ञहरु सम्मिलित समितिहरु मार्फत संगठित सक्रियताको खाँचो देखिन्छ।

# स्वास्थ्य सेवा

## नेत्र चिकित्साः

तस्वीर नं. ११:




श्रोतः नेपाल नेत्रज्योतिसँघ

सुदूरपश्चिमको कैलालीको गेटामा अवस्थिति आँखा अस्पतालमा नेत्र उपचारका लागि हजारौं भारतीयहरु आउने गर्दछ । यस वापत नेपाललाई करौडौं आम्दानी हुने गर्दछ । यस क्षेत्रको व्यवस्थित विकासमा नेपाल सरकार समेत सँलग्न हुने हो भने भविष्यमा सुदूरपश्चिम प्रदेश नेत्र उपचारका लागि भारतीयहरुको आकर्षक केन्द्रका रुपमा विकास गर्न सकिने सम्भावना प्रबल रहेको देखिन्छ । आर्थिक वर्ष २०७४।७५ मा मात्रै यस अस्पतालले भारतीय सेवाग्राहीबाट रु ४,५९,२६,००० आम्दानी गरेको देखिन्छ ।  उक्त अस्पताललाई अझ सेवा सुविधायुक्त बनाई नेत्र उपचारको अन्तर्राष्ट्रिय आँखा उपचार केन्द्रका रुपमा विकास गर्न सकेको खण्डमा ठूलो परिणाममा भारतीय मुद्रा आर्जन गर्न सकिने सम्भावना रहेको छ ।

# व्यापार सम्वद्ध सरोकारका विषयहरु

व्यापार सम्वद्ध सरोकारका विषयहरु

व्यापार प्रवर्द्धनमा सूचना प्रणालीको स्थापना

मुलुकबाट निर्यात गर्न सकिने उपलव्ध वस्तु तथा सेवाहरुको व्यवस्थित सूचना प्रवाह हुन अति जरुरी छ । यस्तो सूचना प्रणालीले सूचना र भूगोल र प्रयोगकर्तावीच जुन सम्वन्ध स्थापित गर्ने गर्दछ त्यसले स्थान विशेषका विशेषताहरु, सूचनाहरु, तथ्याँकहरु प्रयोगकर्ताका लागि उपलव्ध गराउँछ । स्थानीय क्रेता र वाहिरका विक्रेताहरुलाई जोड्ने, स्थानीय उत्पादनहरुलाई सूचना प्रविधिको वैश्विक सञ्जालमा जोड्दै मूलप्रवाहीकरण गर्ने यो कार्य गर्ने उपयुक्त माध्यमहरु मध्ये स्थानीय स्तरमा उपलव्ध वस्तु तथा सेवाहरुको भौगोलिक सूचना प्रणालीको स्थापना गर्ने, व्यवस्थित रुपमा स्थानीय र प्रदेशस्तरमा विद्युतीय संस्करणहरुमा तथ्याँक, सूचना र गतिविधिहरु प्रवाह गर्ने तथा मुलुकभित्र र वाहिरका क्रेता र विक्रेताहरुवीच भिडियो कन्फरेन्सको आयोजना गर्ने तथा मेला प्रदर्शनीहरुको नियम आयोजना गर्ने विषयहरु पर्दछन् । यी विषयहरुमा प्रदेश र स्थानीय तहहरुमा अलग्गै संयन्त्र बन्नु आवश्यक छ ।

### नेपाली वस्तुहरुलाई वाह्य बजारमा प्राप्त सुविधाहरुको जानकारी

नेपाली निर्यातजन्य वस्तुहरुलाई नेपालका शुभचिन्तक मित्रदेशहरुले प्रदान गरेका जिएसपी सुविधा, शून्य भन्सारको सुविधा, विशेष आवधिक सहुलियतहरुका बारेमा प्रदेशस्तर र स्थानीय स्तरका उद्यमी व्यवसायीहरुलाई सहज जानकारीको व्यवस्थाको अभावमा उनीहरु निर्यात व्यापारमा प्रवेश गर्न सकिरहेका छैनन् । यस्ता जानकारीहरु प्रदेशभित्रका सबै व्यावसायीहरुलाई जानकारी दिने व्यवस्था गर्नु पर्ने विषय अर्को सराकोरको विषय हो ।

### निर्यात व्यापारमा नेपाललाई प्राप्त सुविधाहरु

(१) सामान्य ग्राह्यता प्रणाली

(२) शुन्य भन्सार दरको सुविधा

(३) इयु, स्वीट्जरलेण्ड, नर्वे र टर्कीमा नेपाली उत्पादनहरुलाई रेक्स सुविधा

(४) ७७ ओटा विभिन्न नेपाली उत्पादनहरुलाई संयुक्त राज्य अमेरिकाबाट प्राप्त विशेष सहुलियतयुक्त भन्सार छुटको सुविधा

(५) नेपाल, भारत, चीन र बँगलादेशका बन्दरगाहसम्मको सहज पहुँच

(६) विश्व व्यापार संगठन, साफ्टा सदस्यहरुमा नेपाली उत्पादनलाई अवसर प्रदान

### व्यावसायी वातावरणमा सुधार सम्वन्धी विषयहरुः

विश्व वैकले प्रकाशित गरेको नेपालाको व्यावसायिक वातवारण सुचकाँकको अवस्था सन्तोषजनक छैन । प्रक्रिया, नियम कानुन नीति, रणनीति, कार्यक्रम, बजेट, कार्ययोजना प्रतिस्पर्धाको स्तर, प्रतिस्पर्धात्मक वातावरण, सुशासन (कानुनको शासन, पारदर्शिता, सहभागिता, उत्तरदायित्व, जिम्मेवारीपना, समता, समानता, समावेशिता), सुरक्षा, श्रम उद्योगी सहसम्वन्ध, उद्यमशील संस्कार, क्षेत्रगत सूचकाँकहरुको स्थितिले व्यापार प्रवर्द्धन सम्वद्ध वातावरण निर्धारण गर्दछ । उक्त प्रतिवेदनले उजागर गरेका विषयहरुमा प्रदेशस्तरमा सुधार गर्न सकिने विषयहरुमा प्रदेश सरकारहरुले पहलकदमी लिन

जरुरी छ । यस्ता पहलकदमीले प्रदेशस्तरमा व्यवसाय गर्ने वातावरणमा सुधार आई वैदेशिक व्यापारको व्यवस्थापन गर्न सहज हुने देखिन्छ ।

**कृषि अनुदान र प्रोत्साहन सम्वन्धी विषयह**

आफ्ना विश्व बजारमा प्रतिस्पर्धी बनाउन कृषि लगायतका क्षेत्रमा विश्व भरी नै संरक्षणात्मक उपायहरु अँगीकार गर्ने प्रचलन रहेको छ । नेपाली उत्पादनहरुलाई पनि संरक्षणात्मक उपायहरुका माध्यमबाट विश्व बजारमा प्रतिस्पर्धी बनाउन जरुरी छ । यस विषयलाई प्रदेश सरकारहरुले उपयुक्त नीतिबाट संवोधन गर्न जरुरी छ ।

**व्यापार सम्वद्धपूर्वाधारमा लगानीः**

निर्यात प्रवर्द्धनमा व्यापार सम्वद्ध पूर्वाधार अति महत्वपूर्ण विषयका रुपमा रहेको छ । संस्थागत पूर्वाधारतर्फ भन्सार, गोदाम, गुणस्तर नियमन तथा नियन्त्रण निकायहरु, शैक्षिक तथा सीपमुलुक तालीम केन्द्रहरु, निजीक्षेत्रका सँघसंस्थाहरु (वस्तुगत, प्रतिनिधिमुलुक संघसंस्थाहरु, निर्यातक सँघ, आयातक सँघ) पर्दछ भने भौतिक पूर्वाधारतर्फ सडक, विजुली, वन्दरगाह, भन्सार विन्दू, सूचना र प्रविधि, जलापूर्ति, विशेष आर्थिक क्षेत्र, निर्यात प्रवर्द्धन क्षेत्र र औद्योगिक क्षेत्र जस्ता संरचनाहरु पर्दछन् । यी दुवै क्षेत्रमा प्रदेश सरकारले आफ्ना तर्फबाट संवोधन गर्ने विषयमा संलग्न हुन जरुरी छ । विशेष गरी न्युन साधनश्रोत भएका भन्सारविन्दूहरु भएका प्रदेशका भन्सारविन्दूहरुलाई साधानश्रोतयुक्त बनाउने विषयलाई सँघ र प्रदेश सरकारले संयुक्त पहलबाट सम्वोधन गर्न जरुरी छ । यसका साथै जटही भन्सार कार्यालयलाई सुख्खा बन्दरगाह बनाउन पर्ने आवश्यकता देखिन्छ ।

**लजिष्टक सेवामा सुधारः**

व्यापार प्रवर्द्धनको अर्को महत्वपूण विषय भनेको उत्कृष्टस्तरको लजिष्टिक सेवा पनि हो । अवरोधविहीन यातायात, वेष्टन, बहुविधिक यातायात, समय व्यवस्थापन, भन्सार, लजिष्टक सेवा, समय, वैदेशिक कार्गो सिपमेन्टको दक्षता र सहजता, लजिष्टिकजन्य संरचना र ट्रयाकिङ प्रणालीहरु पर्दछन् । लजिष्टक सेवा जति चुस्त, दुरुस्त र गतिशील हुन्छ मुलुकको निर्यात व्यापार पनि त्यत्तिकै सहज र मूल्यमैत्री हुन्छ । यस विषयमा पनि सँघ र प्रदेशले संयुक्त पहल लिन जरुरी छ ।

**व्यापार सम्वद्ध अनुसन्धानः**

सरकारका अँगहरु, प्राज्ञिक क्षेत्र र निजी क्षेत्रका मेधावीहरुयुक्त संयुक्त समुह बजार अनुसन्धान निर्यात प्रवर्द्धनको महत्वपूर्ण विषय हो । तथ्याँक, सूचना, ज्ञान, मेधा र बुद्धिमत्तामा आधारित निष्कर्षहरु निर्यात प्रवर्द्धनको मष्तिष्क हो जसले निर्यात प्रवर्द्धनका प्रयासका लागि ज्योतिको कार्य गर्दछ,, नीति निर्माताका लागि आँखा, निजीक्षेत्रका लागि हिड्ने बाटो तय गर्ने यो अनुसन्धान कार्य निर्यात प्रवर्द्धनको महत्वपूर्ण अँगका रुपमा रहेको छ । यस विषयमा पनि प्रदेशस्तरमा पनि गतिशील संयन्त्रको व्यवस्था हुन जरुरी छ ।

**प्रदेशस्तरको व्यापार सम्वद्ध डाटावेसको व्यवस्थाः**

प्रदेशस्तरमा हुने उत्पादन, वितरण र एक प्रदेशबाट अर्को प्रदेशमा हुने व्यापार र सम्वन्धित प्रदेशमा उत्पादन भई अन्य प्रदेशका भन्सार विन्दूहरुबाट वस्तुहरु भएर निर्यात हुने वस्तुहरुको अभिलेख राख्ने व्यवस्थाको लागि प्रदेशस्तरमा पनि एउटा संयन्त्र हुन जरुरी छ ताकि प्रदेशबाट निकासी हुने वस्तुहरुको यथार्थ चित्रण होस् र प्रदेशस्तरमा निकासी प्रवर्द्धनका भावी दिशा तय गर्न वस्तुगत आधार प्राप्त हुन सकोस् ।

**भौगोलिक संकेत, पेटेण्ट राइट र ट्रेडमार्क सम्वन्धी विषयहरुः**

नेपालका धेरै उत्पादनहरु विशिष्ट खालका छन् जसलाई भौगोलिक संकेत, पेटेण्ट राइट र ट्रेडमार्क जस्ता विषयबाट संबोधन हुन जरुरी छ । प्रदेश सरकारले यी विधिहरुबाट विशेष पहिचान दिन सक्ने वस्तु तथा सेवाहरुको पहिचान गरी ती वस्तु तथा सेवाहरुलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मूलप्रवाहमा स्थापित गर्न पहलकदमी लिन आवश्यक देखिन्छ ।

**गुणस्तर सम्वन्धी विषयहरुः**

नेपाली वस्तुहरुलाई वाह्य बजारमा प्रतिस्पर्धी बनाउन गुणस्तर सम्वन्धी व्यवस्थाहरुले महत्वपूर्ण भूमिका खेलेका हुन्छन् । नेपाली उत्पादनहरुहरुलाई लक्षित बजारमा विद्यमान गुणस्तरका प्रावधानहरु अनुरुप गुणस्तरमैत्री बनाउन संस्थागत, कानुनी र जनशक्तिका पक्षमा सुधार, स्तरोन्नत्ति आदि गर्न आवश्यक हुन जान्छ । यी विषयहरुलाई सम्वोधन गर्न प्रदेश सरकारले विशेष व्यवस्था गर्न जरुरी छ ।

**ट्रेसेबिलिटी सम्वन्धी प्रावधानहरु**

खाद्य सुरक्षा धेरै देशहरुका नागरिकहरुका लागि बढ्दो सरोकारको विषय भएको छ । जनावरमा लागेका रोगहरु र खाद्य वस्तुहरुमा प्रयोग हुने विषादीले खाद्य सुरक्षालाई प्रभावित गरिहेको सन्दर्भमा प्रदुषित खाद्यहरुको पहिचान हुनु अति आवश्यक भई सकेको छ । यसैका लागि खाद्य वस्तुहरुमा Traceability को अवधारणाको विकास भई विभिन्न विकसित देशहरुले यस अवधारणालाई आफ्नो मुलुकको खाद्य आपूर्ति प्रणालीको अभिन्न अँगका रुपमा अँगीकार गरेका छन् ।

आइएसओ अनुसार Traceability भन्नाले खाद्य पदार्थको उत्पादन, प्रशोधन र वितरण प्रत्रियाको गतिलाई अनुगमन गर्ने प्रक्रिया हो भन्ने बुझिन्छ । Traceability प्रणालीले उत्पादन, प्रशोधन र वितरण प्रक्रियामा हरेक तहको सूचनाहरु समावेश गरेको हुनाले यो प्रणाली लागु गरेको खण्डमा उत्पादित खाद्य वस्तुहरुको विश्वसनियतामा वृद्धि भई उक्त वस्तुहरुको निर्यात सहज हुने देखिन्छ ।

युरोपियन युनियन, संयुक्त राज्य अमेरिका, जापान, अष्ट्रेलिया, क्यानडा लगायतका विकसित देशहरुमा Traceability प्रणाली लागु गरी खाद्य वस्तुको गुणस्तरसम्वन्धी एकीन गर्ने व्यवस्था भएको हुँदा ती नेपालले पनि खाद्य वस्तुको उत्पादन, प्रशोधन, ढुवानी, भण्डारण र वितरण लगायतका क्षेत्रमा Traceability प्रणालीलाई लागु गर्नु आवश्यक देखिन्छ । यसका लागि उत्पादक कृषक, संकलक, प्रशोधन उद्योग, ढुवानीकर्ता र वितरकहरुलाई Traceability प्रणालीमा पोख्त बनाउन उनीहरुको क्षमता अभिवृद्धि गर्नु आवश्यक छ ।

**अन्य गैर भन्सार मापनहरुको संवोधन**

(१) भारतका खाद्य पदार्थ निर्यात गर्न देहायका प्रक्रियाहरु पुरा गर्नुपर्दछ ।

(क) भारतीय खाद्य प्रयोगशालाको प्रमाणपत्र लिन जरुरी छ ।

(ख) घ्यु, तेल र प्रशोधित खाद्यवस्तुहरु निर्यात गर्दा भारतीय Food Safety and Standards (Packaging and Labelling) Second Amendment Regulations, 2013 को प्रावधान बमोजिम fat content उल्लेख गर्नु जरुरी छ ।

(ग) General Grading and Marking Rules, 1988 को प्रावधान बमोजि कृषि उत्पादनको गुणस्तरका बारेमा लेबलिङको व्यवस्था गरिएको हुनपर्दछ।

(घ) Food Safety and Standards (Food Import) Regulations, 2016 को प्रवधान अनुसार हरेक खाद्यान्नको मिति सहितको म्याद तोकिएको अनिवार्य हुनुपर्दछ।

(ङ) Food Safety and Standards (Packaging and Labelling) Regulations, 2011 को प्रावधान अनुसार प्याकेजिङ स्टाण्डर्ड, पोषक तत्व, खुद परिमाण, उत्पादन मिति, माँशाहारी पदार्थ प्रयोग भएको भए सो समेत उल्लेखित,उत्पादनको नाम र ठेगाना तथा प्रयोग गरी सक्नुपर्ने मिति समेत स्पष्ट उल्लेख भएको हुनुपर्दछ।

(च) क्वारेण्टाइन सम्वन्धी प्रावधानहरु

(२) इयु देशहरुमा खाद्य पदार्थ निर्यात गर्न देहायका प्रक्रियाहरु पुरा गर्नुपर्दछ

(क) युरोपियन कमिशन लगायतका आयातकर्ता मुलुकहरुले लागु गरेका MRLs (अधिकत्तम अवशेष स्तर) सम्वन्धी प्रावधानहरु

(ख) इयु देशहरुमा खाद्य वस्तुको गुणस्तर निश्चित गर्न लागु गरेको Traceability सम्वन्धी प्रावधानहरु

(ग) खाद्य वस्तुहरुको लेवलिङ सम्वन्धी देहायका प्रावधानहरुः

- allergens in the list of ingredients;
- energy value
- the amounts of fat, saturates, carbohydrate, sugars, protein and salt

(३) मुस्लीम देशहरुमा खाद्य वस्तुहरु निर्यात गर्दा हलाल प्रमाणपत्र

(४) चीनतर्फ निर्यात गर्दा Import and Export Commodity Inspection Law of the Peoples Republic of China, मा उल्लेखित प्रावधानहरु

(५) संयुक्त राज्य अमेरिकामा खाद्य सामाग्रीहरु निर्यात गर्दा त्यहाँको Food & Drug Administration Act मा उल्लेखित प्रावधानहरु पुरा गर्न जरुरी छ।

**संवोधन गरिनुपर्ने अन्य विषयहरुः**

सुदूरपश्चिममा निकासी सम्भावना भएका वस्तुहरुमा कृषि सम्वन्धी वस्तुहरुको प्रधानता रहेको छ। यी वस्तुहरु लक्षित बजारमा निकासी गर्न गुणस्तरका प्रावधानहरु पुरा गरेको हुनुपर्ने देखिन्छ। यसै गरी गुणस्तर प्रमाणीकरणलाई लक्षित बजारमा मान्यताप्राप्त गरेको पनि हुनु पर्ने देखिन्छ। सम्वन्धित उद्योगहरुले उत्पादित वस्तुहरुको गुणस्तर प्रमाणीकरण पायक पर्ने स्थानमा हुन नसक्दा निकासीकर्ताहरुलाई समस्या परिरहेको छ। भारततर्फ कृषिजन्य वस्तु निकासी गर्न नेपाल भन्सारको पारीपट्टिका सीमावर्ती भारतीय भन्सार कार्यालयहरुमा क्वारेण्टाइन कार्यालयहरुको विषय निकासीकर्ताले लामो समयदेखि भोगिरहेको समस्या हो। निकासीजन्य उद्योगहरुमा गरिने व्यापार वित्त व्यवस्थापन पनि सहज हुन सकिरहेको छैन। निकासीकर्ता उद्यमीहरुले चर्को व्याजदरको सामाना गर्नु परिरहेको छ। निकासीजन्य उद्योगलाई चाहिने दक्ष जनशक्तिको कमी पनि टड्कारो देखिन्छ। प्रदेशमास्थित निकासीकर्ता उद्यमीहरुलाई बजारको ताजा सूचनाको प्रवाह पनि हुन सकिरहेको छैन। कृषकहरुलाई समयमै पर्याप्त मल, उन्नत जातको वीऊ, वाह्रमास सिंचाईको सुविधाको कमी, काष्ठउद्योगका लागि चाहिने काठको वृक्षारोपणका लागि चाहिने विरुवा वितरणमा आएको रोकावट जस्ता समस्याका कारण प्रदेशबाट सोंचे

अनुसार निकासी प्रवर्द्धन र अन्तरप्रदेश व्यापार हुन सकिरहेको छैन । यी विषयहरु संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहको सयुक्त पहलमा संवोधन गरिनु आवश्यक देखिन्छ ।

**लागत न्युनीकरणमा प्रदेश सरकारले गर्नुपर्ने सहयोगहरु**

(क) वाह्य मुलुकहरुमा कृषि उत्पादनहरुलाई प्रतिस्पर्धी बनाउन कृषकहरुलाई विभिन्न किसिमा सहयोग, अनुदान, प्रोत्साहन र संरक्षणको व्यवस्था गरिएको हुन्छ । नेपालको कृषि उत्पादनको प्रतिस्पर्धी भारतीय कृषि उत्पादन सरह प्रतिस्पर्धी बनाउन प्रदेश सरकारले पनि आफ्ना कृषकहरुलाई कम्तीमा भारतीय कृषकहरुले पाए सरहरका सुविधाहरु प्रदान गर्नु आवश्यक देखिन्छ ।

(ख) निकासीजन्य उद्योगहरुलाई सहुलियत दरमा व्याजको व्यवस्था गरिनु पनि आवश्यक छ

(ग) सामुहिक कृषि प्रणालीलाई प्रोत्साहन हुने नीति र कार्यक्रमहरु लागु गरिनुपर्दछ

(घ) निश्चित समयावधिका लागि निकासीजन्य उद्योगहरुलाई करहरुमा विशेष छुटको व्यवस्था गरिनुपर्दछ ।

( ङ) उद्योग स्थापनाका लागि चाहिने पूर्वाधारमा सरकारबाट पर्याप्त लगानी गरिनुपर्दछ ।

## निष्कर्ष

(१) सुदूरपश्चिम प्रदेश नेपालको कृषि उत्पादनको भण्डार हो । प्रशस्त उब्जाऊ भूमि रहेको यस प्रदेशमा उत्पादन हुने कृषिजन्य वस्तुहरु धान, मकै, गहुँ, आलु, फलफुल, विभिन्न खालका पुष्पहरु, उत्पादनमा अझ वृद्धि गर्न सकिने सम्भावना रहेको छ । यसप्रकारको वृद्धिले सम्वन्धित वस्तुहरुको निकासी प्रवर्द्धन, अन्तरप्रदेश व्यापार र आयातप्रतिस्थापन गर्न सक्ने देखिएको छ ।

(२) खाद्य प्रशोधन उद्योगका उत्पादनहरु धुलो दुध, मैदा, खानेतेल, चिनी, विस्कुट, चकलेट, मिठाई, आलु चिप्स, पेयपदार्थ, जुस, पशु आहार जस्ता उत्पादनहरुको विस्तारबाट प्रदेशमा हुने आयात प्रतिस्थापन हुने र अन्य प्रदेशमा समेत आपूर्ति गर्न सकिने भई समग्रमा मुलुकको नै आयात प्रतिस्थापन हुने देखिन्छ ।

(३) उद्योग स्थापनामा धेरै पुँजी नलाग्ने तर राम्रो बजार भएका दैनिक उपयोगमा प्रयोग हुने वस्तुहरुको उद्योग स्थापना गरी आयात प्रतिस्थान र अन्तरप्रदेश आपूर्ति गर्न सकिने सम्भावना रहेको छ ।

(४) यस प्रदेशमा रहेको विभिन्न खानीहरु जस्तै तामा, फलाम चुनढुँगा खानी सञ्चालन गरी ती वस्तुहरुका उत्पादन उद्योग स्थापनाको सम्भावना देखिएको छ ।

(५) वन्यजन्य उत्पादनहरुमा आधारित कागज, फर्निचर उद्योगहरुको स्थापना गरी आयात प्रतिस्थापन र अन्तरप्रदेशमा आपूर्ति गर्न सकिने सम्भावना पनि देखिएको छ ।

(६) यस प्रदेशमा उत्पादित हुने जडिबुटी, फलफुल, जैतुनको तेल, दुग्ध पदार्थ, जैविक तरकारी, जलविद्युत, पर्यटन, नेत्रचिकित्सा सेवा जस्ता वस्तु एवम् सेवाहरु निकासीका लागि प्रबल सम्भावना भएका वस्तुका रुपमा देखापरेका छन् ।

(७) मानसरोवर जाने तीर्थयात्रीका लागि यस प्रदेशलाई प्रवेशविन्दूका रुपमा विकास गरी भारतीय हिन्दू तीर्थयात्रीहरुलाई आकर्षित गर्न सकिने देखिन्छ । साथै प्रेदशमा रहेका पर्यटकीय क्षेत्रहरु, मन्दिरहरु, देवीथानहरु, मष्टो बण्डालीका धामहरु तथा अन्य ऐतिहासिक महत्वका क्षेत्रहरुको विकास गरी आन्तरिक पर्यटक प्रवर्द्धन गर्न सकिन्छ ।

(८) नेत्र चिकित्सा सेवाको निर्यातका लागि कैलालीको गेटामा अवस्थित आँखा अस्पतालबाट ठूलो मात्रामा भारतीय मुद्रा आर्जन गर्ने सम्भावना रहेको छ ।

## सुझाव

(१) देशको बढ्दो व्यापारघाटालाई न्युनीकरण गर्न प्रदेशस्तरमा निकासी सम्भाव्य वस्तुहरुको विकास  र विस्तार हुन जरुरी छ ।

(२) नेपालले आयात गरिरहेका तर प्रदेशमा उत्पादन वृद्धि गर्न सकिने वस्तु तथा सेवाहरुको विकास र विस्तार हुन पनि आवश्यक देखिन्छ ।

(३) सुदूरपश्चिम प्रदेशममा उत्पादन भई अन्य प्रदेशहरुमा पठाउन सकिने र ल्याउन सकिने वस्तुहरुको प्रभावकारी व्यवस्थापन हुन पनि जरुरी छ ।

(४)सुदूरपश्चिम प्रदेशमा व्यापार सम्वद्ध पूर्वाधारहरुको विकासमा ध्यान जानु पनि जरुरी छ ।

(५) निकासीजन्य, आयातप्रतिस्थापन गर्न सकिने तथा अन्तरप्रदेश व्यापार सम्भावना भएका वस्तु तथा सेवाहरुको उत्पादनमा प्रदेश सरकारले प्रोत्साहनात्मक, संरक्षणात्मक व्यवस्थाहरु गर्नु पनि आवश्यक छ ।

(६) निकासी प्रवर्द्धनमा निकासीकर्ताहरुलाई समय समयमा अन्तर्राष्ट्रिय बजारको अवस्था, गुणस्तर मापदण्डहरु, लेवलिङ, प्याकेजिङ, ब्राण्डिङ जानकारी उपलब्ध गराउने व्यवस्थाहरु गर्न पनि जरुरी छ ।

(७) निकासीजन्य, आयातप्रतिस्थापन गर्न सकिने तथा अन्तरप्रदेश व्यापार सम्भावना भएका वस्तु तथा सेवाहरुको विकास, मूल्य श्रृंखलाको विकासमा प्रदेश सरकारले आवश्यक लगानी गर्नु पर्ने देखिन्छ ।

(८) संकलन केन्द्रको स्थापना र त्यसको प्रभावकारी सञ्चालनमा प्रदेश सरकारको सहयोगको आवश्यकता देखिन्छ ।

(९)  खाद्य प्रशोधन उद्योगाको विस्तार, विकास, स्तरोन्नत्तिका लागि आर्थिक, प्राविधिक तथा भौतिक पूर्वाधारमा प्रदेश सरकारको सरकारको सहयोग आवश्यक देखिन्छ ।

(१०) निकासी प्रवर्द्धनका लागि प्रदेशस्तरमा पनि प्रवर्द्धनात्मक संयन्त्रको स्थापना गर्नु पर्ने जरुरी देखिन्छ

(११) आयातित फुलहरुलाई विस्थापन गर्न प्रदेशमा व्यापक रुपमा पुष्पखेती विस्तार विस्तार गरिनुपर्दछ ।

(१२) प्रदेशमा उपलध खानीहरु यथाशक्य चाँडो सञ्चालन गरी वस्तु उत्पादन गर्ने उद्योग स्थापनामा प्रदेश सरकार  र निजी क्षेत्रको सहकार्य आवश्यक देखिन्छ ।

(१३) भारतीय हिन्दू तीर्थयात्रीहरुलाई आकर्षित गर्न धामिर्कक तीर्थस्थलको प्रचारप्रसारका साथै मानसरोबर जाने मार्गको विकास गरिनु आवश्यक देखिन्छ  ।

(१४) नेत्र चिकित्सा सेवाको निर्यातका लागि कैलालीको गेटामा अवस्थित अस्पताललाई स्तरोन्नत्ति गरी भारतका सेवाग्राही समेतलाई लक्षित गरी अन्तर्राष्ट्रियस्तरको नेत्र उपचार अस्पतालको रुपमा विकास गरिनुपर्दछ ।

## सिफारिस

यस अध्ययनमा पहिचान गरिएका सबै वस्तु तथा सेवाहरुको विकासका लागि विस्तृत परियोजना प्रस्ताव तयार गर्ने, सो को कार्यान्वयन गर्ने गराउने गरी विशेष टोलीहरु गठन गरी कार्य सम्पादन गर्न आवश्यक देखिन्छ ।

**अनुसुची**

वाणिज्य नीति २०७२, नेपाल व्यापार एकीकृत रणनीति २०७३, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना तथा निजी क्षेत्रले पहिचान गरेको वस्तुहरु, नेपालको आयात व्यापार विश्लेषणबाट किटान गरिएका वस्तुहरु तथा प्रदेशस्तरमा गरिएका अन्तरक्रियाबाट सुझावहरुलाई दृष्टिगत गरी निकासी सम्भाव्य वस्तुहरुको विकास गरिनु आवश्यक देखिन्छ ।

(क) वाणिज्य नीति २०७२ मा उल्लेख भएका र सुदूरपश्चिमबाट निकासी सम्भावना भएका वस्तुहरु देहाय बमेजिम रहेका छन् ।

| |
|---|
| अदुवा/सुठो |
| ऊनी तथा गलैंचा |
| औषधि, औषधिजन्य जडिबुटी तथा सारयुक्त तेल |
| चिनी |
| तरकारी, तरकारीको बीउ |
| पुष्प (फूल) |
| फलफूल |
| मह |
| दाल |
| हाते कागज र सोको उत्पादन |
| पर्यटन |
| स्वास्थ्य सेवा |

**(ख) नेपाल व्यापार एकीकृत रणनीमिा उल्लेखित वस्तु तथा सेवाहरुमा उल्लेख भई सुदूरपश्चिम प्रदेशबाट निकासी गर्न सकिने वस्तु र सेवाहरु**

| |
|---|
| अदुवा |
| जडीबुटी र सुगन्धित वनस्पति |
| छाला |
| पर्यटन (आमोदप्रमोद, चिकित्सा) |
| धातु |
| फलफुल |

| |
|---|
| जुस |
| मह |
| मसुरो |
| कागज |
| बहुमुल्य पथ्थर |
| ऊनी उत्पादनहरु |

(ग) प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजनामा उल्लेख भएका कृषिजन्य वस्तुहरु
आलु, स्याऊ, तरकारी, अदुवा, बेसार,धान, माछा, मकै र मकैको विऊ, जैतुन, गहुँ पनि निकासी सम्भाान भएका , आयातप्रतिस्थापन गर्न सकिने र अन्तरप्रदेश व्यापार हुन सक्ने सम्भावित वस्तुहरुहरु रहेका छन् ।

(घ) प्रदेश सरकारले प्राथमिकतामा राखेका कृषिजन्य उत्पादनहरु
गहुँ, मकै, जौ, अलैंची, कफी, प्रागार्रिक मल, केरा, ओखर, सुन्तला, कागजी, जुनार, मेवा, किवि, अँगुर, स्याऊ, मुँग, जैतुन, पशिमना जस्ता वस्तुहरु पर्दछन् । यी वस्तुहरुलाई निर्यात प्रवर्द्धन, अन्तरप्रदेश व्यापार र आयातप्रतिस्थापन गर्न सकिने सम्भावना देखिन्छ ।

(ङ) अध्ययनका सिलसिलामा निजी क्षेत्रसँग विभिन्न चरणमा भएका अन्तरक्रियमा देहायका वस्तुहरु आयात प्रतिस्थापन गर्न सकिने जानकारी गराएका थिए ।

(१) कृषिजन्यः
(क) भेडाबाखा, माछा, मासु, दुग्धजन्य पदार्थ, अण्डा, मह, फुलहरु तथा विरुवाहरु, ताजा हरियो तरकारी, आलु, प्याज, केराऊको कोसा, दलहन( केराऊ, मुँग, मास, मसुरो, बोडी, सिमी ), फलफुल( केरा, आँप, सुन्तला, अनार, अँगुर), मसला तथा नगदेबाली ( कफी, दालचिनी, धनिया, मेथी, तयारी मसला, ज्वानो, बेसार, तिल),
(ख) प्रधान खाद्यान्नबाली( गहुँ, मकै, मसिनो र बास्नादार चालम, जौ, मैदा,
(ग) तरकारीको विऊ,
(घ) तेलहन( तोरी, रायो, सर्स्यु, सूर्यमुखी), खानेतेल,
(ङ) चिनी, चकलेट, मिठाई, चुइगम, चाऊचाऊ, चिप्स, विस्कुट, केक, पाउरोटी, जुस, अचार,
(च) स्पिरीट, मदिरा, पशु आहार, सुर्ती चुरोट,

(२) गैरकृषिजन्य
(क) सिमेन्ट, मसी,
(ख) श्रृँगारका सामान( लिपिष्टिक, क्रिम, पाउडर, परफ्युम), अगरबत्ती, सेम्फू, साबुन, कपालमा लाउने तेल, टुथपेष्ट, कपडा धुने पाउडर, सलाई, लाईटर,
(ग) प्लाष्टिकक सामानहरु( भाडाकुँडा, ब्रस, बोतल, केस, क्रेट, पाइप, झोला, फर्निचर),
(घ) छालाका सामानहरु ( जुत्ता, चप्पल, पेटी, पर्स, सुटकेस, झोला,

(ङ) काठका सामानहरु( फर्निचर, प्लाइऊड), कागज( कागज,खाम, प्याकिङका सामानहरु),
(च) ऊन, अल्लो, भिमल, भाँगोबाट बन्ने सामानहरु, कार्पेट, तयारी पोशाक, बोरा,
(छ) सेरामिक्सका सामानहरु (बेसिन, कमोड, कप, प्लेट),
(ज) टीका, चुरा, पोते, साना
(झ) कृषि औजार, ताल्चा, साँचो,
(ञ) धातुका फर्निचर, खेलौना, पेन्सिल, कटर, रबर, इरेजर, ज्यामितीका सामानहरु

(च) अध्ययनका सिलसिलामा निजी क्षेत्रसँग विभिन्न चरणमा भएका अन्तरक्रियमा देहायका वस्तुहरु निर्यात सम्भाव्य वस्तुको रुपमा रहेको जानकारी गराएका थिए ।
१. अदुवा, परबल, लौका, वेसार, घ्यू ( सुप खोरेत रहित क्षेत्र घोषणा हुनुपर्ने )
२. जडीबुटी
३. टिमुर, कफी, रुद्राक्ष, कफी, चिया, जडीबुटी,ओखर, सुन्तला, कागती, अमिलो चुक, बाबियो अल्लो, स्थानीय जातको केरा,
४. जडीबुटी, कुरिलो, घयुकुमारी, केमामाइल, मेन्था, लेमनग्रास,
५. चिराइतो, ओखर र ओखरको धुलो, तेजपत्ता, रिट्ठा, टिमुर, चिउरी, अमला, पहाडी अमला विशेष खालको हुन्छ । चुक्रा काफल, घँघारु, झ्याऊ, झ्याऊको अगरबत्ती

**समग्रमा देहायका वस्तुहरु सुदूरपश्चिम प्रदेशबाट निर्यात गर्न सकिने सम्भाव्य वस्तु तथा सेवाको रुपमा देखिएका छन्**
(१) दुग्धपदार्थ विशेष ध्यु, चीज
(२) फुल, विरुवा
(३) तरकारी, अर्गानिक, पहाडी , हिमाली भेगका उत्पादनहरु, तराईका उत्पादनमा लौका, परवल, भिण्डी, बन्दा, काउली, कुरिलो,
(४) दलहनः लेकाली, पहाडी र हिमाली भेगमा उत्पादन हुने
(५) फलफुलः पहाडी, लेकाली र हिमाली भेगमा उत्पादन हुने, तराईमा केरा
(६) अलैंची, कफी, चिया ( भविष्यमा विकास गर्न सकिने), बेसार, धनिया, मेथी,
(७) उच्च हिमाली र लेकाली भेगमा उत्पादन गरिएका अन्न
(८) भटमास, स्थानीय जातका रैथाने तरकारीको विऊ,
(९) तोरी
(१०) जैतुनको तेल ( ओलिभ आयल)
(११) जडीबुटी र सारतेल
(१२) श्रृँगारका साधान( हर्बल)
(१३) सल्लाका फर्निचर
(१४) खोटो र टर्पेन्टाइन
(१५) अम्रिसोको कुचो
(१६) कत्था
(१७) बाबियोका डोरीहरु
(१८) बोतलयुक्त पानी
(१९) चाऊचाऊ, चिप्स, जुस

(२०) छालाका उत्पादनहरु
(२१) काठका फर्निचरहरु विशेष जातबात बनेका, मूर्तिहरु, बिजय सालका उम्खोरा
(२२) कागज, नेपाली हातेकागज
(२३) हिमाली भेगमा ऊनबाट बनेका सामानहरु ( काम्लो, ल्यू, राडीपाखी, स्वीटेर, गलवन्दी, टोपी, पञ्जा, ऊनी गलैंचा, पशिमना
(२४) तयारी पोशाक
(२५) हस्तकलाका सामानहरु

# सेवा व्यापार

## निर्यात सम्भाव्य सेवाहरु

(क) स्वास्थ्य सेवा
(१) नेत्र चिकिस्ता
(२) योग ध्यान
(ख) शिक्षा सेवाः
(१) मेडिकल अध्ययन
(२) नर्सिङ शिक्षा
(३) इन्जिनियरिङ शिक्षा
**(ख) पर्यटन**
**(१) आमोदप्रमोद पर्यटन**

- जलयात्रा,
- स्की,
- बञ्जी,
- माउण्टेन रेस,
- प्यारागलाईड,
- सेमिनार,
- मनोरञ्जन( क्यासिनो),
- खेलकुद ( क्रिकेट, भलिबल),
- जँगल सफारी,
- पदयात्रा,
- दृष्यावलोकन, माउण्टेन फ्लाई धनगढी अपि सैपाल
- अनुसन्धान पर्यटन,
- चरा अवलोकन पर्यटन,
- जीवजन्तु अवलोकन पर्यटन,
- वनस्पति अध्ययन र अवलोकन,

- पर्यापर्यटन,
- कृषि पर्यटन,
- भारतका पर्यटक लक्षित हिलस्टेशन आमोदप्रमोद पर्यटन

**(२) तीर्थाटन**

- बझाङ ताक्लाकोट मानसरोबर यात्रा
- देवीथान दर्शन

**आयात प्रतिस्थापन गर्न सकिने सेवाहरुः**

(क) चिकित्सा सेवा
(ख) शिक्षा सेवा
(१) काठमाडौंका ठूला शैक्षिक संस्थानहरुको सुदूरपश्चिम प्रदेशमा उपक्रमहरु स्थापना गर्ने,
(२) भारतको देहरादुनका स्कुलहरुको सुदूरपश्चिममा उपक्रमहरु स्थापना गर्ने

**अन्तर प्रदेश व्यापार गर्न सकिने सेवाहरु व्यापार**

**(क) थरगोत्र उत्पत्तिस्थल पर्यटन**
**(ख) धार्मिक पर्यटन**

- देवी थान
- मष्टोबण्डाली
- ऐतिहासिक स्थल
- पुरातात्कि महत्वका स्थलहरु
- मन्दिर, देवल, धारा, पाटीपौवा, दोभान, त्रिवेणी
- साँस्कृतिक जात्रा
- कुलदेवता देवी दर्शन

## सन्दर्भ सामाग्रीहरु


*Statistical Information on Nepalese Agriculture, 2073/74, 2074 BS, Ministry of Agriculture and Livestock, Kathmandu*

*Mineral Resources of Nepal, 2017, Department of Mines and Geology, Kathmandu*

*Annual household survey 2015/16, 2016, Central Bureau of Statistics, Kathmandu Nepal*

*Industrial Survey 2011/12, 2012, Central Bureau of Statistics, Kathmandu Nepal*

*Regional (Provincial) National Accounts, 2019, Central Bureau of Statistics, Kathmandu Nepal*


## Web site visited


*www. Trademap.org*

*www.macmap.org*

*www.wikipedia.com*

http://www.worldsrichestcountries.com/top_mango_importers.html )

http://www.forbesindia.com/article/work-in-progress/a-pilot-project-to-increase-ups-sugarcane-yields/36881/1

https://www.statista.com/statistics/740444/corn-yield-brazil/

https://www.mapsofindia.com/top-ten/india-crops/potato.html

www.faostat.com

www.cbs.gov.np